प्रदेश युवा परिषद्

# आ.व. २०७८/०७९ को
# प्रगति प्रतिवेदन र गरिएका कार्यहरुको दस्तावेज

बागमती प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश युवा परिषद्

वागमती प्रदेश, हेटौंडा

**संरक्षक**

रत्नप्रसाद ढकाल

माननीय युवा तथा खेलकुद मन्त्री

**सल्लाहकार**

सचिव श्री ध्रुव गैंडा

संयोजक

**कार्यकारी उपाध्यक्ष**

श्री सन्तोष चौलगाँई

**प्रगति प्रतिवेदन तयारी समिति**

रमेश घिमिरे

केदार प्रसाद मैनाली

सुजिता थिङ

**प्रकाशक**

## प्रदेश युवा परिषद्

बागमती प्रदेश, हेटौडा

फोन नं.: ०५७-५२०२०६

इमेलः pycbagamati@gmail.com | info.pyc@bagamati.gov.np

बागमती प्रदेश सरकार

# युवा तथा खेलकुद मन्त्रालय

हेटौंडा, नेपाल

मा. रत्न प्रसाद ढकाल

Hon.Ratna Prasad Dhakal
Minister



## शुभकामना मन्तव्य

संघीयता कार्यान्वयनसँगै जनस्तरसम्म छिटो छरितो सार्वजनिक सेवा प्रवाह गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले २०७८ साल देखि स्थापना गरेको प्रदेश युवा परिषद्, बागमती प्रदेशले आ.ब. २०७८/०७९ सम्म गरेका गतिविधिहरु, आ.ब. २०७८/०७९ को वार्षिक प्रगति विवरण र युवाका क्षेत्रमा गरेका कार्य विवरणहरुलाई समेटेर प्रदेश युवा परिषद्को आ.ब. २०७८।०७९ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेको खबरले अत्यन्तै हर्षित तुल्याएको छ।

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। "युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार लगायत क्षेत्रमा प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयन गर्दै आएका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उदेश्य सहित प्रदेशलाई समृद्ध बनाउन शिक्षालाई गुणस्तरिय, व्यवसायिक र रोजगारमुलक बनाउदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ। यो युवा विकासका लागी गरिनुपर्ने आधारभुत कार्य हो।" युवा उद्यमशिलता, सीप विकास र रोजगारी सृजना अर्को प्रमुख कार्य बनेको छ।

अन्त्यमा, प्रदेश युवा परिषद् बाट भए गरेका सम्पूर्ण काम कारबाहीलाई समेटेर संस्थागत गर्ने हेतुले प्रकाशन गर्न लागेको यस पुस्तकको निरन्तरताको अपेक्षा गर्दै बागमती प्रदेश सरकारले युवाका क्षेत्रमा गरेको कार्यहरुको जानकारी लिन इच्छुक महानुभावहरुलाई महत्वपूर्ण हुनेछ भन्ने विश्वासकासाथ हार्दिक शुभकामना व्यक्त गर्दछु।
मितिः २०७९।०८।१५

**मा. रत्नप्रसाद ढकाल**
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय,
बागमती प्रदेश।

सम्पर्क नम्बरः ९८५११११९३१
ईमेल ठेगानाः ratnadhakal7@gmail.com

बागमती प्रदेश सरकार
## युवा तथा खेलकुद मन्त्रालय
हेटौँडा, नेपाल



### शुभकामना मन्तव्य

प्रदेश युवा परिषद, हेटौँडा, मकवानपुरबाट, कार्यलयको स्थापना देखि आ.व. ०७८।०७९ मा सञ्चालन भएका कार्यक्रमहरुको विवरण तथा आ.व. ०७८।०७९ को वार्षिक प्रगति समेतलाई समेटेर प्रदेश युवा परिषद्, बागमतीले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ।

युवा शक्ति कुनै पनि प्रदेश र देशको, राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो। हरेक राजनैतिक परिवर्तनलाई संस्थागत गर्न र राष्ट्र निर्माणमा युवाहरुको महत्वपूर्ण भुमिका रहेको छ । त्यस कारण युवा जनशक्तिको संख्यात्मक र गुणात्मक विकासका लागी युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्ग, पर्यटन तथा रोजगार लगाएतका क्षेत्रमा प्रदेश युवा परिषदको महत्वपूर्ण भूमिका रहेको छ।

अन्तमा, परिषदको यो प्रयासबाट प्रदेश सरकारले युवा विकास, उद्यमशिलता र स्वरोजगारका क्षेत्रमा अतुलनिय योगदान रहनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।

ध्रुव गैंडा
प्रदेश सचिव

सम्पर्क नम्बरः ९८५५०७६६८८

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय

# प्रदेश युवा परिषद्

हेटौंडा, नेपाल



## शुभकामना मन्तव्य

युवा समाज परिवर्तन र देश विकासको मेरुदण्ड हो । युवा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको नायक हो । त्यसकारण युवा कुनै पनि प्रदेश र देशको परिवर्तनको संवाहक हो । युवा राष्ट्रिय विकासको स्रोत र साधन भएकोले युवालाई देश विकासको आधार तथा सुनौलो भविष्यकालागि ज्यादै महत्वका साथ हेरिन्छ । त्यसैले देशका युवालाई हरेक क्षेत्रमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्राविधिक, लगायतका सबै क्षेत्रमा नवीन परिवर्तन ल्याउने कार्यमा यस वर्गको अहम् भुमिका रहन्छ । त्यसैले राज्यले युवालाई समयसापेक्ष उद्यमशील र सिर्जनशील बनाई जिम्मेवार र सक्षम नागरिक बनाउन विशेष दायित्व वहन गर्नुपर्दछ ।

प्रदेश युवा परिषद्ले युवा विकास र परिचालनका लागि बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरि प्रदेश युवा नीति निर्माणको लागि दस्तावेज प्रस्ताव गर्दै, युवा लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विज्ञान तथा प्रविधि आजको आवश्यकता हो । आज विज्ञान र प्रविधिको विकासले विश्व नै एउटा सानो गाँउको रुपमा परिणत हुदै गर्दा हाम्रो परम्परागत सोँच, व्यवहार र प्रविधिले मात्र आजको पुस्ताले चाहेको आधुनिक र समृद्ध नेपाल संभव छैन । तसर्थ, यस्ता परिवर्तनहरुलाई मध्यनजर राख्दै प्रदेश युवा परिषदको अगुवाई र आयोजनामा युवाहरुलाई विज्ञान र प्रविधिको क्षेत्रमा खोज तथा अनुसन्धानमा जोडिन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।साथै युवा वर्गलाई देशभित्र नै रहेर उद्यमशीलता र सिर्जनशीलताको कार्यमा जोड्न र विज्ञान तथा प्रविधिको खोज तथा अनुसन्धान र विकासको लागि बागमती प्रदेश सरकार र नेपाल सरकारले लिनुपर्ने नीति तथा सञ्चालन गर्नुपर्ने कार्यक्रमको बारेमा सुझाव दिन प्रदेश युवा परिषद्, बागमती सदैव क्रियाशिल रहनेछ।

वास्तवमा यो प्रतिवेदन युवाका क्षेत्रमा लाग्नुभएका अनुसन्धानदाता र बागमती प्रदेश सरकारको लागि महत्वपूर्ण दस्तावेज बन्नेछ भन्ने आशा एवं विश्वास लिएका छौं यस प्रतिवेदन प्रकाशनको तयारीमा सहयोग गर्नुहुने प्रदेश युवा परिषद्का सदस्य तथा सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यो उत्साह, सकरात्मक एवं रचनात्मक सहयोगको अपेक्षा राखेको छु । धन्यवाद ।

सम्पर्क नम्बरः ९८५१०१३८९१

सन्तोष चौलागाँई
कार्यकारी उपाध्यक्ष

## प्रदेश युवा परिषद्का सदस्यहरु

| सि न. | नामथर | ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | राजु कुटु | भक्तपुर | ९८५११०६७४१ | razz2398@gmail.com |
| २ | दुर्गा प्रसाद काफ्ले | सिन्धुपाल्चोक | ९८५११९११०१ | samitkafle101@gmail.com |
| ३ | सब्बारानी महर्जन | काठमाडौँ | ९८४९२८०७७९ | sabbamaharjan03@gmail.com |
| ४ | सम्झना श्रेष्ठ | काठमाडौँ | ९८४३१७५६८२ | shamjhana2011@gmail.com |
| ५ | ज्योति काफ्ले | मकवानपुर | ९८४५७८१३४७ | auditofficehtd@gmail.com |
| ६ | सुरज थापा मगर | मकवानपुर | ९८४५२४३५७२ | dear.kiran1@gmail.com |
| ७ | अमृत तामाङ्ग | धादिङ | ९८५११३२६७८ | atwaiba@gmail.com |
| ८ | लनाम सिं तामाङ्ग | काभ्रेपलान्चोक | ९८५११५५८०५ | lanamdorje6@gmail.com |
| ९ | मैया पहारी | पनौति | ९८४३५३२१८५ | maiya14pahari@gmail.com |
| १० | दिल कुमार पाण्डे | काभ्रेपलान्चोक | ९८५१०८९२३१ | samir.dil.pandey@gmail.com |
| ११ | दिपेश सापकोटा | धादिङ | ९८५१०३०१६९ | dipshonsapkota194@gmail.com |

## बागमती प्रदेश युवा परिषद् अन्तर्गत रहेका जिल्ला युवा समितिका अध्यक्षहरु

| सि.नं. | नाम | जिल्ला | सम्पर्क नं |
|---|---|---|---|
| १ | सुमन पाख्रिन | मकवानपुर | ९८४५२२१९३३ |
| २ | रामचन्द्र लम्साल | चितवन | ९८५५०८२७५२ |
| ३ | सुनिता सिम्खडा | धादिङ | ९८४१०६३८८७ |
| ४ | उद्दव पनेरु | नुवाकोट | ९८६०१८९०९४ |
| ५ | अविनास तामाङ | रसुवा | ९८६०९१८६५५ |
| ६ | रुपा थापा मगर | काठमाडौँ | ९८४१४१८९५३ |
| ७ | जितेद्र महर्जन | ललितपुर | ९८५१२२१९२८ |
| ८ | सुवास कुमार कार्की | भक्तपुर | ९८५१०६२६१४ |
| ९ | प्रकाश थापा | काभ्रेपलान्चोक | ९८४१६६५०६९ |
| १० | बसन्त गुरुङ | सिन्धुपाल्चोक | ९८४१५१२०९१ |
| ११ | भरत कुमार श्रेष्ठ | दोलखा | ९८५११६१३९४ |
| १२ | तिलक थापा मगर | रामेछाप | ९८५१२४४९९७ |
| १३ | हेम बहादुर कार्की | सिन्धुली | ९८५४०३४०४९ |

# विषयसूची

## खण्डः एक

**परिचय** १

१.१ बागमती प्रदेशः परिचय १

१.२ प्रदेश युवा परिषद् , बागमती एक परिचय ३

१.३ प्रदेश युवा परिषद्ले गर्ने कार्यहरुः ५

## खण्डः दुई

**कार्यालयको स्थापनाकाल देखि आ.ब. २०७८।०७९ सम्म सम्पन्न भएका कार्यहरुको विवरण** ६

२.१ आ.ब. २०७७।०७८ मा भएका कार्यहरुः ६

२.२ आ.ब. २०७८।०७९ मा भएका मुख्य मुख्य कार्यहरुः ६–१९

## खण्डः तीन

**निर्माण गरिएका दस्तावेजहरु, ऐन,कानुन, निति, कार्यविधिहरु** २०–८८

# १.१ बागमती प्रदेश: परिचय

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. मध्ये २०,३०० वर्ग कि.मी. यस प्रदेशमा पर्दछ। पूर्वमा प्रदेश १, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणमा प्रदेश २ तथा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ। समुद्र सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यो प्रदेशमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाण्डौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) छन्। नापी विभागका अनुसार यो प्रदेश २६० ५५' उत्तरी अक्षांशदेखि २८० २३' उत्तरी अक्षांशसम्म र ८३० ५५' पूर्वी देशान्तरदेखि ८६० ३४' पूर्वी देशान्तरसम्म फैलिएको छ। प्रदेशका जिल्लाहरूको संक्षिप्त विवरण अनुसुची १.७ मा छ।

यस प्रदेशका १३ जिल्लामा ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन्। प्रदेशभित्र रहेका काठमाण्डौं, ललितपुर र भरतपुर तीन महानगरपालिकाहरू हुन् भने हेटौंडा एकमात्र उपमहानगरपालिका हो।

यस प्रदेशका गाउँपालिका र नगरपालिकाको सङ्ख्या नेपालको कुल गाउँपालिका र नगरपालिका सङ्ख्याको १५.८० प्रतिशत छ। काठमाडौ र भक्तपुर जिल्ला गाउँपालिका विहिन छन् भने रसुवा जिल्लामा नगरपालिका छैन। नेपालका गाउँपालिका र नगरपालिकाको कुल जनसङ्ख्या मध्ये यस प्रदेशको गाउँपालिका र नगरपालिकाको जनसङ्ख्याले २०.७४ प्रतिशत ओगटछ। काठमाडौका स्थानीय तहले कुल प्रदेशको स्थानीय तहका जनसङ्ख्याको ३१.२२ प्रतिशत ओगटछ। यसैगरी भूगोलमा सवभन्दा धेरै मकवानपुरको ११.७६ प्रतिशत छ।

देशको धरातलीय विविधता अनुसार यहाँको हावापानीमा पनि विविधता रहेको छ। समुन्द्र सतहदेखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि ७२२७ मिटर उचाईमा रहेको रसुवाको लाङटाङ हिमालसम्म फैलिएकोले यहाँ सबै प्रकारको हावापानी पाइन्छ।

यस प्रदेशमा हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ (काठमाडौ), बूढानीलकण्ठ (काठमाडौ), स्वयम्भूनाथ (काठमाडौ), चागुनारायण (भक्तपुर), गोसाइकुण्ड (रसुवा), कालिञ्चोक भगवती (दोलखा), भिमेश्वर (दोलखा), लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन्।

गाउँपालिका र नगरपालिका यस प्रदेशका १३ जिल्लामा ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन्। प्रदेशभित्र रहेका काठमाण्डौं, ललितपुर र भरतपुर तीन महानगरपालिकाहरू हुन् भने हेटौंडा एकमात्र उपमहानगरपालिका हो।

यस प्रदेशका गाउँपालिका र नगरपालिकाको सङ्ख्या नेपालको कुल गाउँपालिका र नगरपालिका सङ्ख्याको १५.८० प्रतिशत छ। काठमाडौ र भक्तपुर जिल्ला गाउँपालिका विहिन छन् भने रसुवा जिल्लामा नगरपालिका छैन। नेपालका गाउँपालिका र नगरपालिकाको कुल जनसङ्ख्या मध्ये यस प्रदेशको गाउँपालिका र नगरपालिकाको जनसङ्ख्याले २०.७४ प्रतिशत ओगटछ। काठमाडौका स्थानीय तहले कुल प्रदेशको स्थानीय तहका जनसङ्ख्याको ३१.२२ प्रतिशत ओगटछ। यसैगरी भूगोलमा सवभन्दा धेरै मकवानपुरको ११.७६ प्रतिशत छ।

## हावापानी

प्रदेशको धरातलीय विविधता अनुसार यहाँको हावापानीमा पनि विविधता रहेको छ । समुन्द्र सतहदेखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि ७२२७ मिटर उचाईमा रहेको रसुवाको लाङटाङ हिमालसम्म फैलिएकोले यहाँ सबै प्रकारको हावापानी पाइन्छ ।

## महत्वपूर्ण धार्मिक स्थानहरू

यस प्रदेशमा हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ (काठमाडौं), बूढानीलकण्ठ(काठमाडौं),स्वयम्भूनाथ(काठमाडौं), चागुनारायण (भक्तपुर), गोसाइकुण्ड (रसुवा), कालिञ्चोक भगवती (दोलखा), भिमेश्वर (दोलखा), लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन् ।

## प्रमुख ऐतिहासिक गढीहरू :

### मकवानपुर गढी

सेन राजाहरूले १९७ वर्षसम्म आफ्नो राजधानी बनाएको मकवानपुर गढी वि.सं. १६२२ मा लुवाङ सेनले बनाएको मानिन्छ। ऐतिहासिक, पुरातात्विक र सामरिक दृष्टिले पनि महत्पूर्ण रहेको यो गढी आजको मकवानुपर जिल्ला सदरमुकाम हेटौंडाबाट करीब १७ किलोमिटर उत्तर–पूर्वमा पर्छ । मकवानपुर जिल्लामा रहेको ऐतिहासिक तथा पर्यटकीय महत्वको स्थान हो ।

### सिन्धुलीगढी

सिन्धुली जिल्लामा रहेको सिन्धुलीगढी प्राकृतिक सुन्दरता एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थान मानिन्छ । काठमाडौंबाट करिब १ सय ५० किलोमिटर दक्षिणपूर्वमा ४ हजार ६ सय ४८ फिट उचाइमा रहेको यो क्षेत्र ऐतिहासिक रुपमा सुरक्षाको दृष्टकोणले महत्वपुर्ण मानिन्छ। सिन्धुलीगढी नेपाल(अंग्रेज युद्धको जीवित दस्तावेज हो । त्यस क्षेत्रमा निर्माण गरएिका अप्ठ्यारा खाल्डा, शत्रुलाई आक्रमण गर्न बनाइएका आड तथा दुर्गहरू अहिले अचम्मलाग्दा देखिन्छन् । यो क्षेत्र घुम्दा त्यसबेला नेपाली योद्धाले गर्ने युद्ध रणनीतिको अनुमान लगाउन सकिन्छ । सिन्धुलीगढी दरबारलाई पुनर्निर्माण गरी थप आकर्षक बनाइएको छ । यो दरबार हेरेपछि 'सिन्धुलीगढी घुमेर हेर्दा सुन्तली माई कति न राम्रो दरबार' गीतको सम्झना आउँछ ।

### रसुवागढी

नेपाल-चीन सीमानामा पर्ने रसुवागढी करिव डेढ शताब्दी पुरानो ऐतिहासिक गढी नेपाल चिनबीचमा रहेको महत्वपुर्ण सुरक्षा गढी मानिन्छ । नेपाल चीनबीचको व्यापारिक सम्बन्धलाई जोड्ने यस गढीको वि.सं १९१२ सालमा निर्माण भएको थियो ।

## प्रमुख ताल र कुण्डहरू

यो प्रदेश ताल, कुण्ड तथा सिमसारीय महत्त्व राख्ने प्रदेश हो।यस प्रदेशमा २० हजारीय ताल, गोसाईकुण्ड, च्छोरोल्पा हिमताल, जट पोखरी, पाँच पोखरी तथा बहुलाह पोखरीजस्ता महत्वपूर्ण सम्पदाहरू यहा रहेका छन ।

## प्रमुख हिमश्रृखला र हिमालहरू

यस प्रदेशमा रहेको लाङटाङ हिमश्रृंखला र गौरीशंकर हिमश्रृंखला गरी दुईवटा हिमश्रृंखला पर्यटनका दृष्टकोणले महत्वपुर्ण रहेका छन् । नेपालमा ५ हजार मिटर भन्दा माथिका हिमचुचुराको सङ्ख्या ४१४ वटा रहेकोमा यस प्रदेशमा ६१ वटा छन् । यस प्रदेशमा रहेको अग्लो चुचुरा लाङ्टाङ् लिरूङ् ७२२७ मिटर, लाङ्टाङ् र ७२०५ मिटर, गौरीशंकर ७१३५ मिटर उचाई रहेको छ ।

## प्रमुख नदीहरू

यस प्रदेशमा १० वटा उपजलाधार प्रणालीहरू र ३३ वटा मुख्य नदीहरू रहेका छन । यी मध्ये सबभन्दा लामो नदी सुनकोशी रहेको छ जसको लम्बाई १६०.१९ कि.मी. रहेको छ भने सबभन्दा छोटो नदी लालबकैया रहेको छ जस्को लम्बाई १.८९ कि.मी छ ।

## भू–उपयोगको अवस्था

यस प्रदेशको कुल जमिनको ५३.७ प्रतिशत (१०९००८५ हेक्टर) जमिन वनले र ७.५७ प्रतिशत (१५३७५९ हेक्टर) झाडी बुट्यानले गरी कुल ५९.२७ प्रतिशत (१२४३८४४ हेक्टर) जमिन बन क्षेत्रले ओगटेको छ भने २४.३४ प्रतिशत (४९४०८४ हेक्टर) जमिनमा खेती भएको देखिन्छ । सबैभन्दा थोरै जमिन ३०७ हेक्टर (०.०२ प्रतिशत) ताल पोखरीले ओगटेको देखिन्छ ।

## प्रमुख जातजाति तथा भाषाभाषी

जातिगत रूपमा यस प्रदेशमा मुख्यतः तामाङ (२०.४२ प्रतिशत), पहाडी ब्राह्मण (१८.२८ प्रतिशत), क्षेत्री (१७.२८ प्रतिशत) र नेवार (१६.९२ प्रतिशत) समुदाय रहेका छन् भने १०४ वटा जातिहरू (अन्य समेत) को उपस्थिति १ प्रतिशत भन्दा कम छ ।

# १.२ प्रदेश युवा परिषद्, बागमती: परिचय

युवा शक्ति कुनै पनि प्रदेश र देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समूह जनसङ्ख्याको सर्वाधिक सक्रिय, उर्जावान र गतिशिल समूह पनि हो । यो मानव संसाधन विकासको प्रमुख साधन हो । युवा राष्ट्रिय विकासका प्रमुख मानव स्रोत र साधन भएकोले यिनको विकास नभै देशको विकास असंभव छ । हरेक राजनैतिक परिवर्तनलाई संस्थागत गर्न र राष्ट्र निर्माणमा युवाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । युवा जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हासिल गरेको देखिन्छ । हरेक देशको विकास र प्रगतिमा युवाको योगदान नै प्रमुख हुने गरेको छ । यसबाट नेपाल युवा जनसाङ्ख्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्नसक्ने अवसरको अवस्थामा रहे पनि राजनीतिक सङ्क्रमणका कारण देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन । तथापि हालका केही वर्षमा युवा विकास, उद्यमशिलता र स्वरोजगारका क्षेत्रमा आशालाग्दा संकेतहरु देखा पर्न थालेका छन् । यो हामी सबैका लागि गर्वको विषय हो ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँछ । यो कूल जनसङ्ख्याको सर्वाधिक सक्रिय, उर्जावान् र गतिशील समूह हो । संसारका विभिन्न देशहरूको अनुभव हेर्दा पनि युवाको उमेर समूह फरक फरक पाइन्छ । संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । पछिल्लो पटक संयुक्त राष्ट्रसंघले समेत UNSCR २२५० का सन्दर्भमा युवाको उमेर समूहलाई १५-२९ को रुपमा आत्मसात गरेको सन्दर्भ पनि छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ भने त्यसैलाई आधार मानी प्रदेश युवा परिषद् ऐन २०७६ ले पनि १६ देखि ४० वर्षका उमेर समूहलाई परिभाषित गरेको छ ।

नेपालको संविधानले तिनतहको शासकीय स्वरूपको प्रबन्ध व्यवस्था गरेबमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा प्रदेशहरुको स्थापना भएको हो । नेपालमा रहेका सात प्रदेशमध्ये बागमती प्रदेश पनि एक हो । यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौं गरी १३ ओटा जिल्ला छन् भने तीन महानगरपलिका, एक उपमहानगरपालिका, ४१

नगरपालिका र ७४ गाउँपालिका गरी कुल ११९ स्थानीय तह रहेका छन्।

नेपाल संघीय संरचनामा परिणत भइ संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था भए पश्चात २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न भई प्रदेश सरकार गठन भएको हो । बागमती प्रदेश सरकार मातहत रहेका विभिन्न मन्त्रालय मध्ये युवा क्षेत्रमा कार्य सम्पादन गर्ने जिम्मेवारी समाजिक विकास मन्त्रालयमा रहे तापनि मिति २०७८/०८/१५ को निर्णयानुसार हाल युवा तथा खेलकुद मन्त्रालय बागमती प्रदेश अन्तरगत रहेको छ । यस परिषद्ले युवासम्बन्धी विषयहरुको प्रदेश स्तरीय नीति, कानून , योजना, निर्देशिका, कार्यविधि, मापदण्डहरुको निर्माण गरी कार्यान्वयन गरिरहेको छ।

प्रदेश युवा ऐन र नियमावली निर्माणसँगै युवा परिषद्को गठन गरी युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार लगायतका क्षेत्रमा प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयन गर्दै आएका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यले प्रदेश युवा परिषद् ऐन २०७६ जारी भई सो अनुसार प्रदेश युवा परिषद् स्थापना (गठन) भैसकेको छ । परिषद्को औपचारिक गठन पश्चात यसले सांगठानिक संरचना अनुसार कार्यालय र कर्मचारी व्यवस्थापन गरी आफ्नो कार्यारम्भ गरिसकेको छ । प्रदेश भित्रका विभिन्न निकायहरू, युवा विकाससँग सम्बन्धित संघसंस्थाहरू, अन्तरप्रदेश र अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई युवा विकासको लक्ष्यमा समन्वयात्मक रूपमा परिचालन गरी प्रदेश योजना निर्माण हुने प्रक्रिया रहेको छ । प्रदेशलाई समृद्ध बनाउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ । यो युवा विकासको लागि गरिनु पर्ने आधारभूत कार्य हो । युवा उद्यमशीलता, सिप विकास र रोजगारी सिर्जना अर्को प्रमुख कार्य हो । कृषि, पर्यटन, उर्जा, पूर्वाधार र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन् । त्यसैगरी सबल र स्वस्थ युवा निर्माणका लागि महत्वपूर्ण काम युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता हो । युवालाई कस्तो प्रणालीबाट हामी स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सक्छौं भन्ने कुरा महत्वपूर्ण हुन आउँछ।

बागमती प्रदेशका युवाको चाहना र आवश्यकता अनुसार २०७६ सालमा बागमती प्रदेश सभाले प्रदेश युवा परिषद् ऐन २०७६ बनाएको हो । सोही ऐनको दफा ३१ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले प्रदेश युवा परिषद् नियमावली २०७७ बनाएको छ । यसै ऐन र नियमावालीको आधारमा युवा हेर्ने मन्त्रालयमा मन्त्रालयले कार्यकारी उपाध्यक्षको नियुक्ति गरी प्रदेश युवा परिषद्को कार्यालय २०७८ सालमा स्थापना भई कार्य सञ्चालन गरिरहेको छ । जस अनुसार युवा हेर्ने मन्त्रालयले २०७८ असार ०१ गतेको दिन प्रदेश युवा परिषद् २०७६ को परिच्छेद -३ को दफा ५ अनुसार परिषद्को गठन तथा असार १३ गतेबाट कार्यालय प्रमुख खटाई विधिवत रुपमा प्रदेश युवा परिषद्को कार्यलय २०७८।०४।२८ गतेका दिन कार्यालय उद्घाटन भै सकेको छ । अब आगामि दिनमा यस बागमती प्रदेश भित्रका युवाहरुको सर्वाङ्गिण विकासका लागि कार्यक्रमहरु यसै कार्यालयबाट संचालन हुनेछन्।

युवा परिचालन, सहभागिता र नेतृत्व विकासविना कुनै पनि समाज र प्रदेशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवाको भूमिका मार्फत समाज र देशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सकिन्छ । यी आधारस्तम्भहरुलाई प्रभावकारी ढङ्गले लागू गर्न प्रदेश युवा परिषद् प्रतिवद्ध र प्रयासरत छ।

## दूरदृष्टि

प्रदेशभित्रका युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै प्रदेश, राज्य र अन्तर्राष्ट्रिय क्षेत्रमा सार्थक

सहभागिता सुनिश्चित गरी प्रदेशलाई आधुनिक, न्यायपूर्ण र समृद्ध प्रदेश बनाउने।

**दीर्घकालीन लक्ष्य**

- युवाको नेतृत्व तथा क्षमता विकास
- उद्यमशिलताको विकास र स्वरोजगार
- युवाको पहुँच र सहभागिताको सुनिश्चितता
- समृद्ध प्रदेश निर्माण

**मान्यता**

- स्वस्थ,कर्मठ र उद्यमी युवा
- अधिकार र कर्तव्य प्रति सचेत युवा
- समावेशी र सशक्त युवा
- नेतृत्वदायी र स्वाबलम्बी युवा

**उदेश्य**

- प्रदेश निर्माण एवम् प्रदेश विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी प्रदेशको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,
- युवाका आधारभूत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर प्रदेशका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई प्रदेश विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने
- प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी प्रदेश विकासको मूल प्रवाहमा ल्याउने।

## १.३ प्रदेश युवा परिषद्ले गर्ने कार्यहरु:

प्रदेश युवा परिषद् ऐन, २०७६ ले युवा परिषद्का कार्यहरु निम्नानुसार उल्लेख गरेको छ।

क. युवा सम्बन्धी दीर्घकालिन नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

ख. प्रदेश सरकारवाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्ने।

ग. सीप मनोरञ्जन स्वयंसेवा नेतृत्व विकास उद्यमशीलता रोजगार विज्ञान सूचना तथा प्रविधि दीगो विकास र वातावरण संरक्षण जस्ता क्षेत्रमा युवा प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्ने।

घ. परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ संस्थाहरले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने।

ङ. परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

च. युवा विकास सशक्तीकरण एवं मुल प्रवाहीकरण सम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाव दिने।

छ. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने।

ज. युवालाई प्रदेशको सर्वाङ्गिण विकसमा केन्द्रीत भइ अघि बढन उत्प्रेरित गर्ने ।

झ. युवाका क्षेत्रमा संघ र स्थानिय तहसँग समन्वय सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने।

ञ. युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने।

ट. प्रदेश संग्राहलय तर प्लानेटोरियम जस्ता कार्यक्रमवाट वैज्ञिनिक अन्वेषण कार्यलाई प्रोत्साहनन गर्ने।

ठ. विषद् व्यवस्थापनमा युवा शक्ति परिचालन गर्ने।

ड. स्वदेश तथा विदेशको कार्य अनुभववाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने।

ढ. तोकिए बमोजिमका अन्य कार्य गर्ने।

# खण्ड दुई

# कार्यालयको स्थापना काल देखि आ.ब. २०७८।०७९ सम्म सम्पन्न भएका कार्यहरुको विवरण:

## २.१ आ.ब. २०७७।०७८ मा भएका कार्यहरु:

आ.ब. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तथा सामाजिक विकास मन्त्रालयले २०७८।०३।०१ का दिन कार्यकारी उपाध्यक्ष श्री सन्तोष चौलागाईलाई नियुक्त गरे पश्चात मिति २०७८।०३।०१३ गतेका दिन सामाजिक विकास मन्त्रालयले नि. कार्यालय प्रमुख रमेश घिमिरेलाई खटाई विधिवत रुपमा कार्यालय स्थापना गर्ने वाटो खोलेको हो। यस पश्चात यस आ.ब.मा कार्यालयको व्यवस्थापन (फर्निचर तथा कार्यलय संचालनमा आवश्क पर्ने इलोक्ट्रनिक सामग्री ) गर्ने कार्य वहायक कुनै अन्य कार्यहरु गर्ने समय उपल्ब्ध भएन। यस आ.ब.मा पुजीगत खर्चमा कार्यालय व्यवस्थापनका लागि रु ३०००००।०० को खर्च तथा कार्यालयको लागि एक चार पाङ्ग्रे सवारी साधन खरिद गरियो। तथा मासिक रु ६५०००।०० तिर्ने गरी घरभाडामा लिइ कार्यालय संचालनको व्यवस्था मिलाइयो। अन्य उपलब्धी मुलक कार्यहरु यस आ.ब.मा हुन सकेनन्।

## २.२ आ.ब. २०७८।०७९ मा भएका कार्यहरु:

यस आ.ब.मा यस परिषद्को लागि कुल बजेट पाँच करोड तेइस लाख पैंसठ्ठी हजार विनियोजित भएको थियो। जस मध्ये कार्यक्रम संचालन खर्च ४२५००००००।०० ( अक्षेरुपी चार करोड पच्चिस लाख ) विनियोजित थियो। जसवाट निम्नानुसारका कार्यक्रमहरु संचालन भएका थिए।

१. **सप्ताहव्यापी अन्तराष्ट्रिय युवा दिवस मनाइएको।** अगष्ट १२ का दिन तदनुसार भाद्र २८का दिन पर्ने अन्तराष्ट्रिय युवा दिवसलाई प्रदेश युवा परिषद् बागमतीले आफ्नो विशेष पर्वको रुपमा लिइ यसलाई सप्ताह व्यापी रुपमा कार्यक्रम संचालन गर्ने निर्णय गर्यो। युवासँग सरोकार राख्ने संघ संस्था तथा सरोकारवालाहरुसँग बैठक बसी कसरी कार्यक्रम संचालन गर्दा प्रभावकारी हुन सक्दछ भन्ने छलफल पश्चात निम्न कार्यक्रमहरु निम्न मितिमा संचालन गर्ने निर्णय गरी प्रभावकारी रुपमा कार्यक्रम सम्पनन गरियो।कार्यक्रमहरु निम्नानुसार गरिएको थियो।

१. कार्यालय उद्घाटन २०७८।०४ ।२८ गते माननीय मुख्य मन्त्री श्री डोरमणी पौडेलवाट गरिएको।
२. दौड प्रतियोगिता संचालन गरिएको।
३. लेडी जेसिस हेटौडाको समन्वयमा वक्तृत्वकला प्रतियोगिता संचालन गरिएको
४. अन्तरक्रिया कार्यक्रम।
५. पत्रकार संमेलन।
६. रक्तदान कार्यक्रम
७. शैक्षिक सुधार सम्बन्धी कार्यपत्र पेश

## ३. प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माण गरी सार्वजनिक गरिएको।

प्रदेश युवा परिषद् ऐन २०७६ तथा प्रदेश युवा परिषद् नियमावली २०७७ को भावना अनुरुप प्रदेश युवा परिषद् आफैमा एक अविच्छन्न उत्तराधिकारवाला एक स्वशासित तथा संगठित संस्था हुनेछ तथा यस ऐनको दफा ४ को उपदफा २ मा परिषद्को आफ्नै छुट्टै छाप हुनेछ उल्लेख भएकोले यस परिषद्ले आफ्नो लोगो तथा स्लोगान

निर्माणको स्वीकृत कार्यक्रम अनुसार खुल्ला प्रतिशपर्धा गराइ लोगो र स्लोगान छनौट गर्यो ।

**प्रदेश युवा परिषद्, बागमती**
**PROVINCE YOUTH COUNCIL, BAGAMATI**

स्वीकृत लोगो माथि उल्लेखित रहेको छ । यस लोगोका निर्माता मकवानपुर जिल्ला हेटौडा उपमहानगरपालिका वडा नं. ११ निवासी श्री निश्चल पराजुलीले निर्माण गर्नु भएको हो । जसलाई पुरस्कार स्वरुप रु ५००००।०० (अक्षेरुपी रु पचास हजार ) दिइएको छ । र सर्वाधिकार यस प्रदेश युवा परिषद्सँग सुरक्षित छ । त्यसै गरी स्लोगान तर्फ निम्नानुसारको स्लोगान छनौट गरियो ।

"सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तीकरण"

यस स्लोगानका रचयिता मकवानपुर निवासी लेखक श्री केशब सुवेदी समर्पण हुनुहुन्छ । यस स्लोगान छनौट भए वापत पुरस्कार स्वरुप रु ३००००।०० (रु तीस हजार) प्राप्त गर्नु भएको छ ।

यस लोगो तथा स्लोगान छनौटमा निम्नानुसारका महानुभावहरुको अमुल्य योगदान तथा विशेषज्ञता प्रयोग भएकोछ । निम्नः

१. सहप्राध्यापक तथा क्याम्पस चिफ डा. शंकरप्रसाद उपाध्याय, मकवानपुर क्याम्पस मकवानपुर
२. उपप्राध्यापक श्री निमेश निखिल (खिलप्रसाद) मकवानपुर क्याम्पस मकवानपुर
३. पत्रकार श्री गिरिजा अधिकारी मकवानपुर
४. अधिवक्ता ऋषि के.बी. मकवानपुर बार एसोसिएसन अध्यक्ष
५. डिजाइनर श्री प्रकाश थापा, प्रकाश आर्टस चितवन
६. कार्यकारी सदस्य श्री केदार आचार्य प्रदेश युवा परिषद्
७. कार्यकारी सदस्य श्री इच्छा कुमारी राउत प्रदेश युवा परिषद्
८. प्रा.स. उपेन्द्र राई तथा सहलेखापाल वावुराम वाइवा, प्रदेश युवा परिषद् कर्मचारीहरु ।

## ४. हरेक जिल्लामा २० जनाका दरले युवा स्वयंसेवक निर्माण गरी तालिम सामग्री वितरण गरिएको ।

प्रदेश युवा परिषद् ले बागमती प्रदेशका १३ जिल्लामा स्वीकृत कार्यक्रम अनुसार नै प्रदेश स्वयंसेवक तयार गरी कार्यछेत्रमा कार्यमा लगाइएको छ । नेपाल स्काउटका प्रतिनिधि, पत्रकार, रेडक्रस तथा अन्य क्षेत्रका युवा सम्मिलित २०/ २० जनाका दरले स्वयंसेवक निर्माण गरि बन्दोवस्तीका सामाग्री ट्र्याकसुट वितरण गरिएको छ । र उनीहरुवाट विपद व्यवस्थापनका कार्यहरु संचालन गरिएको छ ।

## ६. महिला आत्मरक्षा तालिम २ जिल्लामा संचालन गरिएको ।

महिलाहरुमा हुने हिंसा न्युनिकरणका लागि किशोरी समुहका महिलाहरुलाई तालिम दिनुपर्ने आवश्यकता महशुस गरी यस परिषद्ले परिक्षणको रुपमा २ जिल्लामा उक्त तालिम संचालन गर्ने स्वीकृत वार्षिक कार्यक्रम अनुसार चितवन जिल्लाको राप्ति नपामा तथा मकवानपुर जिल्लाको सदरमुकाम हेटौडामा यस कार्यक्रम संचालन गरियो । जस अनुसार निम्न किशोरी हरु यस कार्यक्रमवाट लाभन्वित भएका छन् ।

## मकवानपुरमा सहभागीहरुको नामावली

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भगवती अधिकारी | सेल्फ डिफेन्स एसोसिएसन नेपाल, काठमाडौं | | मुख्य प्रशिक्षक |
| २. | श्री राधिका ऐर हमाल | " " " " | | मुख्य प्रशिक्षक |
| ३ | श्री शिवहरि दाहाल | अध्यक्ष, जिल्ला युवा समिति मकवानपुर | | कार्यक्रम संयोजक |
| ४ | श्री अनिता पुलामी | बागमती गापा ८ मकवानपुर | ९८४५६२७२८९ | सहभागी |
| ५ | श्री आस्मिवा राई | बकैया गापा ३ मकवानपुर | ९८४५७०४३४८ | सहभागी |
| ६ | श्री इन्द्रमाया रुम्वा | इन्द्रसरोवर गापा ४ मकवानपुर | ९८६१६८७२२४ | सहभागी |
| ७ | श्री सलिना धिसिङ | भिमफेदी गापा ६ मकवानपुर | ९८१२३०७०७६ | सहभागी |
| ८ | श्री सुविना श्रेष्ठ | भिमफेदी गापा ६ मकवानपुर | ९८११८४७१८५ | सहभागी |
| ९ | श्री शोभा सापकोटा | हेटौडा उमानपा १२ मकवानपुर | ९८६५५१४३२८ | सहभागी |
| १० | श्री सुजता भुजेल | मनहरी गापा ९ मकवानपुर | ९८४१४९३१३३ | सहभागी |
| ११ | श्री चाँदनी स्याङतान | कैलाश गापा ९ नामटार | ९७४८४७१५०२ | सहभागी |
| १२ | श्री तारा थिङ | कैलाश ९ नामटार मकवानपुर | ९८६५१०२३४१ | सहभागी |
| १३ | श्री गुरास राई | मनहरी ६ मकवानपुर | ९८४५४५७६१२ | सहभागी |
| १४ | श्री सविना ओली | मनहरी ३ मकवानपुर | ९८६५५०२२८३ | सहभागी |
| १५ | श्री सुमित्रा घिमिरे | राक्सिराङ ९ मकवानपुर | ९८४३१२५७४५ | सहभागी |
| १६ | श्री रिता सुवेदी | इन्द्रसरोवर ३ मकवानपुर | ९८४०८४९५४५ | सहभागी |
| १७ | श्री एलिना खड्का | हेटौडा १८ मकवानपुर | ९८०४२३४२३३ | सहभागी |
| १८ | श्री अविशा थिङ | बागमती १ मकवानपुर | ९८४५६३९४५५ | सहभागी |
| १९ | श्री सुरक्षा गौतम | बसामाडी हेउमानपा ३ मकवानपुर | ९८४५३६७४४१ | सहभागी |
| २० | श्री सुजना अधिकारी | मकवानपुरगढी गापा ३ मक्रान्चुली | ९८२६२०४३२४ | सहभागी |
| २१ | श्री बुद्धीमाया भोम्जन | मकवानपुरगढी गापा २ हेटौडा | ९८४५६८५३२२ | सहभागी |
| २२ | श्री समिक्षा कार्की | थाहा नपा ३ पालुङ मकवानपुर | ९८०७१२५३८६ | सहभागी |
| २३ | श्री अनिता कार्की | थाहा ३ पालुङ मकवानपुर | ९८६६४२८३९९ | सहभागी |
| २४ | श्री राममाया अर्याल | राक्सिराङ ९ खैराङ मकवानपुर | ९८४२६१६०९० | सहभागी |
| २५ | श्री सन्तोषी पुडासैनी | भिमफेदी गापा ५ मकवानपुर | ९८६६३८२२२९ | सहभागी |
| २६ | श्री मन्जु बजु | बकैया गापा ७ मकवानपुर | ९८४५६८७८३८ | सहभागी |

## चितवनको राप्तीमा सहभागीहरुको नामावली

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राधिका ऐर हमाल | सेल्फ डिफेन्स एसोसिएसन नेपाल, काठमाडौं | | मुख्य प्रशिक्षक |
| २. | श्री डिलु नेपाल | " " " " | ९८४५११४३४० | सहायक प्रशिक्षक |
| ३ | श्री खुसमाया काउछा | अध्यक्ष, जिल्ला युवा समिति मकवानपुर | ९८२५२०१३३६ | कार्यक्रम संयोजक |
| ४ | श्री ग्रेस तामाङ | राप्ती न.पा. -१, चितवन | ९८०७२२६६२६ | सहभागी |
| ५ | श्री सुप्रिया न्यौपाने | राप्ती न.पा. -८, चितवन | ९८६४५०३४०४ | सहभागी |
| ६ | श्री संगिता अर्याल | राप्ती न.पा. -७, चितवन | ९८६५००७४३५ | सहभागी |
| ७ | श्री प्रतिक्षा कँडेल | राप्ती न.पा. -८, चितवन | ९८६५५११७३५ | सहभागी |
| ८ | श्री अनिसा तिमल्सिना | राप्ती न.पा. -७, चितवन | ९८४३१३८६५३ | सहभागी |
| ९ | श्री बेनिसा थिङ | राप्ती न.पा. -४, चितवन | ९८४५०६८२३४ | सहभागी |
| १० | श्री अञ्जली थिङ | राप्ती न.पा. -४, चितवन | ९८२४२२५२९६ | सहभागी |
| ११ | श्री विशाखा लामा | राप्ती न.पा. -४, चितवन | ९८०९२४३८०१ | सहभागी |
| १२ | श्री रितु सुवेदी | राप्ती न.पा. -६, चितवन | ९८४५२०७०६४ | सहभागी |
| १३ | श्री युसिका थापा | राप्ती न.पा. -६, चितवन | ९८४५१५६६५५ | सहभागी |
| १४ | श्री ज्योति लटौला | राप्ती न.पा. -५, चितवन | ९८४४२०५७३६ | सहभागी |
| १५ | श्री रक्षा उप्रेती | राप्ती न.पा. -३, चितवन | ९८४५७३४३३८ | सहभागी |
| १६ | श्री रोजना नेपाल | राप्ती न.पा. -८, चितवन | ९८४५०१८२५२ | सहभागी |
| १७ | श्री सुविना खरेल | राप्ती न.पा. -२, चितवन | ९८११९५५१७४ | सहभागी |
| १८ | श्री शिक्षा सेडाइ | राप्ती न.पा. -४, चितवन | ९८६५२३७८७३ | सहभागी |
| १९ | श्री प्रतिमा कोइराला | राप्ती न.पा. -४, चितवन | ९७४९७१४१०० | सहभागी |
| २० | श्री ब्रम्ही ओली | राप्ती न.पा. -४, चितवन | ९८४४२३२४४४ | सहभागी |
| २१ | श्री सम्बृद्धी तिमल्सेना | राप्ती न.पा. -४, चितवन | ९८४०१९०४१६ | सहभागी |
| २२ | श्री दिपिका त्रिपाठी | राप्ती न.पा. -५, चितवन | ९८०६८८५५७५ | सहभागी |
| २३ | श्री अमृता घिमिरे | राप्ती न.पा. -७, चितवन | ९८६९८८५९१२ | सहभागी |

## ५. ८० जनालाई पूर्ण रोजगार सहितको लेभल १ तालिम प्रदान गरिएको।

(क) बनेपा, काभ्रेपलाञ्चोकमा संचालित इलेक्ट्रिसियन तालिमका २० जना सहभागीहरुको नामावली: तालिम प्रदायक संस्था अक्सफोर्ड एडभान्स इन्जिनियरिङ कलेज काठमाडौ।

| सि.नं. | सहभागीको नाम थर | उमेर समुह | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री तोमबहादुर कार्की | ३७ | ९८१९९८२४९१ | सहभागी |
| २. | श्री उत्सव भट्टराई | १७ | ९८६०१०८७९४ | सहभागी |
| ३ | श्री बासुदेव भुजेल | ३३ | ९८५१२६६९६७ | सहभागी |
| ४ | श्री रामसुन्दर के.सी. | ३३ | ९८४९३१८४९२ | सहभागी |
| ५ | श्री नवराज राय | ३५ | ९८६१६९७४४५ | सहभागी |
| ६ | श्री प्रज्वल भुजेल | २१ | ९८४९९२२९१० | सहभागी |
| ७ | श्री कृष्ण बहादुर पौडेल | ३५ | ९८४९७०८९९० | सहभागी |
| ८ | श्री गायत्र कुमार साथ मगर | ३७ | ९८४६१६४८९१ | सहभागी |
| ९ | श्री सम्भुकुमार वर्तौला | ३२ | ९८६६१९०९८६ | सहभागी |
| १० | श्री रोशन मिजार | १८ | ९८०३२०२३८८ | सहभागी |
| ११ | श्री गोरख बहादुर थापा मगर | ३० | ९८६०६५५९०४ | सहभागी |
| १२ | श्री प्रह्लाद खत्री | ३३ | ९८४११०५१५६ | सहभागी |
| १३ | श्री चक्र बहादुर बलायर | ३० | ९८४४७७९००८ | सहभागी |
| १४ | श्री रामकुमार घिमिरे | २८ | ९८४९१७९४१४ | सहभागी |
| १५ | श्री कृष्ण ठाकुर | २१ | ९८१८७६६०५० | सहभागी |
| १६ | श्री रत्न सुन्दर हुस्याकी | ३२ | ९८४११११३७९ | सहभागी |
| १७ | श्री सुदिप घिमिरे | २० | ९८४७३८३३०१ | सहभागी |
| १८ | श्री आयुस तोलाङ्गे | २४ | ९८०८१४१४९३ | सहभागी |
| १९ | श्री रुविन भुजेल | १८ | ९७४२४२३९९७ | सहभागी |
| २० | श्री सुभ कुमार श्रेष्ठ | २० | ९८६४६८६५२० | सहभागी |

(ख) माडी नपा, चितवनमा संचालित पल्मबर तालिमका २० जना सहभागीहरुको नामावली (तालिम प्रदायक संस्था: अक्सफोर्ड एडभान्स इन्जिनियरिङ कलेज काठमाडौँ)

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सुरज तिवारी | माडी ५ चितवन | ९८६५१५३९०८ | सहभागी |
| २ | विजय पराजुली | माडी ३ चितवन | ९८४५९२४३६३ | सहभागी |
| ३ | मुन्ना कुमार साह | माडी ३ चितवन | ९८६५२३२४२९ | सहभागी |
| ४ | राजु सारु मगर | माडी ३ चितवन | ९८६५२४२८८७ | सहभागी |

| | | | | |
|---|---|---|---|---|
| ५ | राहुल साह | माडी ३ चितवन | ९८२९२९४९३३ | सहभागी |
| ६ | सुमन आचार्य | माडी ७ चितवन | ९८१९२४८३४७ | सहभागी |
| ७ | प्रदिप महतो | माडी ३ चितवन | ९८२६२०२७१० | सहभागी |
| ८ | विनोद क्षेत्री | माडी ५ चितवन | ९७४२९३५७३८ | सहभागी |
| ९ | शालिकराम भट्टराई | माडी ५ चितवन | ९८६५१७२३१० | सहभागी |
| १० | विशाल न्यौपाने | माडी ५ चितवन | ९८२२१४८३६ | सहभागी |
| ११ | जोन दराई | भरतपुर १२ चितवन | ९८४५३६३०६८ | सहभागी |
| १२ | अजय पौडेल | माडी ४ चितवन | ९८४२४८९८८० | सहभागी |
| १३ | धिरज साह | माडी ३ चितवन | ९८४७२३६८७७ | सहभागी |
| १४ | सरोज लामिछाने | माडी ३ चितवन | ९८४५६३०१२७ | सहभागी |
| १५ | विजय चापागाई | माडी ५ चितवन | ९८४५६७४९२६ | सहभागी |
| १६ | अमृत आचार्य | माडी ३ चितवन | ९८६५१७१५८४ | सहभागी |
| १७ | सिमान्त चौधरी | माडी चितवन | ९८४०८२०८४४ | सहभागी |
| १८ | सन्देश पौडेल | माडी ३ चितवन | ९८४५६३२९०१ | सहभागी |
| १९ | लिला बल्लभ भुर्तेल | माडी ५ चितवन | ९८४५२४६९२४ | सहभागी |
| २० | सुमन पन्त | माडी ६ चितवन | ९८४६९५२८८८ | सहभागी |

(ग) काभ्रेपलाञ्चोक जिल्लामा संचालित ब्युटिसियन तालिम पुर्ण रोजगारका २० जना सहभागीहरुको नामावली (तालिम प्रदायक संस्था: कान्तिपुर बहुप्राविधिक शिक्षालय भरतपुर चितवन)

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ज्वाला श्रेष्ठ | मेलम्ची २ सिन्धुपाल्चोक | ९८६०४६४१६९ | सहभागी |
| २ | अनिशा तोलाङ्गे | धुलिखेल ४ काभ्रे | ९८१३३९३३१९ | सहभागी |
| ३ | सोनिया वाइवा तामाङ | धुलिखेल ३ काभ्रे | ९८२८९६७९६३ | सहभागी |
| ४ | स्रद्धा तिमल्सिना | बनेपा ९ काभ्रे | ९८२३३३४९०२ | सहभागी |
| ५ | बिमला भोल्न | खानिखोला १ काभ्रे | ९८४१७७८२६८ | सहभागी |
| ६ | गुल्सा थापा | पनौती ३ काभ्रे | ९७४२५१८२०१ | सहभागी |
| ७ | अस्मिता सुवाल | धुलिखेल ६ काभ्रे | ९८४१८२५७६० | सहभागी |
| ८ | प्रसंसा बराल | गोसेगाउँ १ सिन्धुपाल्चोक | ९८४५८७५५०१ | सहभागी |
| ९ | समिरा श्रेष्ठ | नमोबुद्ध ९ काभ्रे | ९८२३२३५१५१ | सहभागी |
| १० | मन्जु तामाङ | नमोबुद्ध ११ काभ्रे | ९८६३६०३५९४ | सहभागी |
| ११ | रुविना परितर खड्की | धुलिखेल ६ काभ्रे | ९८१३००४४०५ | सहभागी |
| १२ | देउती भुजेल | पाङ्ग्रेटार १ सिन्धुपाल्चोक | ९८०४८६७६९८ | सहभागी |
| १३ | रिना देवि यादव | झिट्कैया २ बारा | ९८४८७४७७४५ | सहभागी |

| | | | | |
|---|---|---|---|---|
| १४ | सिता नेपाली | बासगडी १ बर्दिया | ९८४९३७७४६९ | सहभागी |
| १५ | लक्ष्मी कुमारी दर्जि | ददवार ६ वर्दिया | ९८०८२०६६५० | सहभागी |
| १६ | रुपा सापकोटा | पाँचखाल २ काभ्रे | ९८६१३८५४९२ | सहभागी |
| १७ | निरमाया घलान | खैराङ ९ मकवानपुर | ९८२३४८४४३३ | सहभागी |
| १८ | सोनियावल तामाङ | रोसि ११ काभ्रे | ९८०३९७९६४८ | सहभागी |
| १९ | नैन शोभा श्रेष्ठ | धुलिखेल ६ काभ्रे | ९८११८८७५८१ | सहभागी |
| २० | सम्झना नेपाली | तुल्सिपुर ४ दाङ | ९८४५०७५८४६ | सहभागी |

(घ) चितवन जिल्लामा संचालित व्युटिसियन तालिम पुर्ण रोजगारका २१ जना सहभागीहरुको नामावली (तालिम प्रदायक संस्थाः कान्तिपुर बहुप्राविधिक शिक्षालय भरतपुर चितवन)

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सबिना तामाङ | भरतपुर ११ चितवन | ९८६५४२३८२३ | सहभागी |
| २ | अस्मिता परियार | भरतपुर ९ चितवन | ९८०७१४२४४३ | सहभागी |
| ३ | भावना बसेल | भरतपुर १० चितवन | ९८२७२८२३०९ | सहभागी |
| ४ | रक्षा सुवेदी | भरतपुर १२ चितवन | ९८४५४४८०७० | सहभागी |
| ५ | अन्जना थापा | भरतपुर ७ चितवन | ९८०३२१५९३६ | सहभागी |
| ६ | सिता काजी | भरतपुर ९ चितवन | ९८४५१७९१६९ | सहभागी |
| ७ | ससि मगर | भरतपुर ९ चितवन | ९८२७२५४२०७ | सहभागी |
| ८ | सोनिया कुँवर | भरतपुर ७ चितवन | ९८६९२३८३६६ | सहभागी |
| ९ | अप्सरा कुमारी पौडेल | भरतपुर ९ चितवन | ९८६९०५९३९९ | सहभागी |
| १० | मेनुका लामिछाने | भरतपुर ९ चितवन | ९८६४१२७००७ | सहभागी |
| ११ | मनिशा त्रिखत्री | भरतपुर ९ चितवन | ९८१७२१५२८३ | सहभागी |
| १२ | जानकी पुलामी | भरतपुर ८ चितवन | ९८६४५०२९०८ | सहभागी |
| १३ | नम्रता राना | भरतपुर ८ चितवन | ९८०७२६५६७० | सहभागी |
| १४ | सन्तोषि कडेल | भरतपुर ७ चितवन | ९८६७५४०५०५ | सहभागी |
| १५ | निरा अधिकारी चापागाई | भरतपुर ७ चितवन | ९८४५१४७७०३ | सहभागी |
| १६ | जयन्ती थापा | भरतपुर ६ चितवन | ९८११८३६०८५ | सहभागी |
| १७ | सिर्जना भुर्तेल | खैरहनी ६ चितवन | ९८६५४३०८२८ | सहभागी |
| १८ | प्रतिक्षा गुरुङ | भरतपुर ९ चितवन | ९८६५४८२९७१ | सहभागी |
| १९ | संगिता थापा | भरतपुर ९ चितवन | ९८०६५७८४०९ | सहभागी |
| २० | शर्मिला पाखिन | भरतपुर ९चितवन | ९८२९२९१४३८ | सहभागी |
| २१ | रिता पाठक | भरतपुर ७ चितवन | ९८४५०५२८६८ | सहभागी |

## ६. ४० जनालाई ३९० घण्टे लेभल १ तालिम प्रदान गरिएको।

(क) काभ्रेपलाञ्चोक को धुलिखेलमा संचालित इलेक्ट्रिसियन तालिमका २० जना सहभागीहरुको नामावली: तालिम प्रदायक संस्था अक्सफोर्ड एडभान्स इन्जिनियरिङ कलेज काठमाडौं

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १. | निशा विष्ट | हेटौडा १३ मकवानपुर | ९८४४२६२१४४ | सहभागी |
| २. | दयासागर श्रेष्ठ | धुलिखेल ४ काभ्रे | ९८१८८६७०५३ | सहभागी |
| ३ | जयराम तामाङ | धुलिखेल ६ काभ्रे | ९८०६७१५७९० | सहभागी |
| ४ | इन्द्रबहादुर खड्का | जनकपुर २ सर्लाही | ९८०६६२६९६१ | सहभागी |
| ५ | पूर्ण चन्द्र राई | बाला २ संखुवासभा | ९८४३९९३४०५ | सहभागी |
| ६ | समिर गनेजु | धुलिखेल ७ काभ्रे | ९८२९१५२९२२ | सहभागी |
| ७ | पोष्टबहादुर तामाङ | धुलिखेल ३ काभ्रे | ९८४६७४६०४७ | सहभागी |
| ८ | राजन तामाङ | धुलिखेल ३ काभ्रे | ९८२९११०७०८ | सहभागी |
| ९ | कृषल खड्की | धुलिखेल ६ काभ्रे | ९८१६१६५६२२ | सहभागी |
| १० | श्याम तामाङ | धुलिखेल ६ काभ्रे | ९८१९१०७०८८ | सहभागी |
| ११ | विजयन्ता नापित | धुलिखेल २ काभ्रे | ९८०५८१४१४५ | सहभागी |
| १२ | विनोद विष्ट | कुलेखानी ४ मकवानपुर | ९८१७१०२३०३ | सहभागी |
| १३ | सचिन खड्की | धुलिखेल ५ काभ्रे | ९८४६२१६२२४ | सहभागी |
| १४ | कमल खरेल | काभ्रेपलाञ्चोक ५ काभ्रे | ९८२६१५४५५८ | सहभागी |
| १५ | यस कुमार बखाजु | धुलिखेल ३ काभ्रे | ९८२७१२२४४६ | सहभागी |
| १६ | असोक श्रेष्ट तुसुजु | धुलिखेल ३ काभ्रे | ९८२५११८६०८ | सहभागी |
| १७ | सन्जय तामाङ | धुलिखेल ६ काभ्रे | ९८२४१९५७७१ | सहभागी |
| १८ | राजु लामा | धुलिखेल ११ काभ्रे | ९८२४१५७४१९ | सहभागी |
| १९ | सन्जोग लामा | रोसी ९ काभ्रे | ९८१९१७९२७२ | सहभागी |
| २० | विजय थापा | भिमेश्वर ६ दोलखा | ९८०४१२९२५१ | सहभागी |

(ख) धादिङको धादिङवेशीमा संचालित व्युटिसियन तालिमका २० जना सहभागीहरुको नामावली: तालिम प्रदायक संस्था कान्तिपुर बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन।

| सि.नं. | सहभागीको नाम थर | ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|
| १. | अनिशा वि.क. | निलकण्ठ ९ धादिङ | ९८६११०३२५२ | सहभागी |
| २. | आरति मल्ल ठकुरी | निलकण्ठ ३ धादिङ | ९८६०४४३२०५ | सहभागी |
| ३ | बृन्दा वि.क. | नेत्रावती १ धादिङ | ९८६९६८३१४१ | सहभागी |
| ४ | विनिता अर्याल | सिद्धलेक २ धादिङ | ९८६०४९२२६६ | सहभागी |

| | | | | |
|---|---|---|---|---|
| ५ | विपना साक्य | निलकण्ठ ४ धादिङ | ९८१३१५६५३५ | सहभागी |
| ६ | डोल्मा तामाङ | रुविभ्याली ६ धादिङ | ९८६१२८०७९२ | सहभागी |
| ७ | गिता श्रेष्ठ | गल्छी १ धादिङ | ९८४०२७३६३४ | सहभागी |
| ८ | लक्ष्मी बराइली | निलकण्ठ ९ धादिङ | ९८०३२२८२४१ | सहभागी |
| ९ | मुनु गुभाजु | नेत्रावती ५ धादिङ | ९८६२८०९७८२ | सहभागी |
| १० | मायादेवि तामाङ | खनियावास ५ धादिङ | ९८६६४६२१८६ | सहभागी |
| ११ | पवित्रा श्रेष्ठ | थाक्रे १० धादिङ | ९८४२४७६४५४ | सहभागी |
| १२ | रचना श्रेष्ठ | निलकण्ट ८ धादिङ | ९८६९२२६७९९ | सहभागी |
| १३ | रोशनी शाक्य | ज्वालामुखी ६ धादिङ | ९८१३८७७८७७ | सहभागी |
| १४ | सृजना नेपाली | निलकण्ठ १२ धादिङ | ९८६३४५५८४८ | सहभागी |
| १५ | सृजना सुनार | सिद्धलेख २ धादिङ | ९८६४६९६८३७ | सहभागी |
| १६ | सुनिता दुधराज | निलकण्ठ १३ धादिङ | ९८६१००९७८६ | सहभागी |
| १७ | स्वस्तिका नेपाली | सिद्धलेख २ धादिङ | ९८०३३४३८२७ | सहभागी |
| १८ | सिता दुवाडी लम्साल | निलकण्ठ ९ धादिङ | ९८६६४२१६१२ | सहभागी |
| १९ | यमुना घले | सिद्धलेख ५ धादिङ | ९८६२७९८८२२ | सहभागी |
| २० | सुस्मा नेपाल | निलकण्ठ ३ धादिङ | ९८६०४८६९१९ | सहभागी |

## ६. चेलिबेटी बेचविखन महिला हिंसा जातीय तथा लैंङ्गिक विभेद सम्बन्धी १३ जिल्लामा ४२९ जिल्लालाई तालिम दिइएको।

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार चेलिबेटी बेचविखन तथा महिला हींसा तथा जातीय र लैङ्गिक विभेद हटाउनको लागि १३ जिल्लामा नै यो कार्यक्रम जिल्लाका विज्ञहरुवाट सहजिकरण गर्न लगाइ ४२९ जनालाई सुसुचित गर्ने कार्यक्रम गरियो। जसमा सहजिकरण वकिल, जिल्लाका प्रहरी अधिकृत तथा गन्यमान्य विद्वानहरुवाट सहजिकरण गर्ने कार्य भयो।

## ७. लागु पदार्थ दुर्व्यसन तथा साइवर क्राइम सचेतान १३ जिल्ला मा ४२९ जनालाई तालिम दिइएको।

लागु पदार्थ दुर्व्यसन तथा साइवर क्राइम सचेतना तथा न्युनिकरण गर्ने उद्येश्यले प्रदेश युवा परिषद्ले आ.ब. २०७८।०७९ मा १३ जिल्लामा र १३ जिल्लाका सरोकारवाला संस्थाहरुको सहभागीतामा कार्यक्रम संचालन गर्यो।

## ८. निति र नैतिकता सम्बन्धमा सामुदायिक क्याम्पस तथा विद्यालयमा नैतिकता

सम्बन्धी १३ जिल्लाका २६ स्थानमा कार्यक्रम संचालन गरिएको । कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको र यस परिषद् का अन्य कार्यक्रमहरु भन्दा धेरै प्रभावकारी रहेको पाइएको ।

| सि.नं. | जिल्ला | कार्यक्रम संचालन गरिएका विद्यालय | स्थानिय निकाय | प्र.अ. वा चिफको नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | नवजागृति मावि काठमाडौं | रामहिटी बौद्ध काठमाडौ ६ | ९८५१००८९४६ | |
| २ | काठमाडौं | एन. आर. कलेज, तारकेश्वर | तारकेश्वर ११ नेपालटार | ९८५११८३१८३ | |
| ३ | ललितपुर | वाणी विलास मा.वि. गोदावरी | गोदावरी ११ ललितपुर | ९८४१२४७७९९ | |
| ४ | ललितपुर | किट्नी कलेज ललितपुर | गोदावरी ३ ललितपुर | ९८५१२१३३२१, ९८४१२८७५५९ | |
| ५ | भक्तपुर | जोरपाटी सेकेन्डरी स्कुल | | | रकम नलगेको/ कार्य नगरेको |
| ६ | भक्तपुर | जनआदर्श क्याम्पस मध्यपुर ठिमी | ठिमि ८ भक्तपुर | ९८४१२८५७८२ | |
| ७ | काभ्रेपलाञ्चोक | धुलिखेल क्याम्पस | धुलिखेल २ काभ्रे | ९८५१००८०३७ | |
| ८ | काभ्रेपलाञ्चोक | दुम्देश्वर मावि पाँचखाल | | | रकम नलगेको/ कार्य नगरेको |
| ९ | सिन्धुपालाञ्चोक | जाल्पादेवि मा.वि.सिन्धुपाल्चोक | मेलम्ची नपा ८ सिन्धुपाल्चोक | ९८५७०६४९१२ | |
| १० | सिन्धुपालाञ्चोक | अभयनन्द क्याम्पस | | | रकम नलगेको/ कार्य नगरेको |
| ११ | रसुवा | कालिका हिमालय क्याम्पस | कालिका गापा २ कालिकास्थान | ९८५११३९६५४ | |
| १२ | रसुवा | निलकण्ठ मावि रसुवा | उत्तरगया ५ रसुवा | ९८४३६१६३३३ | |
| १३ | नुवाकोट | अमरज्योति ब. क्या. तादी नुवाकोट | तादी ३ नुवाकोट | ९८४१६६६६३२८ | |
| १४ | नुवाकोट | भुमिदेवी मा वि म्यागम | म्यागम ३ नुवाकोट | ९८०३०२५२४७, ९८४३०८५१११ | |
| १५ | दोलखा | कुटीडाँडा मावि | भिमेश्वर नपा ७ दोलखा | ९८५११९०६०२ | |
| १६ | दोलखा | गौरीशंकर क्याम्पस | भिमेश्वरनपा ३ दोलखा | ९८४१२०२१९८ | |
| १७ | रामेछाप | शारदा मावि | मन्थली नपा ११ रामेछाप | ९८४४४०००६९ | |
| १८ | रामेछाप | मन्थली शहीद स्मृति क्या. | | | रकम नलगेको/ कार्य नगरेको |
| १९ | चितवन | श्री झुवानी मा.बि. र.न.पा. | रत्ननगरनपा ५ चितवन | ९८५५०२७६७७ | |
| २० | चितवन | जयमंगला ब. क्याम्पस | रत्ननगर नपा १३ चितवन | ९८५५०६२६४० | |
| २१ | मकवानपुर | त्रिभुवन मावि | हेटौडा ११ | ९८५५०७१८९० | |
| २२ | मकवानपुर | मनहरी क्याम्पस | मनहरी गापा ८ मकवानपुर | ९८५५०७३६५६ ९८४५६१३६५६ | |
| २३ | सिन्धुली | जनजागृति क्याम्पस भिमान | | | रकम नलगेको/ कार्य नगरेको |
| २४ | सिन्धुली | श्री मा.बि. मझुवादोभान | | | रकम ऩलगेको/ कार्य नगरेको |
| २५ | धादिङ | श्री जयवागेश्वरी ब.क्या. | बेनिघाटरोराङ ३ धादिङ | ९८४१७२७८५४ | |
| २६ | धादिङ | श्री चन्द्रोदय मा.बि. | बेनिघाट रोराङ गापा ५ | ९८४१३३८७८४ ९८१६२००६०३ | |

**९. युवा परिषद् स्वरोजगार कार्यक्रम अन्तर्गत २५ युवाहरुको लागि रु ५००००|०० को सामग्री सहयोग अनुदान कोटा स्वीकृत भै आएकोमा २१ युवा व्यवसायीलाई सामग्री अनुदान दिइएको।**

जिल्लागतः

| सि.नं. | संस्थाको नाम | ठेगाना | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | दिप कृषि औजार उद्योग | हेटौडा -८ कामने मकवानपुर | ५००००|०० | ९८४५८३३७११ |
| २ | शिवालय इन्टरलकिङ इको ब्लक उद्योग | हेटौडा – ८ मकवानपुर | ५५ | ९८४५९०५८७४ |
| ३ | अदित लोकल पोल्ट्री फर्म | राक्सीराङ-३ मकवानपुर | | ९८४५६९१४११ |
| ४ | टोल सुधार कृषक समुह | सुर्यगढी ५- नुवाकोट | | ९८४११८६००९ |
| ५ | प्रगतिशिल कृषी तथा पशु पंक्षी फर्म | सुर्यगढी -५ नुवाकोट | | ९८६०८१२७४३ |
| ६ | नवयुवा कृषि फर्म | सुर्यगढी -५ नुवाकोट | | ९८६०१८८४९४ |
| ७ | गौतम ब्रदर्श कृषि पशुपंक्षी फर्म | हेटौडा -१२ मकवानपुर | | ९८५११४८२८८ |
| ८ | कविशा कृषि तथा पशुपंक्षी फर्म | मनहरीगापा -९ मकवानपुर | | ९८६५१७६८८७ |
| ९ | रमन्टार फलफूल कृषी फर्म | हेटौडा – १२ मकवानपुर | | ९८५५०६८२९४ |
| १० | क्यापीटल एग्रो एण्ड लाइभस्टक फर्म | मनहरी गापा – ९ मकवानपुर | | ९८५५०६८५७२ |
| ११ | सीता बाख्रा तथा कृषि फर्म | हेटौडा -११ मकवानपुर | | ९८६९६७५०८७ |
| १२ | गणेश ल्बक उद्योग | हेटौडा -११ मकवानपुर | | ९८४५२९०४४४ |
| १३ | अधिकारी पोल्ट्रि फर्म | मनहरी -३ मकवानपुर | | ९८५५०८८१५१ |
| १४ | सुन्दर पशुपंक्षी फर्म | हेटौडा -११ मकवानपुर | | ९८४५३६४१३३ |
| १५ | सापकोटा कृषि फर्म | मकवानपुरगढी-६ मकवानपुर | | ९८१५२५०९६४ |
| १६ | सैफ जोन केमिकल प्रा.लि | हेटौडा -८, कमाने मकवानपुर | | ९८५११७३७५१ |
| १७ | अन्जली लेडीज टेलर्स एण्ड प्रशिक्षण | हेटौडा -१९ बस्तिपुर मकवानपुर | | ९८४५१६७६३६ |
| १८ | कालिका एग्रो एण्ड फर्म | हेटौडा -३ मकवानपुर | | ९८४३२८६४७६ |
| १९ | गर्ग कृषि तथा पशुपालन | बनेपा १ काभ्रेपलाञ्चोक | | ९८४३८१२१५४ |
| २० | नोट देवि कृषि फर्म | चौरीदेउराली ९ काभ्रेपलाञ्चोक | | ९८४३९१७७०३ |
| २१ | टिकेश्वर खुवा उद्योग | नमोवुद्ध नपा ५ काभ्रेपलाञ्चोक | | ९८६३३३२८०२ |

**१०. शारीरिक क्षमता कमजोर भएका युवा व्यवसायीहरुलाई २६ कोटा रु ५००००।०० का दरले सामग्री सहयोग अनुदान दिने कार्यक्रम रहेकोमा जम्मा ७ निवेदनहरु पर्न आएकोले सोही अनुसार ७ कोटा वितरण गरियो।**

| सि.नं. | संस्थाको नाम | ठेगाना | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | लोकप्रिय समाचार दैनिक | चौतारा – सिन्धुपाल्चोक | ५००००।०० | ९८४७४५९४०२ |
| २ | भिमफेदी टेलरिङ सेन्टर | भिमफेदी –६ मकवानपुर | | ९८४५१२६४५२ |
| ३ | पाथिभरा लेखापढी सदन | हेटौडा –११ मकवानपुर | | ९८४५४८५९१७ |
| ४ | इन भिजन इन्टरनेशनल प्रा.लि. | खुमलटार– ललितपुर | | ९८४३५५९७१२ |
| ५ | प्रभाव स मिल | भरतपुर –५ अनन्दचोक, चितवन | | ९८४५६९१३४० |
| ६ | पातलिमाया रुम्वा ( सोनिका बुटीक) | काठमाडौं | | ९८६०८५११२९ |
| ७ | जय विन्दवासिनी कृषि तथा पशु फर्म | मकवानपुरगढी–५, सिमलटार मकवानपुर | | ९८६५५८७९९९ |

**११. युवा महिला उद्यमशिलता प्रवर्धन कार्यक्रमको लागि १३ कोटा प्रति कोटा रु १०००००।०० का दरले सामग्री अनुदानका लागि निवेदन माग गरिएकोमा निम्न १३ महिला उद्यमी महिलाहरुकलको लागि यो कोटा वितरण गरियो।**

| सि.नं. | संस्थाको नाम | ठेगाना | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ब्यालोसम नर्सरी | बनेपा– ९काभ्रेपलाञ्चोक | १०००००।०० | ९८६६११६७५१ |
| २ | आर. एम. एकिकृत तथा पशुपालन | राक्सीराङ ३ मकवानपुर | | ९८१६२६५६४८ |
| ३ | पारु सिलाइ सेन्टर | उत्तरगया – ५ रसुवा | | ९८६७२९५८४८ |
| ४ | युनिक सेवा गार्मेन्ट | तारकेश्वर नपा– १० मनमैजु काठमाडौं | | ९८६०१६८२६५ |
| ५ | ओली एकिकृत कृषि तथा पशुपंक्षी फर्म | मनहरी –३ मकवानपुर | | ९८६५५०८२८३ |
| ६ | बहुउद्येशिय कृषि तथा पशुपालन | हेटौडा –१२ मकवानपुर | | ९८६५३८४६८० |
| ७ | थाक्ले नमुना कृषि फर्म | मन्थली –७ रामेछाप | | ९८४४२५६९९५ |
| ८ | अर्गानिक कृषि फर्म | थाहा ५ मकवानपुर | | ९८६१२९२२८८ |
| ९ | के. आर. कृषि तथा पशुपंक्षी फर्म | बकैया ७ मकवानपुर | | ९७४५३२९०२८ |
| १० | कोम्हेन्दो एकिकृत कृषि फर्म | हेटौडा १३ मकवानपुर | | ९८४५०५७२६८ |
| ११ | टेष्टी अचार उद्योग | हेटौडा २ मकवानपुर | | ९८४५२०३५३५ |
| १२ | जय प्रकृति सिलाइ प्रशिक्षण केन्द्र | हेटौडा ४ मकवानपुर | | ९८५५०३१३३५ |
| १३ | संङ्ज्ञा पशुपंक्षी तथा कृषि फर्म | निलकण्ठ ८ धादिङ | | ९८५११२११५० |

**१२. लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम अन्तर्गत कोटा २६ रकम रु ३०००००।०० को दरका लागि निवेदन माग गरिएकोमा जम्मा ४ कोटा वितरण गरिएको छ ।**

| सि.नं. | संस्थाको नाम | ठेगाना | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | इको फेमेली प्रा.लि | हेटौडा –११ मकवानपुर | ३०००००।०० | ९८६५१०२६७७ |
| २ | संगम नमोबुद्ध कृषि फर्म | नमोबुद्ध नपा –११ काभ्रेपलाञ्चोक | | ९८०१०६८३०१ |
| ३ | चौरीदेउराली एकिकृत कृषि फर्म | चौरीदेउराली –६ काभ्रेपलाञ्चचोक | | ९८५११३०६२९, ९८४९६५९४८६ ९८४१५२३३७० |
| ४ | किमोसेरी ग्रुप | हेटौडा –१३ पदमपोखरी मकवानपुर | | ९८४५५३८२९२ |

**१३. अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रमको लागि ५ कोटा प्रति कोटा रु ३०००००।०० का दरले विनियोजित भएकोमा प्राप्त निवेदनहरुको आवश्यक मापदण्ड मा नपरेकोले कोटा वितरण नगरिएको ।**

## आ.ब.२०७८/७९ को लागि प्रस्तावित कार्यक्रम तथा बजेट

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट |
| १ | युवा क्लब गठन तथा नमूना युवा संसद अभ्यास सहजिकरण | २२५२२ | पटक | ४ | १.१८ | ५०० |
| २ | विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन | २५२२ | जना | ५ | ०.८२ | ३५० |
| ३ | युवा मैत्री स्थानीय तह प्रबोधिकरण कार्यक्रम (मेयर तथा कार्यकारी सहित) | २२५२२ | जना | २४० | २.३५ | १००० |
| ४ | युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम | २२५२२ | पटक | २ | ०.५९ | २५० |
| ५ | युवा स्वयंसेवकका लागि तालीम | २२५२२ | जना | २६० | २.३५ | १००० |
| ६ | युवा स्वयंसेवकका लागि सामग्री वितरण | २२५२२ | जना | २६० | १.१८ | ५०० |
| ७ | अरुबाट सिकौं र आपूसँग भएको सिकाउँ (युवा अनुभव आदान प्रदान कार्यक्रम) | २२५२२ | जना | ३२ | २.३५ | १००० |
| ८ | युवा सञ्जालहरुको गठन तथा अभिमुखिकरण | २२५२२ | वटा | ५ | २.३५ | १००० |
| ९ | युवा सञ्जालहरुको परिचालन (साझेदारीमा आधारित) | २२५२२ | पटक | ५ | ३.५३ | १५०० |
| १० | महिला आत्मरक्षा कार्यक्रम | २२५२२ | जना | ४० | ०.४७ | २०० |
| ११ | सहुलियतपूर्ण कर्जा सहजिकरणका लागि अन्तरक्रिया/गोष्ठी | २२५२२ | जिल्ला प्रदेश | १४ | ४.२४ | १८०० |
| १२ | सीपमूलक तालीम(३९० घंटा) | २२५२२ | जना | ८० | ७.५३ | ३२०० |

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट |
| १३ | अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम | २२५२२ | वटा | ५ | ३.५३ | १५०० |
| १४ | चलचित्र बेचबिखन,महिला हिंसा,जातीय तथा लैङ्गिक विभेद, सुशासन आदि सचेतना कार्यक्रम | २२५२२ | जिल्ला | १३ | ३.०६ | १३०० |
| १५ | लागू पदार्थ दुर्व्यसन तथा साईबर क्राईम सचेतना | २२५२२ | जिल्ला | १३ | ३.०६ | १३०० |
| १६ | नीति र नैतिकता : बागमती प्रदेशका युवाको प्राथमिकता विषयक शिक्षण संस्था केन्द्रित तालिम (सफ्टस्कीलमा आधारित ) | २२५२२ | क्याम्पस विद्यालय | २६ | ६.१२ | २६०० |
| १७ | युवा परिषद् स्वरोजगार कार्यक्रम | २२५२२ | जना | ३.५३ | १५०० | |
| १८ | लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम | २२५२२ | जिल्ला | २६ | १८.३५ | ७८०० |
| १९ | युवा वैज्ञानिक प्रोत्साहन तथा स्थानिय तहको समन्वय तथा संघ संस्थाको सहकार्यमा युथ ईन्नोवेशन तथा ईनक्युवेसन कार्यक्रम | २२५२२ | पटक | १ | ५.८८ | २५०० |
| २० | अपाङ्ग युवा व्यवसायी सामग्री सहयोग | २२५२२ | जना | २६ | ३.०६ | १३०० |
| २१ | खोजमुलक अनुसन्धान | २२५२२ | पटक | १ | ०.९४ | ४०० |
| २२ | ३९० घण्टे तालिम (A लेभल सीप परिक्षणसम्म मात्र ) | २२५२२ | जना | ४० | २.३५ | १००० |
| २३ | आवधिक तथा वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन र ऐन नियम नीति कार्यक्रम छपाई तथा पुस्तक खरीद तथा प्रवोधिकरण | २२५२२ | पटक | ३ | १.१८ | ५०० |
| २४ | युवाका तथ्यांक संकलन, सफ्टवेयर निर्माण,प्रविष्टी तथा प्रवोधिकरण | २२५२२ | पटक | १ | २.१२ | ९०० |
| २५ | प्रदेश युवा समिति तथा जिल्ला युवा समितिका पदाधिकारीहरुका लागि २ दिने आवासीय क्षमता विकास तालीम कार्यक्रम अभिमुखिकरण र समिक्षा सहित २ पल्ट | २२५२२ | जना | १५० | ४.०० | १७०० |
| २६ | सञ्चार माध्यमहरुसँगको सहकार्यमा कार्यक्रम संचालन तथा प्रचार प्रसार, मिडिया विज्ञापन/भिडियोग्राफी | २२५२२ | पटक र जना | २ | १.७६ | ७५० |
| २७ | कार्यक्रम व्यवस्थापन खर्च | २२५२२ | पटक | १ | १.७६ | ७५० |
| २८ | कार्यक्रम निर्माण,कार्यक्रम कार्यान्वयन पुस्तिका निर्माण,कार्यविधि, मापदण्ड तथा कार्यढाँचा तयारी तथा प्रवोधिकरण | २२५२२ | पटक | १ | ०.७१ | ३०० |
| २९ | युवा प्रतिभा पहिचान | २२५२२ | जिल्ला प्रदेश | १४ | ३.२९ | १४०० |
| ३० | परम्परागत सीपलाई संरक्षण र संबर्धनमा सहयोग | २२५२२ | जना | ५ | १.१८ | ५०० |
| ३१ | लैङ्गिक अल्पसंख्यकका लागि कार्यक्रमः प्रस्तावको आधारमा | २२५२२ | पटक | १ | ०.४७ | २०० |
| ३२ | युवा महिला उद्धमशिलता प्रबर्धन कार्यक्रम थप सामग्री सहयोग | २२५२२ | जिल्ला | १३ | ३.०६ | १३०० |
| ३३ | प्राविधिक शिक्षा अध्ययनरत दलित सिमान्तकृत पिछडिएको वर्ग हरुका लागि छात्रवृति | २२५२२ | जना | ५० | १.१८ | ५०० |
| ३४ | प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माण | २२५२२ | पटक | २ | ०.४७ | २०० |
| | **जम्मा** | | | | १००.०० | ४२५०० |

# खण्ड तीन

# बागमती प्रदेश युवा नीति

## २.१ दूरदृष्टि

युवाका समस्या तथा चुनौतीको वैज्ञानिक ढङ्गले समाधान गर्दै युवाका मौलिक हकअधिकार सम्बोधन गरी सार्थक सहभागिता र परिचालनका माध्यमद्वारा बागमती प्रदेशको विकास र समृद्धि हासिल गर्न प्रदेश युवा नीतिको दुरदृष्टि यसप्रकार रहेको छ :

"दिगो विकास र समृद्धिका लागि सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन, बागमती प्रदेशमा युवाको अर्थपूर्ण सहभागिता, सशक्तीकरण र रूपान्तरण।"

## २.२ ध्येय

युवा सशक्तीकरण र नेतृत्व विकासका माध्यमद्वारा सबल, सक्षम, कर्तव्यनिष्ठ, उद्यमी र सदाचरयुक्त युवा तयार गरी प्रदेशको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरण हासिल गर्नु प्रदेश युवा नीतिको ध्येय रहेको छ।

## २.३ लक्ष्य

युवालाई प्रदेश विकासको मूलप्रवाहमा समाहित गरी सामाजिक न्याय, मानवीय, आर्थिक र भौतिक विकाससहितको समृद्धि हासिल गर्न युवाको गुणात्मक क्षमता विकास गर्नु प्रदेश युवा नीतिको लक्ष्य रहेको छ।

## २.४ उद्देश्य

युवालाई गुणस्तरीय शिक्षा र जीवनोपयोगी सिप प्रदान गरी सबै क्षेत्रमा स्वरोजगार र उद्यमशीलताको विकास गर्दै युवा जनशक्तिलाई उत्पादन वृद्धिमा केन्द्रित गरी आर्थिक-सामाजिक-मानवीय विकासका माध्यमबाट समृद्ध प्रदेश निर्माण गर्नु यस नीतिको मूल उद्देश्य हुने छ। यस नीतिको थप उद्देश्य देहाय बमोजिम रहेका छन्ः

१. श्रममा सहभागी र श्रमको सम्मान गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान गर्न सक्ने उद्यमशील र सकारात्मक सोचयुक्त युवा तयार गर्न गुणस्तरीय शिक्षा र सिप तथा नेतृत्व विकासका अवसर विस्तार गरी सबै अवस्थाका युवालाई विकासको मूल प्रवाहमा ल्याउने
२. विज्ञानसम्मत समाज निर्माणका लागि खोज, अध्ययन-अनुसन्धान तथा अन्वेषण अनुकूल वातावरण र अवसर सिर्जना गरी वैज्ञानिक सोचयुक्त युवा जनशक्ति तयार पार्ने
३. खेलकुद, योग, व्यायाम र शारीरिक अभ्यासका माध्यमबाट युवाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी स्वस्थ, उच्च मनोबलयुक्त, नैतिकवान्, इमानदार र सकारात्मक सोचयुक्त युवा तयार गर्ने,
४. सबै वर्ग, लिङ्ग, जात, क्षेत्रका युवाको आधारभूत अधिकार सुनिश्चित गर्दै नीति-योजना निर्माण र नेतृत्व तहमा समानुपातिक-समावेसी प्रतिनिधित्व सुनिश्चित गरी समृद्धिको अगुवा शक्तिका रूपमा स्थापित गर्ने।
५. स्थानीय तहसम्मै संरचनागत आधार तयार गरी नीति निर्माण, कार्यान्वयन र प्रभाव लेखाजोखासम्मका सबै चरणमा युवाहरूको अर्थपूर्ण सहभागिता गराउने।

६. युवालाई सामाजिक दायित्वबोध गराउन सामाजिक विकासका विभिन्न क्षेत्रमा स्वयंसेवकका रूपमा संलग्न गराउने ।

७. दिगो विकास लक्ष्य, नेपाल सरकारको आवधिक योजनाले अवलम्बन गरेका युवासम्बन्धी लक्ष्य तथा कार्यक्रम कार्यान्वयन गर्न पैरवी गर्ने तथा जलवायु परिवर्तन न्यूनीकरण, वातावरण संरक्षण र पारिस्थितिक दिगोपनाका लागि युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

**२.५. नीति**

बागमती प्रदेशको युवा नीतिले लिएका सङ्कल्प, लक्ष्य र उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका नीति अवलम्बन गरिने छ :

१. उमेरअनुसार युवाका आवश्यकता र प्राथमिकता फरक हुने भएकाले युवाको उमेरलाई १६ देखि २४ र २५ देखि ४० वर्षमा वर्गीकरण गरी सोही आधारमा युवा विकासका कार्यक्रम निर्माण गरी लागु गरिने छ।

२. युवालाई नेपाली समाजको निर्माण, त्यसको सैद्धान्तिक स्रोत र समाज विकासको ऐतिहासिक तथ्य बोध गराई गतिशील समाज निर्माणका लागि सामाजिक न्याय, मानवअधिकार, राष्ट्र, राष्ट्रिय एकता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध बनाउँदै बागमती प्रदेशको दीर्घकालीन विकासको संवाहक शक्तिका रूपमा विकास गरिने छ।

३. दिगो विकास, शान्ति र समृद्धि सुनिश्चित गर्न प्रदेशका सबै तह र क्षेत्रमा युवाको प्रतिनिधित्व एवं नेतृत्वदायि भूमिका सुनिश्चित गर्दै युवालाई समाज परिवर्तनको निर्णायक शक्तिका रूपमा विकास गरिने छ।

४. समाजमा विद्यमान विभेद, कुरीति, अन्धविश्वास विस्थापनका लागि युवामा वैज्ञानिक चेतना विकास गर्ने प्रकृतिका समाजवादी योजना र कार्यक्रम निर्माण गरी लागु गरिने छ।

५. गुणस्तरीय शिक्षामा अवसर र पहुँच सुनिश्चित गर्दै व्यवसायिक र जीवनोपयोगी शिक्षाका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिपर्धा गर्न योग्य सक्षम र सिर्जनशील युवाशक्ति तयार गरिने छ।

६. युवाको जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्दै समृद्ध प्रदेश निर्माण गर्न प्रदेशको विकास निर्माणमा युवाको भूमिका विस्तार तथा व्यापक बनाइने छ । युवामा उद्यमशीलता विकास गर्ने, उत्पादनशील काममा अभिप्रेरित गर्ने तथा रोजगारीको उचित वातावरण सिर्जना गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।

७. युवाको नेतृत्व क्षमता विकासका लागि अन्य प्रदेश एवं सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरी बागमती प्रदेशका युवालाई स्वदेश तथा विभिन्न देशका अध्ययन-अवलोकन-भ्रमणको अवसर उपलब्ध गराइने छ।

८. दिगो विकास र समृद्धिका लागि विज्ञान-प्रविधिको उच्चतम उपयोग गर्न युवालाई वैज्ञानिक खोज, अन्वेषण, नवप्रवर्द्धन एवं अध्ययन-अनुसन्धानका लागि उचित वातावरण तयार गरी प्रोत्साहन गरिने छ। साथै युवामा अर्न्तनिहित प्रतिभा प्रस्फुटन एवं सिप र क्षमता विकासका लागि विशेष लगानी र कार्यक्रम सञ्चालन गरिने छ।

९. प्रदेशका युवाको स्वास्थ्य र शारीरिक तन्दुरुस्तिका लागि गुणस्तरीय र सुलभ स्वास्थ्य सेवामा पहुँच विस्तार गरी मानसिक र शारीरिक स्वास्थ्य स्तर अभिवृद्धि गर्ने कार्यक्रम प्राथमिकतासाथ सञ्चालन गरिने छ।

१०. युवालाई नैतिक आचरण, योग, ध्यान, शारीरिक व्यायाम, प्राकृतिक चिकित्सा, आत्मसुरक्षा तालिम र खेलकुदका माध्यमबाट कुलत, हिंसा, दुर्व्यसन र गैरसामाजिक आचरण तथा क्रियाकलापबाट मुक्त गर्दै उपलब्धिमूलक र उत्पादनमूलक कार्यमा संलग्न हुने अवसर प्रदान गरिने छ।

११. युवामा नैतिकता, अनुशासन, चारित्रिक तथा व्यावसायिक गुण विकास गरी देश र समाजप्रति जबाफदेही र उत्तरदायित्व वहन गर्ने, श्रमप्रति सम्मान गर्ने, सकारात्मक सोचयुक्त युवाशक्ति निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१२. प्रदेशभित्र श्रमको सम्मान गर्ने संस्कृति र उद्यममैत्री वातावरण निर्माण गरी युवा प्रतिभा एवं श्रमशक्ति पलायन दरलाई क्रमिक रूपमा न्यूनीकरण गर्न स्वदेशमै रोजगारी सिर्जनामा योगदान पुग्ने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ।

१३. खेलकुदलाई शारीरिक तन्दुरुस्ती, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय पहिचान अभिवृद्धिको माध्यमका रूपमा विकास गर्न सङ्घीय सरकार र स्थानीय तहसँगको समन्यव र सहकार्यमा युवालाई खेलकुद क्षेत्रमा आकर्षित गरी प्रतिस्पर्धात्मक र सक्षम खेलाडी उत्पादन गर्न उचित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।

१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा प्रभावकारी एवं परिणाममुखी प्रदर्शन गर्न सक्ने गरी खेलाडीको वृत्ति विकासमा जोड दिँदै प्रदेशको भौगोलिक विशेषतासँग जोड्ने, परम्परागत, साहसिक खेल, कला र संस्कृतिलाई पर्यटन र मनोरञ्जनसँग जोडी खेलकुदको वैज्ञानिक र व्यावसायीकरण गरिने छ।

१५. समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेद अन्त्य गरी प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सामाजिक न्याय र सकारात्मक विभेदका आधारमा निश्चित समयसम्म सेवा सुविधासहित शिक्षा, स्वास्थ्यसेवा तथा रोजगारमा विशेष अवसर एवं सहुलियतको व्यवस्था गरी सामाजिक न्यायको प्रत्याभूति दिलाइने छ।

१६. युवामा सामाजिक दायित्वबोध तथा चरित्रनिर्माण गर्न र राष्ट्रियताको भावना विकास गर्न वातावरण संरक्षण, सरसफाइ, शिक्षा, स्वास्थ्य र सामाजिक जागरण तथा विपद् व्यवस्थापनमा व्यापक रूपमा युवा स्वयंसेवक परिचालन गरिने छ।

## २.६. रणनीति एवं कार्यनीति

### २.६.१ गुणस्तरीय, व्यावसायिक एवं जीवनोपयोगी शिक्षा

१. शिक्षालाई वैज्ञानिक, जीवनोपयोगी र सिपमूलक बनाउन पाठ्यक्रम परिमार्जन गर्नुका साथै शैक्षिक पूर्वाधारको स्तरोन्नति र जनशक्तिको क्षमता विकास गरिने छ।

२. शिक्षामा सूचना-प्रविधिको उपयोगमा जोड दिनुका साथै कक्षा ९ देखि प्राविधिक धारको विस्तारमा जोड दिइने छ। पढ्दै कमाउँदै कार्यक्रमलाई स्थानीय तहको समन्वयमा शैक्षिक संस्थामा कार्यान्वयन गरिने छ।

३. वर्तमान शिक्षा प्रणालीमा सुधार गरी शैक्षिक क्षेत्रको पुनर्संरचना मार्फत नेपाली समाजको विकासक्रम, त्यसको सैद्धान्तिक स्रोत, समाजमा प्रकट भएका विभिन्न प्रकृतिका विभेद र असमानता उत्पत्तिको कारण तथा सुशासन जस्ता विषयवस्तु पाठ्यक्रममा समावेश गरी सामाजिक न्याय एवं सुशासनमैत्री युवा शक्ति उत्पादन गरिने छ।

४. प्रदेशबाट युवा निरक्षरता उन्मूलन गर्नुका साथै श्रम बजारको मागअनुरूप प्राविधिक, व्यावसायिक

र जीवनोपयोगी शिक्षालाई सबै स्थानीय तहसम्म विस्तार गरिने छ। गुणस्तरीय शिक्षाको पहुँचमा विद्यमान शैक्षिक असमानता न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ।

५. शिक्षामा प्रदेश सरकारको लगानी वृद्धि गरी उच्च माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क तथा अनिवार्य बनाउने तथा सबै अवस्थाका युवाको व्यावसायिक शिक्षामाथिको समतामूलक पहुँच सुनिश्चित गरिने छ।

६. युवालाई गुणस्तरीय र व्यावसायिक शिक्षा प्रदान गर्न 'स्मार्ट व्यवस्थापन प्रणाली'को विकास गरिने छ। सिकाइ र मूल्याङ्कन विधिमा समायानुकूल सुधार गरिने छ।

७. शिक्षामा लैङ्गिक समानता कायम गरी विशेष प्राथमिकताको क्षेत्रमा रहेका युवा विद्यार्थीलाई सकारात्मक विभेदको नीतिअनुसार आवश्यक सहयोग गरी माग र आवश्यकता अनुसारको शिक्षामा पँहुच सुनिश्चित गरिने छ।

८. प्रदेशलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न उच्च शिक्षा हासिलका लागि आर्थिक अभाव भएका युवालाई वित्तीय संस्थामार्फत सहज शैक्षिक प्रमाणपत्रका आधारमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ। व्यावसायिक तालिम र सिपमूलक शिक्षालाई विशेष प्राथमिकता दिइने छ।

९. सामाजिक न्याय, मानवीय, आर्थिक र पूर्वाधार विकासलाई टेवा पुग्ने गरी अनौपचारिक शिक्षाका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।

१०. युवालाई श्रमबजारको मागमा आधारित सिपमूलक तालिम प्रदान गरी रोजगार र स्वरोजगारका अवसर उपलब्ध गराई विदेशी श्रमशक्तिलाई क्रमशः विस्थापित गर्दै लगिने छ। साथै, कृषि, पर्यटन, उद्योग, पूर्वाधार निर्माण, हस्तकला, जडिबुटीलगायतका विषयमा पर्याप्त जनशक्ति उत्पादन गर्न प्रादेशिक प्राविधिक विश्वविद्यालय स्थापना गरिने छ।

११. युवालाई जीवन जिउने कला सिकाउँदै संस्कृति, प्रकृति, मानवता, विज्ञान, नैतिक मूल्य मान्यता, सामाजिकीकरण, व्यक्तित्व निर्माण जस्ता विषय पाठ्यक्रममा समावेश गर्न समन्वय गरिने छ।

१२. विशेष क्षेत्र, विशेष प्राथमिकता र प्राथमिकता समूहका युवालाई सहज ढङ्गले गुणस्तरीय शिक्षा हासिल गर्ने वातावरण सिर्जना गर्न विशेष कक्षा, विशेष विद्यालय र समावेशी शिक्षण पद्धति अपनाउँदै शैक्षिक संस्थाको पूर्वाधारलाई क्रमिक रूपमा अपाङ्गमैत्री बनाउँदै लगिने छ।

### २.६.२ रोजगारी र उद्यमशीलता विकास

१. युवालाई स्वदेशमै रोजगारीको सुनिश्चित गर्न आवश्यक कानुनी, भौतिक एवं आर्थिक संरचना तयार गरी युवालाई उद्योग, व्यावसाय र उद्यमशीलतामा अभिप्रेरित गरिने छ।

२. अदक्ष युवा श्रमशक्ति वैदेशिक रोजगारीमा जाँदा विभिन्न कठिनाइको सामाना गर्नु परिरहेको वर्तमान अवस्थालाई हृदयगङ्म गरी श्रम शक्तिलाई दक्ष बनाइने छ।

३. प्रदेश सरकारको वार्षिक बजेटको ठुलो हिस्सा उत्पादनका क्षेत्रमा लगानी गरी उद्यमशीलता र रोजगारी विकास गरिने छ।

४. स्वदेशमै रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न कृषि, पर्यटन, जलस्रोत, वन, जडिबुटी पूर्वाधार विकास, उद्योगलगायतका क्षेत्रले वार्षिक रूपमा सिर्जना गर्नुपर्ने रोजगारीको लक्ष्य निर्धारण गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने छ।

५. रोजगारीमा लैङ्गिक असमानता अन्त्य गरी विशेष प्राथमिकता र प्राथमिकताका समूहका युवालाई

विशेष कार्यक्रममार्फत रोजगारीमा अतिरिक्त अवसर प्रदान गरी समानताको प्रत्याभूति दिलाइने छ।

६. बागमती प्रदेशमा युवा र रोजगारदातासँग जोड्न बेरोजगार युवाको डिजिटल प्रविधिबाट लगत सङ्कलन गरी श्रमबजारसँगको समन्वयमा रोजगारी प्रदान गर्न आवश्यक संयन्त्र विकास गरिने छ। साथै रोजगारीको सुनिश्चित नहुँदासम्म प्रदेश सरकारले तोके बमोजिम बेरोजगार युवालाई विशेष सुविधा उपलब्ध गराइने छ।

७. युवामा उद्यमशीलता विकास गर्न विभिन्न क्षेत्रका विज्ञको संलग्नतामा 'प्रदेश युवा उद्यमशीलता प्राविधिक सहयोग डेस्क' सञ्चालनमा ल्याइने छ। साथै, विज्ञान र प्रविधिसम्बन्धी उद्यमशीलतालाई प्राथमिकताका साथ प्रवर्द्धन गरिने छ।

८. वैदेशिक अध्ययन तथा रोजगारीबाट फर्केका युवाको ज्ञान, सिप, प्रविधि, पुँजी र अनुभवलाई प्रदेशको विकासमा परिचालन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।

९. युवाद्वारा सञ्चालित उद्यम तथा व्यवसायको बिमा गर्ने व्यवस्था मिलाउनुका साथै कर्जा प्रवाहलाई सहज र विश्वसनीय बनाइने छ।

१०. उद्यमशीलता, सिप विकास, रोजगारी अभिवृद्धिका लागि अध्ययन-अनुसन्धान, अन्तरक्रिया, तालिम-गोष्ठी आयोजना गरी युवासँगको सहकार्य र समन्यवलाई प्रभावकारी बनाइने छ।

११. उद्यमशील युवालाई प्रोत्साहन गर्न उत्पादित वस्तु बजारीकरण, भण्डारणको व्यवस्था गर्ने, घरेलु तथा साना उद्योग प्रर्वद्धन, प्रोत्साहन र विकास कार्यक्रम सञ्चालन गरिने छ।

१२. उद्यमशील र स्वरोजगार युवालाई उत्पादनमा निरन्तरता दिन सम्मान, प्रोत्साहन गर्नुका साथै सहकारी र डिजिटल प्रविधिमार्फत बजार र मूल्यको वैज्ञानिक समाधान खोजिने छ।

१३. उद्यमी युवाका सङ्घर्ष र सफलताका कथा मार्फत युवा उद्यमशीलता प्रवर्द्धनका लागि प्रोत्साहन गर्न युवाका बिचमा अन्तरक्रिया र परामर्श गर्न तथा विदेशबाट फर्केर आएका युवालाई समेत समेटी 'युवा उद्यमी सञ्जाल' निर्माण गरी अनुभव आदानप्रदान गर्ने अवसर निर्माण गरिने छ।

१४. स्थानीय स्रोत साधनको पहिचान, परिचालन र व्यवस्थापनमा युवाको सहभागिता वृद्धि गरी युवा स्वरोजगार प्रर्वद्धन गर्न अदक्ष युवालाई समूहको आधारमा सिप विकास कार्यक्रम सञ्चालन गरिने छ।

### २.६.३ स्वास्थ्य र सामाजिक सुरक्षा

१. प्रदेश सरकारको लगानीमा स्वास्थ्यसम्बन्धी प्राविधिक जनशक्ति उत्पादनका लागि तोकिएका स्थानमा निश्चित समयसम्म आधारभूत तलबमा सेवा दिने सर्तमा विशेष छात्रवृतिको व्यवस्था गरिने छ।

२. लैंगिक हिंसा, प्रजनन स्वास्थ्य, लागु पदार्थ प्रयोग, एचआईभी/एड्स तथा यौन स्वास्थ्यसम्बन्धी परामर्श तथा सचेतनामूलक र पुनस्थापना लक्षित कार्यक्रम गरिने छ। लागुऔषधको प्रयोग विरुद्ध उपचारात्मक, निरोधात्मक र प्रतिरोधात्मक विधि अपनाई विविध गतिविधि सञ्चालन गरिने छ।

३. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी उमेर समूहगत प्राथमिकताका आधारमा युवा लक्षित स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ। विशेष प्राथमिकता र प्रथमिकताको क्षेत्रमा परेका युवाको स्वास्थ्य उपचारलाई राज्यले क्रमिक रूपमा निःशुल्क बनाउँदै लाने छ। साथै गर्भवती महिलाको स्वास्थ्य र पोषणमा प्रदेश सरकारले प्रथमिकताका साथ ध्यान दिने छ।

४. श्रमिक युवाको स्वास्थ्य र सामाजिक सुरक्षा सुरक्षित गर्ने बिमा, सुरक्षाका अन्य मापदण्ड, त्रैमासिक

स्वास्थ्य परीक्षण एवम् जटिल प्रकृतिका रोगहरूको सम्बोधन गर्नका निम्ति प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गरिने छ।

५. युवालाई अपराध, हिंसा तथा लागुपदार्थ प्रयोगबाट जोगाउन हरेक अभिभावकलाई सकारात्मक अभिभावकत्व सम्बन्धी प्रशिक्षण दिइने छ। विद्यालयमा विद्यार्थीलाई जीवन कला र व्यवस्थापनका विभिन्न आयामबारे प्रभावकारी सिकाइ तथा प्रशिक्षण दिइने छ।

६. युवामा नकारात्मक सोच, कुलत दुर्व्यसन र सामाजिक विकृतिका कारण आउन सक्ने मानसिक तनाव तथा मानसिक समस्याका कारण हुने मानसिक रोग तथा सोका कारणले सृजना हुने समस्या रोक्नका लागि मानसिक तनाव व्यवस्थापन मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिने छ।

**२.६.४ सहभागिता, स्वयंसेवा र परिचालन**

१. प्रदेश सरकारले निर्धारण गरेको मानवीय, आर्थिक र पूर्वाधार विकासको लक्ष्य प्राप्त गर्न युवाको व्यापक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी विपद्का समयमा नागरिकलाई सेवा दिन युवा सङ्घ-सङ्गठन तथा संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय तहमा युवा समिति निर्माण गरी परिचालन गरिने छ।

२. समाजमा विद्यमान विभेद, कुरीति, अन्धविश्वास, सामाजिक विकृति विस्थापनका लागि सम्बन्धित स्थानका युवाको अगुवाइमा सामाजिक रूपान्तरण अभियान सञ्चालन गरी न्यायपूर्ण र वैज्ञानिक मानव समाज निर्माणको पहल गरिने छ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने विविध कार्यक्रम, गोष्ठी, सेमिनार र तालिममा बागमती प्रदेशका युवाको सहभागिता सुनिश्चित गरिने छ।

४. प्रदेशको मौलिक संस्कृति, परम्परागत पेसा र सिपको संरक्षण र विकास गर्न युवालाई अध्ययन-अनुसन्धानको अवसर सिर्जना गरिने छ।

५. गरिबी तथा असमानता न्यूनीकरण, मानव बेचबिखन नियन्त्रण, सामाजिक द्वन्द्व समाधान तथा शान्ति स्थापनाका लागि युवाको भूमिका र सहभागिता विस्तार गर्दै युवा विकासका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी सङ्घ-संस्थासँगको समन्वय र सहकार्यमा समाजमा मेलमिलाप तथा सामाजिक द्वन्द्व न्यूनीकरणका लागि स्वयंसेवकका रूपमा युवा परिचालन गरिने छ।

६. युवामा स्वयम्सेवी भावना विकास गर्न युवा र विद्यार्थी सङ्घ-सङ्गठनसँगको सहकार्यमा युवा स्वयम्सेवकको रोस्टर तयार गरी महिनामा कम्तीमा १ दिन युवालाई प्रदेश अन्तर्गत तोकिएका विभिन्न सामाजिक कार्यमा स्वयम्सेवकका रूपमा परिचालन गरी स्वयम्सेवा गरेवापत प्रमाणपत्र उपलब्ध गराइने छ।

७. जागरणमूलक अभियानमार्फत युवामा स्वयम्सेवी भावनाको विकास तथा युवा सहभागितामा विभिन्न सामाजिक कार्य जस्तै : सरसफाइ, वृक्षारोपण, वन, वातावरण र जलवायु परिवर्तन-सम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरिने छ। स्वयम्सेवा मार्फत सामाजिक विकासमा योगदान गरेका युवालाई सम्मान तथा प्रोत्साहन गरिने छ।

८. युवालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सफल युवा नेतृत्वसँग अन्तरक्रिया गराउने, विकसित देशका विकासका नमुना, अभ्यास, नीति, कार्यक्रम, ज्ञान, सिप र अनुभव हासिल गर्ने अवसर प्रदान गर्न अन्य प्रदेश एवं सङ्घीय सरकारसँग समन्वय र सहकार्यमा युवा अनुभव आदान-प्रदान र अन्तर्राष्ट्रिय सभा-सम्मेलन आयोजना गरिने छ।

९. विशेष क्षेत्र, विशेष प्राथमिकता र प्राथमिकता समुहका युवाको पहिचान गरी सामाजिक, राजनीतिक एवं आर्थिक स्रोतमा पहुँच कायम गर्न समावेशी र समानुपातिक प्रतिनिधित्वबाट विकास र समृद्धिको कार्यक्रमहरूमा सहभागिता गराइने छ।

**२.६.५ सशक्तीकरण र नेतृत्व विकास**

१. युवाको सामाजिक सशक्तीकरणका लागि सूचना-प्रविधिका माध्यमद्वारा आधुनिक ज्ञानको विकास र विस्तार, आर्थिक सशक्तीकरणका लागि रोजगारी र उद्यमशीलता, राजनीतिक सशक्तीकरणका लागि नीति निर्माण र निर्णय प्रकृयामा प्रतिनिधित्व सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिने छ।

२. बागमती प्रदेश अन्तर्गत सबै मन्त्रालय र स्थानीय तहमा युवा फोकल पर्सन तोक्ने व्यवस्था मिलाई प्रदेश सरकारबाट सञ्चालन हुने युवा लक्षित नीति, कार्यक्रम र बजेट निर्माण तथा कार्यक्रम कार्यान्वयन गरिने छ।

३. युवालाई नेतृत्व विकास गर्न तालिम, परामर्श, गोष्ठी, सेमिनार र अध्ययन-अनुसन्धानमूलक कार्यक्रम आयोजना गरिने छ।

४. विदेशमा रहेका युवाले सिकेका ज्ञान र सिपलाई प्रदेशमा सदुपयोग गर्न स्वदेश फर्कौं अभियान मार्फत युवाको सिप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम आयोजना गरिने छ।

५. प्रदेश र स्थानीय स्तरमा समाज विकासको अध्ययन-अनुसन्धान गर्न विभिन्न प्रतिष्ठान, अध्ययन केन्द्र तथा संस्था स्थापना गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई पठन संस्कृतिको विकास तथा सिर्जनात्मक कार्य गर्ने थलोका रूपमा विकास गरिने छ।

६. विशेष क्षेत्र, विशेष प्राथमिकता र प्राथमिकता समूहका युवाको सशक्तीकरण र नेतृत्व विकासका लागि सिप विकास तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

**२.६.६ वैज्ञानिक खोज, प्रविधि र अन्वेषण**

१. प्रदेश सरकारद्वारा वैज्ञानिक खोज, अन्वेषण तथा अध्ययन-अनुसन्धानका लागि प्रयोगशाला, भौतिक पूर्वाधार, औजार सहितको 'प्रदेश युवा नवप्रवर्तन केन्द्र (युथ इनोभेशन सेन्टर)' स्थापना गरी सञ्चालन गरिने छ।

२. युवा वैज्ञानिक उत्पादन गर्न बागमती प्रदेश सरकारको लगानीमा प्रदेशका युवालाई विश्वका खोज-अनुसन्धान गर्ने प्रतिष्ठित विश्वविद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइने छ।

३. प्रदेश तथा स्थानीय स्तरमा 'आइटी पार्क'को स्थापना गरी युवालाई विज्ञान-प्रविधिका क्षेत्रमा क्रियाशील बनाउन सूचना-प्रविधिसम्बन्धी तालिम दिने व्यवस्था मिलाइने छ।

४. युवालाई विज्ञान र प्रविधिको सदुपयोगमा प्रोत्साहन गराउँदै डिजिटल साक्षरता तथा साइबर अपराधसम्बन्धी तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५. युवासम्बन्धी वर्गीकृत डाटा बैङ्क निर्माण तथा प्रदेश युवा एप निर्माण गरी युवालाई सुसूचित गराउँदै प्रयोग र परिचालनको दायरा बढाइने छ।

६. युवाका समस्या सुन्ने तथा सरोकारवाला निकायबाट समाधानको पहल लिन उत्प्रेरित गर्दै सञ्चार माध्यममा क्रियाशील युवालाई युवासम्बन्धी सूचना सम्प्रेषण गर्न प्रोत्साहन गरिने छ।

७. प्रदेशभित्रका विश्वविद्यालयमा अध्ययनरत विज्ञान तथा सूचना प्रविधिका विद्यार्थी, शोधकर्ता र विज्ञलाई समेटेर प्रदेश युवा परिषद्को आयोजनामा हरेक वर्ष विज्ञान तथा सूचना प्रविधि सम्मेलन

आयोजना गरिने छ।

८. बागमती प्रदेशको समृद्धि र पहिचानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा योगदान पुऱ्याएका उद्यमी, वैज्ञानिक अन्वेषणमा संलग्न र विशिष्ट क्षमता भएका युवालाई वार्षिक रूपमा प्रदेश युवा प्रतिभा सम्मान प्रदान गरिने छ।

**२.६.७ जलवायु परिवर्तन र वातावरण संरक्षण**

१. युवालाई जलवायु परिवर्तन र यसले पारेको प्रभाव, प्रदूषण न्यूनीकरणका बारेमा सचेतनामूलक कार्यक्रम युवाहरूकै नेतृत्व र सहभागितामा सञ्चालन तथा अध्ययन, अनुसन्धान गर्न युवा-विद्यार्थीहरूलाई वित्तीय सहयोग उपलब्ध गराइने छ।

२. वातावरण संरक्षणका लागि वनको संरक्षण तथा वृक्षरोपण, राजमार्ग र नदीनाला आसपास उद्योग स्थापना र अनियन्त्रीत उत्खनन, नदीकटान र प्रदूषण न्यूनीकरण, फोहोरमैलाको उचित व्यवस्थापन गर्न सरकार तथा विभिन्न सङ्घसंस्थाको अगुवाइमा स्थानीय तहसम्मै युवा परिचालन गरिने छ।

३. जैविक विविधता तथा वातावरण संरक्षण गरी दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रममा युवाको सहभागिता बढाउन प्रदेश तथा स्थानीय स्तरमा युवाको नेतृत्वमा प्रवर्धनात्मक गतिविधि सञ्चालन गरिने छ।

**२.६.८ कला, साहित्य, खेलकुद र मनोरञ्जन**

१. प्रदेशमा रहेका विभिन्न कला, संस्कृति, भाषा तथा प्राकृतिक सम्पदाको संरक्षण र विकासका लागि युवाको सक्रिय संलग्नता अभिवृद्धि गर्न विभिन्न महोत्सव, सम्मेलन, प्रतियोगिता, कार्यशाला र प्रर्दशनी आयोजना गरिने छ।

२. खेलकुदको विकास गर्न प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला एवं प्रदेश अर्न्तगतका सबै स्थानीय तहमा खेल पूर्वाधार तयार गरी खेल प्रतियोगिता आयोजना गरी प्रोत्साहन गरिने छ।

३. खेल प्रतिभाको विकासका लागि विद्यालय तहदेखि नै उचित प्रशिक्षणको व्यवस्था मिलाइने छ।

४. खेलाडी, कलाकार, साहित्यकार, लेखक तथा युवा सर्जकको जीविकोपार्जनलाई सहज बनाउन पुरस्कार, सम्मानको व्यवस्था गरी सिर्जनशीलता अभिवृद्धि गरिने छ। साथै, युवाद्वारा सञ्चालित खेलकुद क्लव एवं कला र साहित्यसम्बन्धी संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग गरी सबल बनाइने छ।

५. अपाङ्गता भएका युवाको खेलकुदमा सहभागिता सुनिश्चित गर्न विशेष खेलकुद प्रतियोगिता आयोजना गरिने छ।

**२.६.९ साझेदारी तथा सहकार्य**

१. प्रदेश अन्तर्गत विभिन्न सरकारी निकाय, युवा विकासका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट युवाका लागि गरिने कार्यक्रमहरूलाई प्रभावकारी बनाउन आवश्यक समन्वय गरी एकीकृत र परिणाममुखी प्रणालीको विकास गरिने छ।

२. प्रदेशमा युवाको सर्वाङ्गीण विकास गर्न सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामाजिक तथा राजनीतिक सङ्घ-संस्था, सङ्गठन, सहकारी, निजी क्षेत्र, गैरआवासीय नेपाली संस्था र दातृ निकायको आर्थिक तथा प्राविधिक साझेदारीमा सम्मेलन, महोत्सव, अनुभव आदान प्रदान तथा विभिन्न प्रतियोगिता सञ्चालन गरिने छ।

प्रदेश युवा परिषद् ले आ.ब. २०७८।०७९ मा निम्नानुसारका कार्यविधि बनाएर स्वीकृत गरेको छ।

# ३९० घण्टे तालिम (लेभल १ सीप परिक्षणसम्म मात्र)" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** यस प्रदेश भित्र बसोवास गरी बेरोजगार रहेका युवाहरुलाई कुनै सीपको अभावमा कार्य गरी आम्दानीको वातावरण वनाउन नसकेका र सीपको आवश्यकता महशुस गरेका तर अवसर प्राप्त गर्न नसकेका महिला, अपाङ्ग, विदेशवाट फर्केका तथा वेरोजगार युवाहरुको लागि यस प्रकारको ३९० घण्टे तालिम प्रदान गरी सीप सहितको रोजगारमा प्रवेश गराउन सकिन्छ कि भन्ने उद्धेश्यले यस प्रदेश युवा परिषद्को स्वीकृत वार्षिक बजेटमा सीप मुलक तालिम ३९० घण्टा लेभल १ सम्म तालिम दिइ सीप परिक्षणसम्म गराउने कार्यक्रम रहेकोले यस कार्यक्रम पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाउन तथा यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यढाँचाको नाम "३९० घण्टे तालिम (लेभल १ सीप परिक्षणसम्म मात्र)" कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा

क) "३९० घण्टे तालिम ( लेभल १ सीप परिक्षणसम्म मात्र)" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको सीप विकासमा टेवा पुर्याइ उद्धमशिल हुनेछन् भन्ने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६–४० उमेर समुह जनाउनेछ।

छ) "तालिम प्रदायक संस्था " भन्नाले यस कार्यालयको कार्यविधि अनुसार सम्झौता गरी तालिम दिने संस्था सम्झिनु पर्दछ।

३. **उद्देश्य:**

क) युवाहरुको सीप विकास भै उद्धमशिलतामा सहयोग पुग्ने।

ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने।

ग) सीपको अभावमा सस्तो ज्यालामा युवाहरुले कार्य गर्ने बन्द हुने र आम्दानी स्रोत वढने।

घ) व्यवसायमा आधुनिकिकरण हुने । सीपयुक्त जनशक्ति तयार हुने।

ङ) रोजगारीको अवसर प्राप्त हुने । स्वदेशी सीपयुक्त जनशक्ति तयार भएमा देशको धन विदेश नजाने।

४. **लक्षित वर्ग:**

(१) यस बागमती प्रदेश भित्रको २ जिल्ला चितवन (सिलाई बुनाई ) का लागि २० जना र रामेक्षापमा (इलेक्ट्रिसियन ) तालिम का लागि २० जना युवा छनौट गरी संचालन गरिने।

२) प्राप्त भए सम्म महिला, शारीरिक क्षमता कमजोर भएका, विदेशबाट फर्केका वेरोजगार, विशेष क्षेत्रबाट आउने, जनजातीका महिला पुरुष, उपेक्षित अपहेलित उत्पिडित दलित जनजातिका महिला पुरुष तथा शहीद परिवारका महिला पुरुष युवाहरुलाई यो तालिमको लक्षित वर्ग मानिएको छ। माथि उल्लेखित परिवारका युवाहरु उपलब्ध नभएमा मात्र अन्य युवाहरुलाई प्राथमिकतामा राखी यो तालिम दिइनेछ।

३) तालिम लिन इच्छुक व्यक्तिले विशेष कारण विना विचैमा तालिम छोड्न पाउने छैन।।

५. **प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था छनौटको आधार**

क) यस कार्यालयले तालिम प्रदायक संस्था छनौटका लागि १५ दिने सूचना प्रकाशन गर्नेछ।

ख) तालिम प्रदायक संस्थाले ३९० घण्टे तालिम ( लेभल १ सीप परिक्षणसम्म मात्र) २० जनालाइ चितवन तथा रामेक्षाप जिल्लामा २० जना लाई तालिम प्रतिव्यक्ति कति रुपैयामा तालिम दिलाउन सक्ने हो प्रस्तावमा खुलाई यस कार्यालयमा पेश गर्नुपर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता पश्चात चितवन र रामेक्षापमा तोकिएको विषयमा तालिम र लेभल १ सहभागी पास भए पश्चत मात्र सम्पूर्ण भुक्तानि दिनको लागि स्वीकार भएमा सो कुरा प्रस्तावमा उल्लेख हुनु पर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) सहभागीहरु पास भएको प्रमाणपत्र पेश गरे पश्चातमात्र तालिम प्रदायक संस्थाले भुक्तानी प्राप्त गर्नेछ। र जति सहभागी पास हुनेछन् प्रतिव्यक्ति सम्झौता अनुसारको रकम मात्र भुक्तानी पाउने छ।

च) तालिम प्रदायक संस्थाले २०७८। असारको २० गते सम्म आफ्नो सम्झौता अनुसारको रकम दावी गरिसक्नु पर्नेछ। अन्यथा यस कार्यालय सम्झौता अनुसारको रकम दिन बाध्य हुनेछैन।

छ) तालिम प्रदायक संस्थाले सहभागीहरुलाई दैनिक ७५।०० रुपैयाँको खाजा खुवाउनु पर्नेछ तथा स्टेशनरी र तालिम सामग्रीको व्यवस्थापन गर्नु पर्नेछ। सहभागीवाट कुनै पनि तालिमका लागि स्रोत जुटाउन पाइनेछैन।

ज) तालिमका सहभागीहरुले बिहान बेलुकाको खाने र बस्ने प्रवन्ध आफै मिलाउनु पर्नेछ।

झ) तालिम प्रदायक संस्थाले हालका मिति सम्म कम्तीमा २०० जनाको लागि यस्तो किसिमको तालिम संचालन गरी सिप परिक्षण उत्तिर्ण गराइ सकेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

ञ) माथि उल्लेखित सर्तहरु पालना गर्नसक्ने तालिम प्रदायक निकायको प्रस्ताव छनौट गरिनेछ।

ट) यदि १ भन्दा वढी तालिम प्रदायक संस्थावाट निवेदन पर्न गएमा माथि उल्लेखित सर्त पुरा गर्न सक्ने सहित निम्न आधारमा संस्था छनौट गरिनेछ।

**क) तालिम प्रदायक संस्था छनौटको आधारहरु**

क) हालसम्म ५०० जनालाई यस्तो लेभल १ को तालिम प्रदान गरिसकेको भए १० अंक २०० भन्दा माथि भए ५ अंक

ख) चितवन तथा रामेक्षापमा आफ्नै तालिम हल भए १० अंक र भाडामा तालिम संचालन गर्ने भए ५ अंक

ग) स्थानिय तालिम प्रदायक संस्था वा हेड अफिस सम्बन्धित जिल्लामा भए २० अंक अन्य स्थानवाट तालिम प्रदान गर्न जाने भए १० अंक

घ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा छनौट समितिले कार्यक्रम संचालन गर्न र कार्यक्रम सफल बनाउन सक्ने विश्वासनियताको आधारमा १० अंक
(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने )

६. **सहभागी छनौटका आधारहरु:**

१) यस प्रदेशमा स्थायी बसोवास गरेको युवा हुनु पर्नेछ।

२) १६-४० उमेर समूहको युवालाई सहभागी गराउनु पर्नेछ।

३) तालिम प्रदायक संस्थाले आफ्नो खर्चमा बढी युवाहरुलाई तालिम दिलाउन सक्नेछ र सो को जानकारी तथा नामावली यस कार्यालयमा दिनुपर्नेछ । तर यस कार्यालयले २० जना भन्दा बढी युवाको तालिम खर्च बढी भुक्तानी गर्ने छैन। सम्झौता अनुसारको बढीमा २० जनाको रकम भुक्तानि गर्नेछ।

७. **सूचना प्रकाशन:**

१) "३९० घण्टे तालिम (लेभल १ सीप परिक्षणसम्म मात्र)" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले तालिम प्रदायक संस्थाहरुसँग प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तालिम प्रदान गर्न सक्षम तालिम प्रदायक संस्थाहरुले यस कार्यविधिले तोके अनुसार तालिम सफलता पुर्वक सम्पन्न गर्न सक्ने प्रतिवध्धता सहितको अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका तालिम प्रदायक संस्थाको प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको ३९० घण्टे तालिम प्रदायक संस्था छनोट समिति रहनेछ।

| | |
|---|---|
| क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | – अध्यक्ष |
| ख) सामाजिक विकास मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख | – सदस्य |
| ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | – सदस्य सचिव |

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी तालिम प्रदायक संस्था छनौट गर्नेछ।

८. **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका तालिम प्रदायक संस्था संग कार्यालय र संस्था बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात तालिम प्रदायक संस्था लाई प्रतिव्यक्ति तालिम प्रदान गरी सहभागीहरुको प्रमाणपत्र यस कार्यालयमा प्राप्त भए पश्चात प्रतिव्यक्ति बढीमा रु २५०००।०० वा सम्झौता अनुसारको रकम दिइनेछ तर तालिमको सामान्य संचालन खर्चका लागि ३० प्रतिशत रकम अग्रिम दिन सकिनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष र कार्यालय प्रमुख तथा तालिम प्रदायक संस्थावाट प्रोपाइटर वा म्यानेजर र लेखा हेर्ने कर्मचारीले गर्नेछ ।

९. **प्रतिवेदन:**

१) तालिम प्रदायक संस्थाले कार्यक्रम सम्पन्न पश्चात सहभागी व्यक्तिहरुले प्राप्त गरेको सर्टिफिकेटको प्रतिलिपि तथा तालिम समयका समय समयका फोटोहरु तथा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै तालिम सुरुवातको जानकारी सहितको प्रतिवेदन यस कार्यालयमा बुझाउनु पर्नेछ।

१०. **लेखा परीक्षणः**

(१) "३९० घण्टे तालिम ( लेभल १ सीप परिक्षणसम्म मात्र)" कार्यक्रम संचालनको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कनः**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख तालिम प्रदायक संस्थाले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालवले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१२. **दण्ड सजायः**

१) छनौट भएका तालिम प्रदायक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता अनुसार कार्य नगरेमा त्यस्तो तालिम प्रदायक संस्थासँग आगामि दिनमा अन्य कार्यक्रमहरुमा सहभागि सहकार्य गरिने गराईने छैन।

२) तालिम प्रदायक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त तालिम प्रदायक संस्थासँग जुनसुकै वखत सम्झौता रद्ध गरी क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

३) विविध भवितब्यका कारण तथा कुनै महामारीका कारण तालिम समयमै पुरा गर्न नसक्ने अवस्था सृजना भएमा तालिम प्रदायक संस्थाले गरेको खर्च रकम यस कार्यालयले तालिम सँचालन गर्न दिएको रकम भन्दा बढी भएमा दिइएको रकम र कम भए कम नै फरफारक हुने गरी सोही अनुसारको रकम फरफारक हुनेछ। जसको लागि परिषद्को कार्यकारी समितिले निर्णय गर्नु पर्नेछ।

१३. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ।

१६. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**तालिम प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय

त्यस कार्यालयबाट मिति ........................................ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले ३३० घण्टे (लेभल १ तालिम ) तालिम चितवन / रामेक्षाप मा संचालन ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१. व्यवसायको नाम र ठेगाना: फोन नं. सहित

२. व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेल:

३. व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

४. अन्य विवरण: तालिम प्रदायक संस्था छनौटको आधारमा भएका कुराहरु पूर्णरुपमा पालना गर्न सक्ने तालिम प्रदायक संस्थाको प्रतिवद्धता खुल्नु पर्ने।

५. मानवीय स्रोत सम्बन्धी विवरण:

कर्मचारी विवरण:

क) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

क) कोठा संख्या:

ख) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जाको फोटोकपीअवस्था:

नागरिकताको प्रतिलिपि:

प्यान नं.

(कार्यढाँचामा तोकिएका सर्तहरु पुरा गर्न सक्ने प्रतिवद्धता सहितको सपोर्टिङ डकुमेन्टहरु)

१ व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नाम:

२. खाता नं:

(प्रष्ट खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने)

हस्ताक्षर

प्रोपाइटरको नाम:

# अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** स्वावलम्बी भै स्वदेश मै केही गर्ने चाहना भएका युवा जनशक्तिको स्वदेश मै व्यवस्थापन हुने र अर्गानिक खेति गरी उत्पादन मुलक कार्य गरिराखेका युवाहरुले यस कार्यालयमा सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवाहरुको पेशामा सहयोग पुर्याउने तथा यसवाट अन्य कृषकहरु उत्प्रेरित भै अर्गानिक खानेकुराको जनचेतनाले जनताको जिउधनको रक्षा हुने तथा क्यान्सर जस्ता रोगहरु जुन विषादी युक्त खाना खानाले हुन्छ त्यस्ता रोगहरुवाट बची ठुलो धनराशी जोगिने उद्धेश्यले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाई यो कार्यक्रम युवाहरुको साथ सहयोगवाट प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढांचा बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम " अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम" कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा**

क) "अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने उद्देश्यले अर्गानिक खेती तथा पशुपालनलाई सहयोग गर्ने उद्श युवा परिषद्कधेश्यले संचालन गर्ने कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६-४० वर्षको उमेर समुहको मानिसलाई बुझाउने छ।

**३. उद्देश्य:**

क) युवाहरुको उद्धमशिलतामा सहयोग पुग्ने।

ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने।

ग) गरी राखेको व्यवसायमा थप सहयोग पुगी थप आम्दानीको वातावरण तयार हुने।

घ) अर्गानिक खेती उत्पादनमा प्रोत्साहन मिल्ने ।

ङ) क्यान्सर हाई ब्लडप्रेसर जस्ता ज्यानमारा रोगहरु लाग्नवाट सर्वधारणलाई जोगाउन सकिने।

च) देशको रकम औषधीको नाममा विदेशमा नजाने। कृषि जन्य उत्पादनमा देश आत्मानिर्भर हुने।

**४. लक्षित वर्ग:**

१) यस बागमती प्रदेशका १३ जिल्ला भित्रका ५ जना अर्गानिक खेति गरिरहेका युवा व्यवसायी, समुह वा दर्ता फर्महरु तथा युवाहरुवाट संचालित सहकारी संस्था जसले व्यवसायीक रुपमा आम्दनी गर्ने उद्धेश्यका साथ कार्य गरिरहेको र यस कार्यालयमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको अवस्थामा रहेको हुनुपर्ने।

३) पेशा व्यवसायमा कम्तीमा रु १००००००।०० दश लाख आफ्नो लगानी लागेको प्रमाणित कागजात हुनु पर्ने। वा स्थानिय निकायले वा स्थानिय निकायको प्राविधिकले व्यवसायमा लागेको रकम प्रमाणित गरेको हुनुपर्ने।

६. **प्रस्ताव पेश गर्ने युवा व्यवसायीले गर्नुपर्ने कार्य:**

क) रु १००००००।०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ।

ख) यस कार्यालयले दिएको रकमवाट खरिद गरिने सामग्रीहरु, मल विउ तथा मेशिनरी औषधि जस्ता सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ। यस आर्थिक वर्ष पछि बाँकी रकम दावी गेरमा कार्यालयले भुक्तानी दिने छैन।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) के मेशिनरी वा सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ।

७. **छनौटका आधारहरु:**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको व्यवसायी हुनु पर्नेछ।

२) यस प्रदेशमा नै व्यवसायिक अर्गानिक कृषि उत्पादन व्यवसाय गरी राखेको हुनु पर्नेछ।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध व्यक्तिहरु तथा फर्म सहकारी संस्थाहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका मुल्यांकनका आधारहरुमा व्यक्तिको कोटा छनौट गरिनेछ

**क) मूल्यांकनका आधारहरु**

१) ५ वर्ष भन्दा अगाडि देखि अर्गानिक कृषि पेशा व्यवसाय गरी राखेको भएमा १० अंक त्यो भन्दा पछि भए ५ अंक।

२) रु १५०००००।०० भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक

३) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए १० अंक, नपाको लागि ७ अंक र उमानपा वा मानपाको लागि ५ अंक

४) समुहमा युवाहरुले कार्य गरेको भए १० अंक

५) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा १० अंक

(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि १० देखि ५ अंक दिइने)

८. **सूचना प्रकाशन:**

१) "अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायीहरुलाई सहभागिताका लागि राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम छनोट समिति रहनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) युवा परिषद्को कार्यालय हेर्ने मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी कोटा वितरण गर्नेछ।

९. **सम्झौताः**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा पहिलो किस्ता ३३ प्रतिशत खातामा निकासा दिइनेछ । र बाँकी किस्ता स्वीकृत रकमको आधारमा बिल पेश भए अनुसार खातामा निकासा दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष र कार्यालय प्रमुख तथा व्यक्ति वा फर्मको तर्फवाट फर्म धनी प्रोपाइटरले गर्नेछ। र साक्षीको रुपमा १ जना व्यक्ति वा फर्म रहेको स्थानको स्थानिय व्यक्ति हुनु पर्नेछ।

१०. **प्रतिवेदनः**

१) व्यक्तिले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभाव तथा कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

११. **लेखा परीक्षणः**

१) अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

१२. **अनुगमन तथा मूल्याङ्कनः**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, प्रदेश युवा परिषद्को सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१३. **दण्ड सजायः**

१) छनौट भएका व्यक्ति वा व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे वमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) व्यक्ति वा फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीवाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१४. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१५. **निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१६. **कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१७. **वाधा अड्काउ फुकाउनेः** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ८ को उपदफा २ संग सम्बन्धित )

**व्यक्ति तथा व्यवसायीहरुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर ।

महोदय,

त्यस कार्यालयबाट मिति ............................. मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१) व्यवसायको नाम र ठेगानाः फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेलः सेयर होल्डर भए वा सामुहिक भए सबैको नाम ठेगाना

३) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचयः

४) अन्य विवरण:

५) मानवीय स्रोत सम्बन्धी विवरणः

कर्मचारी विवरणः

क) भौतिक पूर्वाधार सम्बन्धी विवरणः

ख) आर्थिक स्रोत केमा परिचालन गर्ने हो सो को लागत अनुमानः

ग) व्यवसायमा लागेको रकम स्थानिय प्रविधिकवाट वा स्थानिय निकायले प्रमाणित गरेको

क) कोठा संख्याः

ख) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीअवस्थाः

नागरिकताको प्रतिलिपिः

प्यान नं.

१. व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नामः

२. खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नामः

मितिः

# "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** बदलिंदो आधुनिक शिक्षाले युवाहरुमा निति र नैतिकता जस्ता विषयहरु जतिसुकै उच्च शिक्षा हाँसिल गरेका युवाहरुमा पनि कमजोरी देखिएको वर्तमान परिप्रेक्षमा विद्यालय तह देखि तथा कलेज तहमा नैतिकताको पाठ युवाहरुमा पुर्याउने उद्धेश्यले यो कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७८।०७९को स्वीकृत कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाई प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा:**

क) "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले माध्यमिक तह १-१२ तथा कलेज तहमा युवाहरुको निति र नैतिकता सम्बन्धमा २ दिने संचालन हुने कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी" समिति भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झिनु पर्दछ।

ङ.) "शैक्षिक संस्था" भन्नाले यस कार्यालयले कार्यक्रम कोटा वितरण गरेको विद्यालय वा कलेज सम्झनु पर्दछ।

च) "विद्यार्थी" भन्नाले कक्षा ११ वा १२ तथा सो भन्दा माथि अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ।

छ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

३. **उद्देश्य:**

क) विद्यार्थीहरुमा निति र नैतिकताको विकास हुने।

ख) शैक्षिक संस्थामा आफुले मान्नुपर्ने गुरुहरुलाई तथा अभिभावकहरुलाई सम्मान गर्न सक्ने विद्यार्थी तयार गर्ने।

ग) शिक्षामा नैतिकताको आभाव खट्कीएकोले सो को जानकारी सम्बन्धीत निकायमा पुग्ने।

घ) शिक्षामा निति र नैतिकताको विकास हुने।

४. **लक्षित शैक्षिक संस्था:**

१) यस बागमती प्रदेशका १३ जिल्लाका प्रतेक जिल्लाका १ विद्यालय र १ क्याम्पस प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) विद्यालय कम्तीमा ११ सञ्चालन भएको हुनुपर्ने।

३) विद्यालयमा कम्तीमा ३०० विद्यार्थी हुनु पर्ने। तथा कलेजमा ५० विद्यार्थी कम्तीमा हुनु पर्ने।

५. **शैक्षिक संस्थाले गर्नुपर्ने कार्य:**

क) शैक्षिक संस्थाले आफ्नो सम्पुर्ण १६-२४ उमेर समुहका विद्यार्थीहरुका लागि उत्प्रेरणा कक्षामा १ वा २ दिन आफ्नो बजेटको परिधि भित्र रही सहभागी गराउनु पर्नेछ।

ख) उत्प्रेरणा प्रदान गर्ने प्रवचनकर्ता शैक्षिक संस्था स्वयंले यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) खर्च रकम तथा बिल रकमहरु विद्यालय व्यवस्थापन समिति र क्याम्पस संचालक समितिले अनुमोदन गर्नु पर्नेछ।

च) शिक्षक स्टाफ बैठकवाट कार्यक्रम प्रभावकारी रुपमा भएको निर्णय गराउनु पर्नेछ।

६. **शैक्षिक संस्था छनौटका आधारहरु:**

१) यस कार्यक्रम संचालन गर्न इच्छुक शैक्षिक संस्थाहरुवाट वा जिल्लागत रुपमा धेरै संख्यामा निवेदन पर्न आएमा देहायका छनौटका आधारहरुमा शैक्षिक संस्था छनौट गरिनेछ। र जिल्लागत रुपमा बढी प्राप्ताङ्क गर्ने शैक्षिक संस्था छनौट गरिनेछ।

**क) मूल्यांकनका आधारहरु**

१) विद्यार्थी संख्या ३०० भन्दा माथि भएको विद्यालय वा ५० भन्दा माथि भएको कलेज १० अंक

२) छात्रा भर्ना दर संख्या ५० प्रतिशत भन्दा माथि भए १० अंक

३) गाँउपालिकाको विद्यालय वा कलेज भए २० अंक नपा र उमानपा वा मानपाको लागि१० अंक

४) शैक्षिक संस्थाले पेश गरेको प्रपोजल र प्रपोजलको लागि १० अंक

(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने)

७. **सूचना प्रकाशन:**

१) "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रम संचालन गर्न प्रदेश युवा परिषद्को कार्यालयले इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि १५ दिने सार्वजनिक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रम सञ्चालन गर्न चाहने शैक्षिक संस्थाहरूले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ। प्रस्ताव र माग भएजति कागजात पेश हुन आएमा कोभिड १९ को कहरका कारण निवेदन इमेलवाट पनि स्वीकारिने छ र सम्झौता इमेलवाट पनि गर्न सकिनेछ। तर बिल भरपाइ फरफारकको समयमा भने प्र.अ. वा क्याम्पस चिफ स्वयं उपस्थित हुनु पर्नेछ।

३) शैक्षिक संस्था छनौट समिति: तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको शैक्षिक संस्था छनोट समिति रहनेछ।

| | |
|---|---|
| क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | – अध्यक्ष |
| ख सरोकारवाला मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख | – सदस्य |
| ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | – सदस्य सचिव |

४) शैक्षिक संस्था छनौट समितिले मन्त्रालयका अन्य महाशाखा प्रमुख र विद्यालयका प्रअ तथा कलेजका प्रमुखहरु गरी बढीमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ।

५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) शैक्षिक संस्था छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी जिल्लागत कोटा वितरण गर्नेछ।

८. **सम्झौता:**

१) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात पहिलो किस्ता स्वरुप शैक्षिक संस्थाको खातामा ५००००।०० (अक्षेरुपी रु पचास हजार ) रकम निकासा दिइनेछ। साथै कार्य सम्पन्न भए पश्चात बिल भरपाई कार्यालयमा पेश गरेपछि दोस्रो तथा अन्तिम किस्ता बढीमा ५००००।०० (अक्षेरुपी रु पचास हजार ) विद्यालयको खातामा निकासा दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित शैक्षिक संस्थालाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट उपाध्यक्ष र कार्यालय प्रमुख तथा शैक्षिक संस्थाको तर्फवाट शैक्षिक संस्था प्रमुखले गर्नेछ।

९. **प्रतिवेदन:**

१) शैक्षिक संस्थाले कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

१०. **लेखा परीक्षण:**

१) "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख शैक्षिक संस्थाले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै कार्यक्रम हुने मितिको जानकारी कार्यालयलाई दिनु पर्नेछ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ।

ज) कार्ययोजना अनुसार कार्य सम्पादन गरेको आदि।

१२. **दण्ड सजाय:**

१) छनौट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता शैक्षिक संस्थालाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१३. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालना:** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१६. **वाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**शैक्षिक संस्थाहरूको लागि प्रस्तावको ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय

त्यस कार्यालयबाट मिति ................................. मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालय/ क्याम्पसमा "निति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता" कार्यक्रम विद्यालय वा क्याम्पस तहमा सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) विद्यालय/ क्याम्पसको नाम र ठेगाना:

२) क्यम्पस चिफ / प्रधानाध्यापकको नाम र सम्पर्क नं: इमेल:

३) विद्यालय/ क्याम्पस/को सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

४) कक्षागत विद्यार्थी विवरण: छात्रछात्रा खुल्ने गरी तथा कुल जोड विद्यार्थी विवरण।

५) मानवीय स्रोत सम्बन्धी विवरण:

शिक्षक कर्मचारी विवरण:

- क) भौतिक पूर्वाधार सम्बन्धी विवरण:
- क) कक्षाकोठा संख्या:
- ख) कक्षाकोठा उपयोगको अवस्था:
- ग) प्रयोगशालाको अवस्था:
- घ) अन्य भौतिक पूर्वाधार:
- ङ) उपलब्ध अन्य साधन स्रोतको विवरण:
  - ण: प्रवचन कर्ता तथा प्रशिक्षकको उपलब्धता:
  - १. विद्यालयको खाता रहेको बैंकको नाम:
  - २. खाता नं:

    प्रष्ट खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नाम: | प्रधानाध्यापकको नाम: |
| मिति: | मिति: |

**नोट:** कार्यक्रम सम्पन्न र सहयोग गर्न इच्छुक भएको विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता निर्णयको बैठक प्रतिलिपी पेश गर्नु पर्नेछ।

# परम्परागत सीपलाई संरक्षण र संवर्धन" कार्यान्वयन कार्यढाँचा, २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** यस प्रदेश भित्र बसोवास गरी परम्परागत रुपका व्यवसाय गरी रहेका युवाहरुलाई आफ्नो पेशामा आधुनिकिकरण गर्न तथा नपुग सामग्रीका कारण उत्पादन र आम्दानीमा पछि परि रहेका युवाहरुको जनशक्तिलाई स्वदेश मै व्यवस्थापन गर्न र उनीहरुले युवा परिषद् वाट केही समाग्री सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवाहरुको पेशामा सहयोग पुर्याउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाई प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "परम्परागत सीपलाई संरक्षण र संवर्धन" कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा:**

क) "परम्परागत सीपलाई संरक्षण र संवर्धन कार्यक्रम" प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने उद्देश्यले परम्परागत रुपमा संचालनमा रहेका, सीप सम्बन्धी कार्य गरि राखिएको कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको युवा सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्दछ वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झिनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६-४० उमेर समुहको व्यक्तिलाई सम्झनु पर्दछ।

छ) "परम्परागत सीप" भन्नाले परापूर्व कालदेखि चली आएको पेशा, सीप सम्झिनु पर्दछ। यसले परम्परागत रुपमा बनाइ आएका माटोको भाँडा बनाउने, फलाम तामा /पित्तल /सुनका सामग्री बनाउने (आधुनिक सुनचाँदीका गरगहना बनाउने व्यापारिक पसल यसमा पर्नेछैन।) , मादल बनाउने, डोको, नाम्लो बेतबाँसको काम गर्ने, धागो/बत्ती कातने, ढाका तथा घरबुनाका कपडा बुन्ने, कपडा सिउने तथा छालाको परम्परागत रुपमा जुत्ता बनाउने/ पेटी बनाउने कार्य जसमा स्थनिय विशेष जातीले परापुर्व कालदेखि गरिआएको पेशा व्यवसाय सम्झिनु पर्दछ। यसले परम्परागत रुपमा गरी आएको पशुपालन कृषि उत्पादन( जस्तै माझीवाट माछा पालन) लाई समेत जनाउनेछ। र थप अन्य कार्यहरु दफा ८ को समितिले परम्परागत सीप भनी निर्णय गरेको सीपलाई सम्झनु पर्दछ।

३. **उद्देश्य:**

क) उद्धमशिलताको विकास हुने र युवाहरु स्वरोजगार भई विदेश पलायन हुनवाट रोकिने।

ख) परम्परागत व्यवसाय आधुनिकिकरण हुने तथा सीप र संस्कृतिको संरक्षण हुने।

ग) युवाहरुले परम्परागत लोपोन्मुख पेशावाट अनौपचारीक रुपमा हासिल गरेको सीपलाई प्रमाणिकरण गरी प्रवर्धन गर्ने व्यवस्था मिलाउन सकिने।

४. **लक्षित वर्ग:**

(१) यस बागमती प्रदेशका १३ जिल्लाका ५ जना युवा व्यवसायीहरु जसले गरी राखेको पेशामा थप आम्दनी तथा पेशालाई आधुनिकिकरण गर्ने उद्धेश्यका यस कार्यालयमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको हुनुपर्ने।

३) पेशा व्यवसायमा कम्तीमा रु २००००० |०० (अक्षेरुपी रु दुई लाख) आफ्नो लगानी लागेको प्रमाणित कागजात हुनु पर्ने।

४) सामुहिक कार्य, महिला, अपाङ्गता तथा विशेष खालका समुह वा व्यक्तिहरुलाई प्राथमिकतामा राखिने।

५. प्रस्ताव पेश गर्ने युवा व्यवसायीले गर्नुपर्ने कार्यः

- क) रु २००००० |०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ।
- ख) यस कार्यालयले दिएको रकमवाट खरिद गरिने सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ।
- ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।
- घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।
- ङ) कस्ता सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ।

## ६. छनौटका आधारहरुः

(१) यस प्रदेशमा स्थायी वसोवास गरी यस प्रदेशमा नै व्यवसाय गरी राखेको हुनु पर्नेछ।

२) समुहगत रुपमा कम्तीमा ३ जना वा सो भन्दा बढी युवाहरुले कार्य गरेको भए साथै महिला, अपाङ्ग तथा विशेष आवश्यकता भएका व्यक्ति वा व्यक्तिहरुको समुहलाई प्राथमिकता दिइने।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका छनौटका आधारहरुमा व्यक्तिको कोटा छनौट गरिनेछ

**क) मूल्यांकनका आधारहरु**

- क) पेशा व्यवसाय सुरुवातको मिति ५ वर्ष भन्दा पुरानो व्यवसाय भए १० अंक नयाँ भए ५ अंक
- ख) रु ३०००००|०० भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक
- ग) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए १० अंक नपाको लागि ५ अंक र उमानपा वा मानपाको लागि ५ अंक
- घ) ३ जनाको समुहमा वा सो भन्दा माथिको युवा समुह मिली कार्य गरेको भए १० अंक नभए ५ अंक
- ङ) विशेष आवश्यकता भएको व्यक्तिहरुले पेशा व्यवसाय गरेको भए १० अंक अन्यलाई ५ अंक

## ७. सूचना प्रकाशनः

१) "परम्परागत सीपलाई संरक्षण र संवर्धन" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायीहरुलाई सहभागिताका लागि राष्ट्रिय दैनिक पत्रिकामा १५ दिन देखि माथिको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

## ८) प्रस्ताव छनौट समितिः

१) तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको परम्परागत सीपलाई संरक्षण र संवर्धन कोटा छनोट समिति रहनेछ।

- क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष
- ख) युवा हेर्ने मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य
- ग) सिटिइभिटीको एक जना अधिकृत प्रतिनिधि – सदस्य

घ) जिल्ला साना तथा घरेलु विकास कार्यालयको प्रतिनिधि – सदस्य

ङ) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

२) परम्परागत सीपको क्षेत्रमा काम गरेको विज्ञहरु मध्येबाट बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सकिनेछ ।

३) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी कोटा वितरण गर्नेछ ।

९) **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ ।

२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा रु १०००००।०० दिइनेछ ।

३) सम्झौता २ प्रति हुनेछ । एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ ।सम्झौता कार्यालयको तर्फबाट कार्यकारी उपाध्यक्ष र कार्यालय प्रमुखले तथा व्यक्ति वा फर्मको तर्फबाट फर्म धनी प्रोपाइटरले गर्नेछ । र साक्षीको रुपमा १ जना फर्म रहेको स्थानको स्थानिय व्यक्तिले सही गरेको हुनु पर्नेछ ।

१०) **प्रतिवेदन:**

१) व्यक्तिले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभावको कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

११) **लेखा परीक्षण:**

१) परम्परागत सीप संरक्षण र संवर्धन कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

१२) **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरबाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ । साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ । कार्यालयबाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा हेर्ने मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ । साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ ।

१३) **दण्ड सजाय:**

१) छनौट भएका व्यक्ति वा व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे बमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

२) व्यक्ति वा फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीबाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१४) **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१९) **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

२०) **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

२१) **बाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**व्यक्ति तथा व्यवसायीहरुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर।

महोदय

त्यस कार्यालयबाट मिति .................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले परम्परागत सीपलाई संरक्षण र संवर्धनमा सहयोग कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) व्यवसायको नाम र ठेगानाः फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेलः

३) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचयः

४) अन्य विवरण:

५) मानवीय स्रोत सम्बन्धी विवरणः

कर्मचारी विवरणः

क) भौतिक पूर्वाधार सम्बन्धी विवरणः

ख) कोठा संख्याः

ग) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीः

घ) नागरिकताको प्रतिलिपिः

प्यान नं.

१. व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नामः

२. खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नामः

मितिः

हस्ताक्षर

# प्राविधिक शिक्षा अध्ययनरत दलित, सिमान्तकृत, पिछडिएको वर्गहरुका लागि छात्रवृति",

## कार्यान्वयन कार्यढाँचा- २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** बदलिंदो आधुनिक शिक्षाले युवाहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षाको खाँचो औंल्याएको महशुस भएको छ। प्राविधिक शिक्षा पढ्ने युवाहरुको संख्या दिनानुदिन बढ्दै छ। तर यो पढाईमा लगानी निकै धेरै लाग्ने र खर्चिलो भएकोहुँदा निम्नस्तरका युवाहरुको यसमा पहुँच नपुग भएको देखिएकोले यस युवा परिषद्ले सामान्य कापी कलम सपोर्ट गरी उनीहरुको पढाइमा निरन्तरता दिनको लागि यस प्रदेश भित्रको कलेजमा अध्ययनरत दलित, उपेक्षित, सिमान्तकृत वर्गहरुसम्म प्राविधिक शिक्षाको पहुँच पुर्याउने उद्धेश्यले प्रदेश युवा परिषद्को कार्यालयको वार्षिक स्वीकृत कार्यक्रमलाइ पारदर्शी व्यवस्थित र नतिजामुलक बनाउने र यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "प्राविधिक शिक्षा अध्ययनरत दलित, सिमान्तकृत, पिछडिएको वर्गहरुका लागि छात्रवृति , कार्यान्वयन कार्यढाँचा- २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामाः

क) "छात्रवृति " भन्नाले यस प्रदेश भित्रका स्थायी वासिन्दाहरु यसै प्रदेश भित्रको कलेजहरुमा प्राविधिक शिक्षा अध्ययनरत दलित, सिमान्तकृत, पिछडिएको वर्ग का युवाहरुका लागि प्रदेश युवा परिषद्को कार्यालयले स्नातक तह तथा स्नातकोत्तर तहमा सामुदायिक क्याम्पसमा अध्ययनरत छात्रछात्राहरुको लागि वितरण गरिने छात्रवृति कार्यक्रम अर्थात कापी कलम सपोर्ट कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ। र यसले प्रदेश युवा परिषद्को कार्यालयसँग सम्बन्धित मन्त्रालय समेत बुझाउने छ।

ङ.) "शैक्षिक संस्था" भन्नाले स्नतक तह वा स्नातकोत्तर तह संचालनमा रहेको कलेजलाई बुझाउने छ। यस कार्यढाँचाले छात्रवृति कोटा वितरण गर्न मिल्ने कलेज सम्झनु पर्दछ।

घ) "विद्यार्थी" भन्नाले तोकिएको शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

३. **उद्देश्य:**

क) विद्यार्थींहरुमा प्राविधिक शिक्षा पढने प्रवृतिको विकास गराउन।।

ख) कापी, किताव किन्न र सामान्य फी तिर्न नसकेको कारण बिचैमा पढाइ नछोड्ने र भर्ना हुन नै डराउने प्रवृतिको अन्त्य गर्न।।

ग) दलित, सिमान्तकृत पिछडिएको वर्गको प्राविधिक शिक्षामा पहुँच पुर्याउन।

घ) प्राविधिक शिक्षाको महत्व र आवश्यकता बोध गराउन।

४. **लक्षित शैक्षिक संस्था:**

१) यस बागमती प्रदेशका १३ जिल्लाका प्राविधिक शिक्षा संचालित स्नातक र स्नातकोत्तर तह संचालित सामुदायिक क्याम्पसका विद्यार्थीहरुले अनुसुचि १ अनुसारको निवेदन पेश गरेको आधारमा छनौट गरिने।

५. **शैक्षिक संस्थाले गर्नुपर्ने कार्य:**

क) शैक्षिक संस्थाले विद्यार्थी कुन समुह, कुन तह, कुन सेमेष्टरमा पढेको हो प्रमाणित गरिदिनु पर्नेछ।

ख) विद्यार्थी शैक्षिक संस्थामा भर्ना भै नियमित हाँजिर भै पढि रहेको शिफारिस गरिदिनु पर्नेछ।

ग) विद्यार्थीले तिर्नुपर्ने वार्षिक शुल्क तथा यस आ.ब.मा अन्यत्रवाट छात्रवृति लिए, नलिएको प्रमाणित गरिदिनु पर्नेछ।

घ) यी सबै शिफारिसहरु एउटै पत्रमा उल्लेख गरी क्याम्पसले शिफारिस दिन सक्नेछ ।

६. **विद्यार्थी छनौटका आधारहरु:**

१) यस कार्यक्रममा भाग लिन इच्छुक विद्यार्थीहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका छनौटका आधारहरुमा छात्रवृति छनौट गरिनेछ।

**क) मूल्यांकनका आधारहरु**

क) विद्यार्थीले यस अधिल्लो तहमा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा: २० अंक
विशिष्ट श्रेणीलाई २० अंक
प्रथम श्रेणीलाई १५ अंक
दित्तिय श्रेणीलाई १० अंक
तृतिय श्रेणीलाई ५ अंक

ख) दलित, जनजाती, शहीद परिवार तथा सिमान्तकृत वर्ग भए भए १० अंक

ग) गाँउपालिकामा अध्ययनरत भए १० अंक अन्यमा भए ५ अंक

घ) आर्थिक रुपमा कमजोर भनी स्थानिय निकायले शिफारिस गरेको भए १० अंक

७. **सूचना प्रकाशन:**

१) "प्राविधिक शिक्षा अध्ययनरत दलित, सिमान्तकृत, पिछडिएको वर्गहरुका लागि छात्रवृति कार्यक्रम" प्राप्त गर्न चाहने युवाहरुको लागि प्रदेश युवा परिषद्को कार्यालयले ३० दिनको सूचना सार्वजनिक राष्ट्रिय दैनिकमा प्रकाशन गरी निवेदन आव्हान गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि विद्यार्थीहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

३) छात्रवृति छनौट समिति: तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका निवेदन कार्यालयले अंकन गरी मूल्याङ्कन समितिमा पेश गर्नेछ। र निम्न समितिले छात्रवृति प्राप्त गर्ने शिफारिस गर्नेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष
ख) प्रदेश युवा परिषद्को सरोकारवाला मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य
ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) छात्रवृति छनौट समितिले मन्त्रालयका महाशाखा प्रमुख तथा कलेजका प्रमुखहरु गरी बढीमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ।

५) छात्रवृति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) छात्रवृति छनौट समितिले प्राप्त निवेदन उपर आवश्यक छानविन गरी कोटा निर्धारण र कोटा अनुसारको छात्रवृति रकम निर्धारण गर्नेछ। तथा कार्यक्रम व्यवस्थापन खर्च जस्तै कम्प्युटर इन्ट्री, फारम केलाउने लगायत कर्मचारी व्यवस्थापन खर्च निर्धारण गर्नेछ।

७) छात्रवृति प्राप्तीको तरिका: छात्रवृति प्राप्त गर्ने विद्यार्थीको खातामा सोझै स्वीकृत छात्रवृति रकम निकासा दिइनेछ।

८. **प्रतिवेदनः**

१) छात्रवृति वितरणको प्रतिवेदन यस कार्यालयले चौमासिक रुपमा मन्त्रालयमा पेश गर्नेछ। र वार्षिक प्रतिवेदनमा पनि दिनेछ।

९. **लेखा परीक्षणः**

१) छात्रवृति वितरणको लेखा परीक्षण कार्यालयले नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

१०. **अनुगमन तथा मूल्याङ्कनः**

१) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट तथा अन्य सरोकारवाला मन्त्रालयवाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ

**११. दण्ड सजायः**

१) झुटा विवरण पेश गरी विद्यार्थीहरुवाट छात्रवृतिको लागि निवेदन पेश भै आएकोमा तथा कलेजहरुले शिफारिस गरेको प्रमाणित भएमा त्यस्ता विद्यार्थीहरुलाई नेपाल सरकारको नियमानुसार दण्ड जरिवाना तथा आगामि दिनमा यस कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

१२. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ। यो विद्यार्थीलाई दिइएको छात्रवृति रकम मात्र नभई कापी, कलम, झोला जस्ता स्टेशनरी सामग्री सपोर्ट कार्यक्रम भएकोले अन्यत्रवाट छात्रवृति पाएको भए पनि यो छात्रवृति दिन वाधा पर्नेछैन र यो छात्रवृति पाएको आधारमा अन्यत्र संस्था कार्यालयवाट छात्रवृति पाउनको लागि यसले वाधा पार्ने छैन।

१३. **निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१४. **कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१५. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची....

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**छात्रवृतिको लागि विद्यार्थीहरूले निवेदन दिने ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मिति .................... मा राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार म यस छात्रवृतिको लागि योग्य भै छात्रवृति पाउनको लागि इच्छुक भएकोले देहायको विवरण सहित यो निवेदन पेश गरेकोछु। निवेदनमा भएका विवरणहरु झुटा ठहरिए कानुन बमोजिम सहुला बुझुला।

१. व्यक्तिगत विवरण:

क) नाम: ख) ठेगाना: स्थायी अस्थायी:

ग) वैवाहिक स्थिति: विवाहित/ अविवाहित

घ) विवाहित भए पतिको नाम:

ङ) पिताको नाम:

च) उत्तीर्ण गरेको स्नातक ११-१२ को विद्यालयको नाम:

छ) स्नातक तह उत्तीर्ण गरेको भए संस्थाको नाम:

ज) हाल अध्ययन गरी राखेको विषय:

झ) क्याम्पसको नाम:

ञ) क्याम्पसको प्रकार: सामुदायिक/ निजी

ट) रोजगारीको स्थिति : रोजगार/ बेरोजगार

ठ) रोजगार भए रोजगारदाताको
नाम:
ठेगाना:

२. शैक्षिक विवरण

| क्र.सं. | उत्तिर्ण तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम ठेगाना | विषय | उत्तीर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SLC/ SEE | | | | | |
| २ | ११-१२ | | | | | |
| ३ | स्नातक | | | | | |
| ४ | स्नातकोत्तर | | | | | |

३. अध्ययन लागत:

क) अध्ययन गर्न चाहेको क्याम्पसको मासिक पढाइ शुल्क:

ख) भर्ना शुल्क: ग) प्रयोगात्मक शुल्क:

४. विद्यार्थीको मोवाइल नं.

५. क्याम्पसको फोन नं. क्याम्पस चिफको मोवाइल नं.

४. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ। झुटा ठहरे कानुन बमोजिम सहुला बुझाउँला।

निवेदक

नाम:

ठेगाना

दस्तखत:

नोट: निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

१. नागरिकताको प्रतिलिपि।

२. शैक्षिक योग्यताको प्रमाणपत्र।

३. क्याम्पसको शिफारिस

४. दलित/जनजाति/सहिद/वेपत्ता परिवारको भएमा जिल्ला प्रशासन कार्यालयवाट दिएको प्रमाणपत्रको प्रतिलिपि।

५. विपन्न वर्गको परिवारको भएमा स्थानिय निकायले दिएको शिफारिस।

(अनिवार्य रुपमा निवेदन पेश गर्ने फाइलको अगाडी आफ्नो सम्पर्क हुने मोवाइल नं. लेख्नुहोला अन्याथा सम्पर्क हुन नसकी कुनै कागजात अपुग भएको जानकारी दिन नसकिएमा सम्वन्धित निवेदक नै जवाफदेही हुनुपर्ने व्यहोरा अनुरोध छ।)

## "युवा परिषद् स्वरोजगार कार्यक्रम" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: स्वावलम्बी भै स्वदेश मै केही गर्ने चाहना भएका युवा जनशक्तिको स्वदेश मै व्यवस्थापन हुने र केही उत्पादन मुलक कार्य गर्न चाहने तथा गरिराखेका युवाहरुले यस कार्यालयमा सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवाहरुको पेशामा सहयोग पुर्याउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश युवा परिषद्को कार्यालयले आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामुलक बनाई यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:

१) यो कार्यढाँचाको नाम "युवा परिषद् स्वरोजगार कार्यक्रम" कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा

क) "युवा परिषद् स्वरोजगार कार्यक्रम" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ। जसमा उद्योग, कृषि तथा पशुपालन पर्नेछ। वाणिज्यमा दर्ता हुने व्यापार यसमा पर्नेछैन।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ वा प्रदेश युवा परिषद्को कार्यालय हेर्ने मन्त्रालय सम्झिनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६-४० उमेर समुह जनाउने छ।

छ) "पेशा व्यवसाय" भन्नाले उद्योग, कृषि र पशुपालन जसले उत्पादन कार्य गर्नेछन् सोलाई मात्रै जनाउने छ। वाणिज्य व्यापारलाई यसले समेट्ने छैन।

३. **उद्देश्य**:

क) युवाहरुको उद्धमशिलतामा सहयोग पुग्ने।

ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनबाट रोकिने।

ग) गरी राखेको व्यवसायमा थप सहयोग पुगी थप आम्दानीको वातावरण तयार हुने।

४. **लक्षित वर्ग**:

१) यस बागमती प्रदेशका १३ जिल्ला भित्रका २५ जना युवा व्यवसायी वा व्यवसाय गर्न इच्छुक व्यक्तिहरु जसले आम्दनी गर्ने उद्धेश्यका व्यवसाय दर्ता गरी यस कार्यालयमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको वा दर्ता भै सञ्चालनको अवस्थामा रहेको हुनुपर्ने।

३) पेशा व्यवसायमा कम्तीमा रु ५०००००।०० लाख आफ्नो लगानी लागेको वा लगानी गर्ने प्रमाणित कागजात हुनु पर्ने।

**५. प्रस्ताव पेश गर्ने युवा व्यवसायीले गर्नुपर्ने कार्य:**

क) रु ५०००००।०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ।

ख) यस कार्यालयले दिएको रकमवाट खरिद गरिने सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) के मेशिनरी वा सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ।

च) प्रस्ताव यस कार्यालयको इमेल ठेगाना मार्फत पठाउन सकिनेछ र साथै स्वीकृत प्रस्तावकसँग कोभिड १९ को कारण सम्झौता समेत इमेल मार्फत गरिनेछ फरफारक गर्न सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुन पर्नेछ।

**६. छनौटका आधारहरु:**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको व्यवसायी हुनु पर्नेछ।

२) यस प्रदेशमा नै व्यवसाय गरी राखेको हुनु पर्नेछ।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका छनौटका आधारहरुमा व्यक्तिको कोटा छनौट गरिनेछ

**क) मूल्यांकनका आधारहरु**

क) पेशा व्यवसाय गरी राखेको ५ वर्ष भन्दा माथि भएमा १० अंक र भर्खर सुरुवात पेशा व्यवसायलाई ५ अंक

ख) रु १००००००।०० भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक

ग) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए २० अंक नपाको लागि १० अंक र उमानपा वा मानपाको लागि ५ अंक

घ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा १० अंक
(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने)

**७. सूचना प्रकाशन:**

१) "प्रदेश स्वरोजगार कार्यक्रम" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायीहरुलाई सहभागिताका लागि राष्टिय दैनिक पत्रिकामा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा परिषद् स्वरोजगार छनोट समिति रहनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) प्रदेश युवा परिषद्को कार्यालय हेर्ने मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी कोटा वितरण गर्नेछ।

८. **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा रु ५००००।०० (अक्षेरुपी रु पचास हजार) दिइनेछ। र सुरु किस्ता २५०००।०० (पच्चिस हजार) र अन्तिम किस्ता बिल अनुसार बढीमा २५०००।०० (पच्चिस हजार) दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फबाट कार्यकारी उपाध्यक्ष, कार्यालय प्रमुख तथा व्यक्ति वा फर्मको तर्फबाट फर्म धनी प्रोपाइटरले गर्नेछ। र साक्षीको रुपमा १ जना व्यक्ति वा फर्म रहेको स्थानको स्थानिय व्यक्तिको दस्तखत हुनु पर्नेछ।

९. **प्रतिवेदन:**

१) व्यक्तिले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभावको कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

१०. **लेखा परीक्षण:**

१) युवा परिषद् स्वरोजगार कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरबाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ। कार्यालयबाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१२. **दण्ड सजाय:**

१) छनौट भएका व्यक्ति वा व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे बमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) व्यक्ति वा फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको बजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीबाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१३. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१६. **बाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**व्यक्ति तथा व्यवसायीहरुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मिति .................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले युवा परिषद् स्वरोजगार कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) व्यवसायको नाम र ठेगाना: फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेल:

३) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

४) क. अन्य विवरण:

ख. मानवीय स्रोत सम्बन्धी विवरण:

ग. कर्मचारी विवरण:

५) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

क. कोठा संख्या:

ख. भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीअवस्था:

नागरिकताको प्रतिलिपि:

प्यान नं.

१. व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नाम:

२. खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नाम:

हस्ताक्षर

मिति:

## "युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: युवा महिलाहरुले गरि राखेको उद्योग तथा कृषि जन्य उत्पादन र पशुपालनको क्षेत्रमा कार्यरत भै आफु र आफ्नो परिवारलाई स्वावलम्बी रुपमा स्वदेश मै केही कार्य गरी आम्दानीको स्रोतमा सहयोग गरिरहेका युवा महिला उद्धमीहरुका लागि थप आर्थिक सहयोगले आफ्नो गरिराखेको पेशामा केही सामग्री थप गरेमा अझै व्यवसाय विस्तार हुने र आम्दानीको क्षेत्र बढने देखी यस कार्यालयमा सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवा महिलाहरुको पेशामा सहयोग पुर्याउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश युवा परिषद्को कार्यालयले आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामुलक बनाई यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:

१) यो कार्यढाँचाको नाम "युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग" कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा**:

क) "युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले युवा महिलाहरुको उद्धमशिलतामा थप टेवा पुर्याउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ। र यसले युवा महिलाहरुले दर्ता गरी कार्य निरन्तरता साथ गरिराखेको उद्योग, कृषि र पशुपालन लगायत आम्दानी हुने हिसावले गरिएको सम्पूर्ण लगानिलाई समेत जनाउनेछ। यसले वाणिज्यमा दर्ता भएको व्यापारलाई जनाउने छैन।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

च) "युवा महिला" भन्नाले १६-४० उमेर समुहको महिला सम्झनु पर्दछ।

छ) "उद्धम" भन्नाले महिलाले गरेको उद्योग, घरेलु उद्योग, व्यवसायिक कृषि उत्पादन (व्यक्तिगत वा सामुहिक ) तथा व्यवसायिक पशुपालन (व्यक्तिगत वा सामुहिक )लाई सम्झिनुपर्दछ। यसले होटेल, ब्युटी पार्लर लगायत व्यापारको क्षेत्र समेट्ने छैन।

३. **उद्देश्य**:

क) युवा महिलाहरुको उद्धमशिलतामा सहयोग पुग्ने।

ख) युवा महिलाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने।वा परीवारका अन्य सदस्यलाई स्वदेश कै उत्पादनशिल क्षेत्रमा कार्य गर्न रोक्न सक्ने।

ग) गरी राखेको व्यवसायमा थप सहयोग पुगी थप आम्दानीको वातावरण तयार हुने।

घ) युवा महिलाहरुलाई प्रोत्साहन पुग्ने।

४. **लक्षित वर्ग**:

१) यस बागमती प्रदेशका १३ जिल्लाका १/१ जना युवा महिला व्यवसायीहरु जसले गरि राखेको उद्धममा थप आम्दनी गर्ने उद्धेश्यका साथ यस कार्यालयमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको हुनुपर्नेछ । र जसको प्रोपाइटरहरु युवा महिला हुनुपर्नेछ ।

३) पेशा व्यवसायमा कम्तीमा रु २०००००|०० लाख आफ्नो लगानी लागेको स्थानिय तह वा तहको प्राविधिकले प्रमाणित गरेको कागजात हुनु पर्ने ।

५. **प्रस्ताव पेश गर्ने युवा महिला व्यवसायीले गर्नुपर्ने कार्यः**

क) रु २०००००|०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ ।

ख) यस कार्यालयले दिएको रकमवाट खरिद गर्न दिएको प्रस्तावमा पेश भएको सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ ।

ङ) के मेशिनरी वा सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ ।

६. **छनौटका आधारहरुः**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको युवा महिला व्यवसायी हुनु पर्नेछ ।

२) यस प्रदेशमा नै व्यवसाय गरी राखेको वा गर्ने हुनु पर्नेछ ।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध युवा महिला व्यवसायिहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका मुल्यांकनका आधारहरुमा व्यक्तिको कोटा छनौट गरिनेछ

क) **मूल्यांकनका आधारहरु**

क) पेशा व्यवसाय गरी राखेको ५ वर्ष भएमा १० अंक र सो भन्दा कम भए ५ अंक

ख) रु ३०००००|०० भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक

ग) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए २० अंक नपाको लागि १० अंक र उमानपा वा मानपाको लागि ५ अंक

घ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा १० अंक

( प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने )

७. **सूचना प्रकाशनः**

१) "युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायीहरुलाई सहभागिताका लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने महिला उद्धमीहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम छनोट समिति रहनेछ ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) सामाजिक विकास मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख -- सदस्य सचिव

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।
५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।
६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी कोटा वितरण गर्नेछ।

८. **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।
२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा रु १०००००।०० दिइनेछ। सो रकम २ किस्तामा दिइनेछ।
३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष, कार्यालय प्रमुख र फर्मको तर्फवाट फर्म धनी प्रोपाइटरले गर्नेछ। र साक्षीको रुपमा १ जना व्यक्ति वा फर्म रहेको स्थानको स्थानिय व्यक्ति हुनु पर्नेछ।

९. **प्रतिवेदन:**

१) व्यक्ति वा फर्मले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभावको कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

१०. **लेखा परीक्षण:**

१) "युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग" कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।
२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा यस कार्यालयको सरोकारवाला मन्त्रालयले निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१२. **दण्ड सजाय:**

१) छनौट भएका व्यक्ति वा व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे वमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।
२) व्यक्ति वा फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीवाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१३. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ।

१६. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**व्यक्ति तथा व्यवसायीहरुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मिति .................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले युवा महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम थप सामग्री सहयोग कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) व्यवसायको नाम र ठेगाना: फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको प्रोपाइटरको नाम र सम्पर्क नं: इमेल:

३) पेशा व्यवसायमा लगानी गरेको रकम स्थानिय निकायवाट प्रमाणित।

४) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

५) अन्य विवरण:

६) मानवीय स्रोत सम्बन्धी विवरण:

कर्मचारी विवरण:

क) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

क) कोठा संख्या:

ख) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीअवस्था:

नागरिकताको प्रतिलिपि:

प्यान नं.

१) व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नाम:

२) खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नाम:

हस्ताक्षर

मिति:

# "युवा बैज्ञानिक प्रोत्साहन तथा स्थानिय तहको समन्वय तथा संघ संस्थाको सहकार्यमा युथ ईन्नोवेशन तथा ईन्कुवेसन कार्यक्रम" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: देश विकासको पहिलो आधार शिक्षा हो। शिक्षा विना देशको विकास कल्पना गर्न सकिन्न। देशमा उत्पादित शैक्षिक जनशक्तीहरु हाल आएर विदेशिएका छन्। पढेको सीपयुक्त जनशक्ती नेपालमै अडाउनुको पनि एउटा छुट्टै चुनौती रहेको छ। तेसै गरी नेपालमा अध्ययनरत विद्यार्थीहरुले गरेको आविश्कार तथा अनुसन्धानलाई प्रस्रय दिनुपनि राज्यको सामु ठुलै चुनौती भएको छ। बागमती प्रदेश भित्रका युवा बैज्ञानिकहरुले आविश्कार गरेका कार्यहरुलाई प्रोत्साहन दिनु र वैज्ञानिक खोजलाई निरन्तरता र प्रोत्साहन दिनको लागि बागमती प्रदेश भित्र बसोवास गर्ने युवा बैज्ञानिकहरुको प्रविधिको विकास, नवप्रवर्तनात्मक कार्य, अनुसन्धान तथा प्रविधिको विकासमा लागेका युवाहरुलाई प्रोत्साहन र युथ इन्नोवेशन तथा इन्कुवेसन कार्यक्रम युवाहरुमा पुर्याउने उद्धेश्यले आ.ब.२०७८।०७९ मा यस कार्यालयको स्वीकृत बार्षिक बजेट को परदर्शी रुपमा तथा व्यवस्थित र नतिजामुखी होस् भन्ने उद्धेश्यका साथ यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:
   १) यो कार्यढाँचाको नाम "युवा बैज्ञानिक प्रोत्साहन तथा स्थानिय तहको समन्वय तथा संघ संस्थाको सहकार्यमा युथ ईन्नोवेशन तथा ईन्कुवेसन कार्यक्रम" कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।
   २) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा –
   क) "युवा बैज्ञानिक प्रोत्साहन तथा स्थानिय तहको समन्वय तथा संघ संस्थाको सहकार्यमा युथ ईन्नोवेशन तथा ईन्कुवेसन कार्यक्रम" प्रदेश युवा परिषद्को कार्यालयले युवा बैज्ञानिकहरुलाई प्रोत्साहन गर्न र इन्नोवेशन र इन्कुवेशनको क्षेत्रमा कार्य गर्न बागमती प्रदेश भित्रका युवा बैज्ञानिकहरुलाई समेट्ने गरी संचालन हुने कार्यक्रम सम्झनु पर्दछ।
   ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।
   ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।
   घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ। तथा युवा परिषद् हेर्ने सरोकारवाला मन्त्रालय सम्झिनु पर्दछ।
   ङ) "युवा बैज्ञानिक" भन्नाले १६-४० वर्षको उमेर समुहको तथा कुनै नयाँ आविश्कार वा आविश्कार भैसकेका विषयवस्तुमा गुणस्तर सुधार तथा उत्पादनको लागत कम गर्नेगरी गरिएको बैज्ञानिक सुधार कार्यक्रम सम्झनु पर्दछ।
   च) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

३. **उद्देश्य**:
   क) युवा बैज्ञानिकहरुलाई स्रोतसाधनको अभावमा अन्यत्र देश पलायन हुन नदिनु।
   ख) राम्रो कार्य गरे वापत सम्मानित हुने अवसर मिल्नु।
   ग) स्रोत साधनका लागि भौतारिदै हिड्ने अवस्था सृजना नहुनु ।
   घ) नयाँ नयाँ आविश्कारहरु हुनु, प्रविधिको विकास हुनु र त्यसले देश विकासमा टेवा पुग्नु।

४. **लक्षित वर्ग**:
   १) यस बागमती प्रदेशका १३ जिल्ला मा स्थायी बसोवास भएका ५ युवा बैज्ञानिक तथा प्रविधिमा नयाँ पन ल्याउने युवाहरुलाई वर्ष भरीमा उत्कृष्ट कार्य गरे वापत रु १०००००।०० (रु एक लाख) का दरले प्रोत्साहन सम्मान कार्यक्रम गरिने।

२) स्थानिय तहको समन्वय तथा संघ संस्थको सहकार्यमा कुनै युवाहरुले ईन्नोवेशनको कार्य गरेमा उक्त कार्यमा बढीमा रु १५००००००।०० (अक्षेरुपी रु पन्ध्र लाख ) सम्म अनुदानको रुपमा सम्झौता अनुसार रकम उपलब्ध गराइने।

५. **युवा वैज्ञानिक तथा प्रविधि आविश्कार कर्ता छनौटका आधारहरु:**

१) यस कार्यक्रममा सहभागी हुनको लागि यस कार्यालयले युवा वैज्ञानिकहरु तथा प्रविधिको विकास कर्तालाई राष्ट्रिय दैनिक पत्रिका मा प्रस्ताव पेश गर्न आव्हान गर्नेछ। प्राप्त प्रस्तावको आधारमा प्रस्ताव, विशेषज्ञहरुको अध्ययनवाट छनौट गरिनेछ।

२) इन्नोवेशन तथा इन्कुवेशनका लागि स्थानिय निकाय वा संघ संस्थाको सहकार्यमा विशेषज्ञको समितिले छनौट पश्चात सम्झौता गरिनेछ।

**क) मूल्यांकनका आधारहरु**

क) नव आविश्कार तथा नव प्रविधिको प्रस्ताव अध्ययन पश्चात समितिको निर्णय।

ख) इन्नोवेशन तथा इन्कुवेशनका लागि समिति र सहकार्य गर्ने संघ संस्थ तथा इन्नोवेशकसँग को संयुक्त बैठकवाट निस्किएको निचोड अनुसार गरिनेछ।

६. **सूचना प्रकाशन:**

१) यस कार्यक्रमको लागि युवा वैज्ञानिक प्रोत्साहनका लागि प्रस्ताव आव्हान गर्न राष्ट्रिय दैनिक पत्रिकामा १५ दिन म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि प्रस्ताव पेश गर्ने युवा वैज्ञानिकले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) युवा वैज्ञानिक प्रोत्साहन अनुदान र इन्नोवेशन तथा इन्कुवेशन शिफारिस छनौट समितिमा निम्नानुसारका पदाधिकारी रहनेछन्।

| | | |
|---|---|---|
| क) | कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | अध्यक्ष |
| ख) | परिषद्का कार्यकारी समितिका सम्पूर्ण पदाधिकारीहरु ३ जना | सदस्य |
| ग) | जिल्ला भित्रको विज्ञान विषय पढाइ हुने कलेजको फिजिक्स टिचर कार्यकारी उपाध्क्षवाट मनोनित हुने १ जना | सदस्य |
| घ) | जिल्ला भित्रको विज्ञान विषय पढाइ हुने कलेजको केमेस्ट्रीको टिचर कार्यकारी उपाध्क्षवाट मनोनित हुने १ जना | सदस्य |
| ङ) | सामाजिक विकास मन्त्रालयको सूचना प्रविधि अधिकृत १ जना | सदस्य |
| च) | कम्प्युटर इन्जिनियर कार्यकारी उपाध्क्षवाट मनोनित १ जना | सदस्य |
| छ) | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको अधिकृत कर्मचारी पदेन | सदस्य |
| ज) | प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको कर्मचारी पदेन | सदस्य |
| झ) | प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | सदस्य सचिव |

**आमन्त्रीत हुन सक्ने सदस्यहरु:**

क) कृषि तथा वनविज्ञान विश्वविद्यालयमा अध्यापन गर्ने प्राध्यापक १ जना

ख) जिल्ला भित्रको विज्ञान विषय पढाइ हुने विद्यालयको शिक्षक १ जना गरी अन्य विशेषज्ञहरु ३ जना थप गर्न सक्नेछ।

५) छनौट तथा शिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) छनौट तथा शिफारिस समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी प्रोत्साहन अनुदानको शिफारिस तथा अन्य यस कार्यक्रमको कार्य गर्नेछ।

७. **सम्झौता:**

१) दफा ६ को उपदफा ३ वाट शिफारिस भै निर्णय पश्चात द्विपक्षीय सम्झौता गरिने छ।

२) इन्नोवेशन र इन्कुवेशनका लागि सम्झौता पश्चात पहिलो किस्ता स्वरुप ३३ प्रतिशत रकम निकासा दिइनेछ। साथै कार्य सम्पन्न भए पश्चात बिल भरपाई कार्यालयमा पेश गरेपछि दोस्रो तथा अन्तिम किस्ता खातामा निकासा दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित संस्था वा ब्यक्तिलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ। सम्झौता कार्यालयको तर्फवाट उपाध्यक्ष र कार्यालय प्रमुख तथा संस्थाको तर्फवाट संस्था प्रमुख वा व्यक्तिले गर्नेछ। तर संस्था वा व्यक्तिको तर्फवाट साक्षीको रुपमा स्थानिय थप १ जना को दस्तखत हुनु पर्नेछ।

८. **प्रतिवेदन:**

१) संस्थाले कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ। र कार्यक्रम सम्पन्न गरी यो आर्थिक वर्ष भित्र भुक्तानी लिइ सक्नुपर्नेछ।

९. **लेखा परीक्षण:**

१) इन्नोवेशन तथा इन्कूवेशन कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

१०. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावक,स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख संस्थाले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै कुन कार्यक्रम कुन मितिमा हुने भन्ने जानकारी कार्यालयलाई दिनु पर्नेछ। कार्यालयबाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ।

११. **दण्ड सजाय:**

१) छनौट भएको संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता संस्थालाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन। साथै नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नियम अनुसार कारवाही गरिनेछ।

२) संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त संस्थावाट वा व्यक्तिवाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१२. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१३. **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१४. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१५. **बाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची– ......

(दफा ११ को उपदफा २ संग सम्बन्धित )

**युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रमको प्रस्तावको ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय , हेटौंडा, मकवानपुर ।

महोदय,

त्यस कार्यालयबाट मिति ....................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रमको लागि योग्य भै प्रोत्साहनका लागि ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) युवा वैज्ञानिक को नाम र ठेगानाः सम्पर्क नं: इमेलः

२) आफ्नो सम्पूर्ण व्यक्तित्व झल्किने परिचयः

३) पारिवारिक अवस्था:

४) समाज र राष्ट्रलाई पुर्याएको योगदानः

सपोर्ट गर्ने कागजातहरुः

१) सहभागी व्यक्तित्वको खाता रहेको बैंकको नामः

२) खाता नं:

प्रष्ट खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

नाम थर

ठेगाना

हस्ताक्षर

मितिः

# युवा सञ्जालको गठन तथा अभिमुखिकरण" कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** आजको समयमा धेरै थरीका पेशामा मानिसहरु आवद्ध भै रहेका छन् तिनिहरु संगठित रुपमा नभएका कारणले आफ्ना हकहितका कुराहरु सरोकारवालाहरुसँग पुर्याउन सकिरहेका छैनन् । आफ्नो हकहितका लागि युवाहरु एक भै सम्बन्धीत क्षेत्रमा आफ्ना भनाईहरु पुर्याउनको लागि पे शागत रुपमा संजालको आवश्यकता महशुस भैरहेको छ । महिला संजाल, बालबालिका संजालका अतिरिक्त युवा संजालहरुको आवश्यकता महशुस गरिएकोले तथा कुनै एक पेशामा आवद्ध युवाहरुलाई एकै ठाउँमा ल्याइ संजाल निर्माण गर्न आवश्यक भएकोले प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार युवा सञ्जाल गठन र अभिमुखिकरण कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामुलक बनाउने र यो कार्यक्रमले छरिएर रहेका युवाहरुमा सञ्जाल बनाउन सहयोग पुर्याउने उद्धेश्यले प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "युवा सञ्जालको गठन तथा अभिमुखिकरण" कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा –

क) "कार्यक्रम" भन्नाले प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको संजाल निर्माण तथा संजाल निर्माणपूर्व सरोकारवालाहरुसँग अभिमुखिकरण कार्यक्रम संचालन गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय वा यस प्रदेश युवा परिषद्को सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ ।

ङ) "संजाल" भन्नाले छरिएर रहेका युवाहरुलाई एकिकृत गरी संगठनात्मक र भावानात्मक रुपमा जोडिएको कार्य गर्ने समिति सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ ।

३. **उद्देश्य:**

क) छरिएर रहेका पेशा तथा अन्य क्षेत्रका युवाहरुलाई एकतृत गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्नु ।

ख) छरिएर रहेका युवाहरुलाई एकतृत गर्नु ।

ख) एकतृत गरी संजाल निर्माण गर्नु ।

४. **लक्षित युवाहरु:**

१) यस बागमती प्रदेशका १३ जिल्ला भित्रका युवाहरु ।

२) कुनै पेशा व्यवसायमा आवद्ध युवाहरु ।

३) व्यवसाय तथा एकल रुपमा छरिएर रहेका युवाहरु संजालमा आवद्ध हुन चाहने ।

५. **कार्यालयले गर्ने कार्यहरु:**

क) छरिएर रहेका बागमती प्रदेश भित्रका युवाहरु तथा कुनै पेशा व्यवसायमा लागेका युवाहरुको पहिचान गरि उनीहरुलाई अभिमुखिकरण कार्यक्रममा सहभागी गराउने ।

ख) कुनै क्लब तथा युवाहरु तथा स्थानिय तहमा नमुनाको रुपमा युवाहरु एकतृत गरी युवाहरुको संजाल निर्माण गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

ग) अभिमुखिकरण पश्चात उनीहरुको संजाल निर्माण गर्न सहजीकरण गर्ने।

घ) लक्ष अनुसार ५ वटा संजाल निर्माण गर्ने।

ङ) कार्यालयले कुनै क्लब तथा संघ संस्थाले संजाल निर्माणको लागि सहयोग तथा समन्वय गर्ने प्रतिवद्धताका साथ यस कार्यालयसँग सम्झौता गर्न चाहेमा दुबै पक्ष बीचमा सम्झौता गरी संजाल निर्माणको कार्य दिन सकिने।

६. **अभिमुखिकरणमा सहभागी छनौटका आधारहरु:**

१) यस कार्यक्रम संचालन गर्न इच्छुक संस्थाका पदाधिकारी र यस कार्यालयको कार्यकारी उपाध्यक्ष, कार्यालयको प्रमुख तथा मन्त्रालयको अधिकृत स्तरको कम्तीमा १ कर्मचारी सहित बैठक बसी संजाल निर्माणको अभिमुखिकरण तथा युवा संजालको निर्माण जिम्मेवारी दिनको लागि संस्था छनौट गर्न सकिने छ।

२) कार्यालयले सरोकारवालको पहिचान गरी सरोकारवालहरुको अभिमुखिकरण गर्न सक्ने छ र सो अभिमुखिकरण पश्चात संजाल गठन गर्न सक्नेछ।

३) कार्यक्रम अभिमुखिकरणको तथा संजाल गठन सम्बन्धमा आइपरेका विविध कार्यको सहजिकरणका लागि १ युवा सञ्जाल सहजिकरण समिति गठन गरिएको छ।

| | | |
|---|---|---|
| क) | कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | – अध्यक्ष |
| ख) | सामाजिक विकास मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख | – सदस्य |
| ग) | प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | – सदस्य सचिव |

४) समितिले मन्त्रालयका महाशाखा प्रमुख तथा अन्य सरोकारवाला ३ जनालाई सम्म आमन्त्रण गर्न सक्नेछ।

५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) समितिले आवश्यकता अनुसारका निर्णय गरी यो कार्यक्रम कार्वान्वियनमा ल्याउनेछ।

७. **प्रतिवेदन:**

१) कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ। र कार्यालयले चौमिसक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछ।

८. **लेखा परीक्षण:**

१) कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

९. **अनुगमन तथा मूल्याङ्कन:**

१) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ।

१०. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

११. **निर्देशनको पालना:** प्रदेश सरकार तथा मन्त्रालय दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१२. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

२१. **बाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

## युवा सञ्जालको परिचालन (साझेदारीमा आधारित) " कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८॥०८।

**प्रस्तावना**: आजको समयमा धेरै थरीका पेशामा मानिसहरु आवद्ध भै रहेका छन्, तिनिहरु संगठित रुपमा नभएका कारणले आफ्ना हकहितका कुराहरु सरोकारवालाहरुसँग पुर्याउन सकिरहेका छैनन् । आफ्नो हकहितका लागि युवाहरु एक भै सम्बन्धीत क्षेत्रमा आफ्ना भनाईहरु पुर्याउनको लागि पेशागत रुपमा संजालको आवश्यकता महशुस भैरहेको छ । महिला संजाल, बालबालिका संजालका अतिरिक्त युवा संजालहरुको आवश्यकता महशुस गरिएकोले तथा कुनै एक पेशामा आवद्ध युवाहरुलाई एकै ठाउँमा ल्याइ संजाल निर्माण गरिएकोले उनीहरुको परिचालन गर्नु पनि यस कार्यालयको आ.ब.२०७८।०७९ को स्वीकृत कार्यक्रम रहेकोले तथा युवा सञ्जालहरुको परिचालन गर्न आवश्यक भएकोले उक्त कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाउने र यो कार्यक्रमलाई युवाहरुको सञ्जाल माझमा प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "युवा सञ्जालको परिचालन (साझेदारीमा आधारित) " कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा –**

क) "कार्यक्रम" भन्नाले प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको संजाल निर्माण गरी उनीहरुले आफ्नो संजालको हितमा तथा उत्पादन मूलक र आयआर्जनका क्षेत्रमा लगानी गर्न चाहेको अवस्थामा यस कार्यालयसँग मिली साझेदारी रुपमा कार्य गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय वा यस प्रदेश युवा परिषद्को सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ ।

ङ.) "संजाल" भन्नाले छरिएर रहेका युवाहरुलाई एकिकृत गरी संगठनात्मक र भावानात्मक रुपमा जोडिएको कार्य गर्ने समिति सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ ।

३. **उद्देश्य:**

क) छरिएर रहेका पेशा तथा अन्य क्षेत्रका युवाहरुलाई एकतृत गरी निर्माण भएको संजालसँग कार्यक्रम साझेदारीमा गर्नु

ख) छरिएर रहेका युवाहरुलाई एकतृत गर्नु ।

ख) एकतृत गरी संजाल निर्माण भैसकेकालाई परिचालन गर्नु ।

५. **लक्षित युवाहरु:**

१) यस बागमती प्रदेशका १३ जिल्ला भित्रका युवाहरु ।

२) कुनै पेशा व्यवसायमा आवद्ध युवाहरु ।

३) व्यवसाय तथा एकल रुपमा छरिएर रहेका युवाहरु जसले यस कार्यालयको सहयोगमा सञ्जाल निर्माण गरी कुनै कार्यक्रम संचालन गर्न चाहेमा यस परिषद्को कार्यकारी समिति र सञ्जालका पदाधिकारीहरुको संयुक्त बैठक बसी कार्यक्रम तय र स्वीकृत गर्ने ।

६. **कार्यालयले गर्ने कार्यहरु:**

क) छरिएर रहेका बागमती प्रदेश भित्रका युवाहरु तथा कुनै पेशा व्यवसायमा लागेका युवाहरुको पहिचान गरि संजाल निर्माण भए पश्चात संजालले कुनै कार्य गर्न प्रस्ताव पेश गरेमा प्रति संजाल ३००००००।०० (अक्षेरुपी तीन लाख) का दरले बढिमा ५ वटा सञ्जालका लागि लागत साझेदारीमा कार्य गर्न दिने।

ख) कार्यक्रम स्वीकृतिका लागि कार्यकारी समिति र सञ्जालको संयुक्त बैठकबाट निर्धारण गर्ने र स्वीकृत गर्ने।

७. **संजालले गर्नुपर्ने कार्य:**

क) संजालले उत्पादन मुलक कार्य वा संजालको हित हुने कार्यमा रकम लगानि गर्नु पर्नेछ।

ख) यस कार्यालयले रु ३००००००।०० सम्मको कार्यक्रम स्वीकृत पश्चात संजालले पनि उत्तिकै रकम थप लगानी गर्नु पर्नेरछ। अर्थात लगानि ५०/५० प्रतिशत हुनेछ।।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) खर्च रकम तथा बिल रकमहरु संजालको समितिवाट अनुमोदन गर्नु पर्नेछ।

८. **संजाल छनौटका आधारहरु:**

१) यस कार्यालयको अभिमुखिकरण पश्चात निर्माण भएका संजालहरु पहिलो प्राथमिकतामा पर्नेछन्।

२) यदि पहिला नै बनिसकेका युवा लक्षित संजालहरु भएमा र उनीहरुले कार्य गर्न चाहेमा प्रस्ताव पेशको आधारमा कार्य समितिले संजाल छनौट गरि बैठकवाट कार्यक्रम स्वीकृत गर्नेछ।

**क) मूल्यांकनका आधारहरु**

क) परिषद्को कार्यकारी समितिले गरेको मुल्यांकनको आधारमा हुने

९. **सूचना प्रकाशन:**

१) युवा संजाल निर्माणको लागि युवा सञ्जालको अभिमुखिकरण देखि सञ्जाललाई आर्थिक सहयोगसम्मका कार्यमा कुनै सूचना प्रसारण गर्नुपर्ने भएमा आवश्यकताको आधारमा राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरिनेछ। सुचना प्रकाशनको निर्धारण दफा ९ को उपदफा ३ बमोजिमको समितिले गर्नेछ

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रम सञ्चालन गर्ने सञ्जाल सम्पर्कमा रहनु पर्नेछ।

३) संजालसँग बैठक बस्ने समितिः संजालको लागि वार्ता गर्ने समिति देहायको हुनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) समितिले मन्त्रालयका महाशाखा प्रमुख र अन्य सरोकारवाला बढीमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ।

५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) समितिले दिएको सुझाव सहितको निर्णय कार्यकारी समितिमा राखी संयुक्त बैठक बसेर साझेदारी अनुदान सहयोग निर्धारण गर्नेछ।

१०. **सम्झौता:**

१) समितिबाट छनौट भएका संजाल र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात पहिलो किस्ता स्वरुप संजालको खातामा ३३ प्रतिशत रकम निकासा दिइनेछ।साथै कार्य सम्पन्न

भए पश्चात बिल भरपाईको आधारमा कार्यालयमा पेश गरेपछि दोस्रो तथा अन्तिम किस्ता विद्यालयको खातामा निकासा दिइनेछ।

३) सम्झौताको २ प्रति हुनेछ। एक प्रति सम्बन्धित संजाललाई, र एक प्रति कार्यालयमा राख्नु पर्नेछ। सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष तथा कार्यालय प्रमुख र संजालको तर्फवाट संजालको अध्यक्ष तथा कोषाध्यक्षले गर्नेछ।

**११. प्रतिवेदनः**

१) संजालले कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

**१२. लेखा परीक्षणः**

१) यस युवा सञ्जाल परिचालतन कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

**१३. अनुगमन तथा मूल्याङ्कनः**

१) स्थानीय तहमा सम्बन्धित अभिभावक, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख संजालले चुस्तदुरुस्त राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ।

**१४. दण्ड सजायः**

१) छनौट भएको संजालले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता संजाललाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) संजालले सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१५. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१६. **निर्देशनको पालनाः** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१७. **कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१८. **बाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

## "लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** युवाहरुले कम्तीमा ३ जना मिलि समुहमा गरि राखेको उद्योग तथा कृषि जन्य उत्पादन र पशुपालनको क्षेत्रमा कार्यरत भै आफु र आफ्नो परिवारलाई स्वावलम्बी रुपमा स्वदेश मै केही कार्य गरी आम्दानीको स्रोतमा सहयोग गरिरहेका युवा समुह उद्धमीहरुका लागि थप आर्थिक सहयोगले आफ्नो गरिराखेको पेशामा केही सामग्री थप गरेमा अझै व्यवसाय विस्तार हुने र आम्दानीको क्षेत्र बढने देखी यस कार्यालयमा सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवा समुहहरुको पेशामा सहयोग पुर्याउने उद्धेश्यले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश युवा परिषद्को आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामुलक बनाई यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यढाँचाको नाम "लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम" कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा:

क) "लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको उद्धमशिलतामा थप टेवा पुर्याउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ। र यसले कम्तीमा ३ जना युवाहरु मिली नेपाल सरकारको सरोकारवाला संस्थामा दर्ता गरी कार्य निरन्तरता साथ गरिराखेको उद्योग, कृषि र पशुपालन लगायत आम्दानी हुने हिसावले गरिएको सम्पूर्ण लगानिलाई समेत जनाउनेछ। यसले वाणिज्यमा दर्ता भएको व्यापारलाई जनाउने छैन।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

च) "युवा " भन्नाले १६-४० उमेर समुहको व्यक्तिलाई सम्झनु पर्दछ।

छ) "उद्धम" भन्नाले महिलाले गरेको उद्योग, घरेलु उद्योग, व्यवसायिक कृषि उत्पादन (व्यक्तिगत वा सामुहिक ) तथा व्यवसायिक पशुपालन (व्यक्तिगत वा सामुहिक )लाई सम्झिनुपर्दछ। यसले होटेल, ब्युटी पार्लर लगायत व्यापारको क्षेत्र समेट्ने छैन।

ज) "समुह" भन्नाले ३ वा सो भन्दा वढी युवाहरु मिली गरेको सामुहिक कार्य सम्झनु पर्दछ।

३. **उद्देश्य:**

क) युवाहरुको सामुहिक उद्धमशिलतामा सहयोग पुग्ने।

ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने ।वा परिवारका अन्य सदस्यलाई स्वदेश कै उत्पादनशिल क्षेत्रमा कार्य गर्न रोकन सक्ने।

ग) गरी राखेको व्यवसायमा थप सहयोग पुगी थप आम्दानीको वातावरण तयार हुने।

घ) युवाहरुलाई प्रोत्साहन पुग्ने र कार्य गर्न हौसला प्रदान हुने।

४. **लक्षित वर्ग:**

१) यस बागमती प्रदेशका १३ जिल्लाका २/२ युवा समुह व्यवसायीहरु जसले गरि राखेको उद्धममा थप आम्दनी गर्ने उद्धेश्यका साथ यस कार्यालयमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।

२) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको हुनुपर्नेछ। र जसको प्रोपाइटरहरु युवाहरु हुनुपर्नेछ।

३) पेशा व्यवसायमा कम्तीमा रु ५००००० l०० (पाँच लाख) आफ्नो लगानी लागेको स्थानिय तह वा तहको प्राविधिकले प्रमाणित गरेको कागजात हुनु पर्ने।

५. **प्रस्ताव पेश गर्ने युवा समुह व्यवसायीले गर्नुपर्ने कार्य:**

क) रु ५००००० l०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ।

ख) यस कार्यालयले दिएको रकमवाट खरिद गर्न दिएको प्रस्तावमा पेश भएको सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नुपर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) के मेशिनरी वा सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ।

६. **छनौटका आधारहरु:**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको युवा व्यवसायी समुह हुनु पर्नेछ।

२) यस प्रदेशमा नै व्यवसाय गरी राखेको वा गर्ने हुनु पर्नेछ।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध युवा व्यवसायि समुहहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका मुल्यांकनका आधारहरुमा कोटा छनौट गरिनेछ

**क) मूल्यांकनका आधारहरु**

क) पेशा व्यवसाय गरी राखेको ५ वर्ष भएमा १० अंक र सो भन्दा कम भए ५ अंक

ख) रु १०००००० l००(रु दश लाख) भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक

ग) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए २० अंक नपाको लागि १० अंक र उमानपा वा मानपाको लागि ५ अंक

घ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा १० अंक

(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने )

७. **सूचना प्रकाशन:**

१) "लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायी समुहहरुलाई सहभागिताका लागि राष्टिय दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने युवा व्यवसायीहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको महिला उद्धमशिलता प्रवर्धन कार्यक्रम छनोट समिति रहनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) कार्यालयको सरोकारवाला मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानबिन गरी कोटा वितरण गर्नेछ।

८. **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा रु ३००००० ।०० (रु तीन लाख) दिइनेछ । सो रकम २ किस्तामा दिइनेछ। पहिलो किस्ता ३३ प्रतिशत दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फबाट कार्यकारी उपाध्यक्ष, कार्यालय प्रमुख र फर्मको तर्फबाट फर्म धनी कम्तीमा ३ जना प्रोपाइटरले गर्नेछ।

९. **प्रतिवेदन:**

१) समुह वा फर्मले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभावको कार्यक्रम सम्पन्न भए पश्चात बिल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

१०. **लेखा परीक्षण:**

१) "लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम" कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरबाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ। कार्यालयबाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा यस कार्यालयको सरोकारवाला मन्त्रालयले निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१२. **दण्ड सजाय:**

१) छनौट भएका व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे बमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) समुह, फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीबाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१३. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ।

१६. **बाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**व्यक्ति तथा व्यवसायीहररुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू
प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मिति .................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार हामी वा फर्मले लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) व्यवसायको नाम र ठेगाना: फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको प्रोपाइटरको नाम र सम्पर्क नं: इमेल:

३) पेशा व्यवसायमा लगानी गरेको रकम स्थानिय निकायवाट प्रमाणित।

४) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

५) अन्य विवरण:

६) मानवीय स्रोत सम्बन्धी विवरण:

कर्मचारी विवरण:

क) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

क) कोठा संख्या:

ख) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जगमा भए लालपूर्जको फोटोकपीअवस्था:

नागरिकताको प्रतिलिपि:

प्यान नं.

१) व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नाम:

२) खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नाम:

हस्ताक्षर

मिति:

# "प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माण" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: बागमती प्रदेश, प्रदेश सभाले बनाएको प्रदेश युवा परिषद्,ऐन २०७६ को दफा ४ उपदफा २ मा परिषद्को आफ्नै छाप हुनेछ भन्ने व्यवस्था भएको र छापको लागि लोगो निर्माण आवश्यक रहेको साथै आ.ब. २०७८।०७९ को यस प्रदेश युवा परिषद्को कार्यालयको स्वीकृत बार्षिक कार्यक्रममा पनि प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माणका लागि बजेट बिनियोजन भएकोले उक्त कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामुलक बनाउने र प्रभावकारी रुपमा संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यढाँचाको नाम "प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माण" कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा

क) "प्रदेश युवा परिषद्को लोगो डिजाइन तथा स्लोगान निर्माण" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले आफ्नो अविच्छन्न उत्तराधिकारवाला एक स्वशासित तथा संगठित संस्थाको पहिचान दिलाउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ। जसको आफ्नै एउटा छाप हुनेछ र सो छापमा यो लोगो प्रयोग गरिनेछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झिनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६-४० उमेर समुह जनाउने छ।

छ) "लोगो " भन्नाले यस बगमती प्रदेशको प्रदेश युवा परिषद् झल्काउने चित्र डिजाइन सम्झिनु पर्दछ।

ज) स्लोगान भन्नाले बढीमा २ लाइनको युवालाई शसक्तिकरण र उत्प्रेरणा दिने शब्द समुह (कोटेशन) सम्झिनु पर्दछ।

३. **उद्देश्य**:

क) कार्यालयको आफ्नै पहिचानको लोगो तथा स्लोगान हुने।

ख) कार्यालयको आफ्नै छाप बनाउन सहयोग पुग्ने।

४. **लक्षित वर्ग**:

१) नेपाल भरीका डिजाइनर तथा स्लोगान लेखकहरुका लागि दैनिक पत्रिकामा खुल्ला सहभागीताका लागि आव्हान गरिनेछ। सबै इच्छुक नेपाली यस प्रतियोगितामा सहभागी हुन सक्नेछन्।

५. **लोगो तथा स्लोगान पेश गर्ने व्यक्तिले गर्नुपर्ने कार्य**:

क) लोगो तथा स्लोगान निर्माण गर्ने व्यक्ति नेपाली नागरिक हुनु पर्नेछ।

ख) लोगो तथा स्लोगान छुट्टा छुट्टै पेश गर्नु पर्नेछ। एकै ब्यक्तिले पनि दुबै विधामा भाग लिन सक्नेछ।

६. **छनौटका आधारहरु**:

१) लोगो तथा स्लोगान यस कार्यालयको सुचना समयावधि भित्र प्राप्त भएको हुनुपर्नेछ।

२) धेरै संख्यामा लोगो तथा स्लोगान पेश हुन आएमा देहायका छनौटका आधारहरुमा छनौट गरिनेछ

**क) मूल्यांकनका आधारहरु**

क) हरेक सदस्यले निम्नानुसारको आधारमा अलग अलग अंक दिनेछन् । र सोही आधारमा औषत अंक निकाली लोगो तथा स्लोगान छनौट गरिनेछ । लोगो छनौटको आधारहरु:

| | |
|---|---|
| १) बागमती प्रदेश झल्किने लोगोको | १० अंक |
| २) युवाहरुको उत्साह झल्किने | १० अंक |
| ३) युवा परिषद्को मर्म, कार्य र उद्धेश्य झल्किने | १० अंक |
| ३) हेर्दा आकर्षक | १० अंक |
| ४) संयुक्त छलफलवाट निचोड अंक | १० अंक |

**ख) स्लोगान छनौटको आधार:**

| | |
|---|---|
| १) बागमती प्रदेश झल्किने स्लोगानका लागि | १० अंक |
| २) युवाहरुको उत्साह झल्किने स्लोगानका लागि | १० अंक |
| ३) युवा परिषद्को मर्म, कार्य र उद्धेश्य झल्किने | १० अंक |
| ३) पढ्दा आकर्षक | १० अंक |
| ४) संयुक्त छलफलवाट निचोड अंक | १० अंक |

(कुल ५० अंक मध्ये औषतमा जसको बढी लोगो तथा स्लोगानले नम्बर प्राप्त गर्दछ सोही छनौट हुनेछ र पुरस्कृत हुनेछ ।)

७. **सूचना प्रकाशन:**

१) "प्रदेश युवा परिषद्को लोगो डिजाइन र स्लोगान निर्माण" कार्यक्रममा सहभागी हुनको लागि नेपालभरीवाट खुल्ला रुपमा प्रतिश्पर्धा मार्फत राष्टिय दैनिक पत्रिकामा १५ दिनको वा सो भन्दा बढी तथा पर्याप्त लोगो र डिजाइन प्राप्त नभएमा थप म्याद राखी प्रदेश युवा परिषद्को कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

ख) प्राप्त लोगो तथा स्लोगानहरु स्वीकृत वा अस्विकृत गर्ने अधिकार दफा ७ को उपदफा ३ को समितिसँग रहनेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रम मा भाग लिन चाहने नेपाली नागरिकले कार्यालयको सूचना अनुसार कार्यालय समय भित्र लोगो तथा स्लोगान छुट्टा छुट्टै वा एकमुष्ट पेश गर्न सक्नेछन् ।

३) लोगो तथा स्लोगान छनौट समिति: तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको लोगो तथा स्लोगान छनोट समिति रहनेछ ।

| | |
|---|---|
| क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् | – अध्यक्ष |
| ख) युवा हेर्ने मन्त्रालयको महाशाखा प्रमुख | – सदस्य |
| ग) युवा परिषद्का मनोनित कार्यकारी सदस्य २ जना | – सदस्य |
| घ) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख | – सदस्य सचिव |

४) आवश्यकता अनुसार छनौट समितिले प्रस्ताव मूल्यांकन विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । र कुनै विवाद तथा दुविधा उत्पन्न हुने परिस्थितिमा यसै समितिले गरेको निर्णय अन्तिम मानिनेछ ।

६) प्रस्ताव छनौट समितिले प्राप्त लोगो तथा स्लोगान उपर आवश्यक छानविन गरी यस परिषद्को लागि आवश्यक लोगो र स्लोगान छनौट गर्नेछ ।

८. **सम्झौता:**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका लोगो र स्लोगान निर्मातासँग निर्मित लोगो र स्लोगान यस प्रदेश युवा

परिषद्को कार्यालयमा सर्वाधिकार रहेको सम्झौता गर्नेछ र उक्त निर्माता व्यक्तिलाई सार्वजनिक समारोह बीच पुरस्कृत गर्नेछ। साथै लोगोको सर्वाधिकारका लागि यस कार्यालयले Pattern Rights दर्ता गर्न सक्नेछ। अन्य कसैको कुनै हक लाग्ने छैन।

२) सम्झौता पश्चात व्यक्ति वा संस्थालाई पुरस्कार स्वरुप लोगो निर्मातालाई ५००००।०० ( अक्षेरुपी रु पचास हजार ) र स्लोगान निर्मातालाई रु ३००००।०० ( अक्षेरुपी रु तीस हजार ) पुरस्कार प्रदान गरिने छ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा संस्थालाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष, कार्यालय प्रमुख तथा व्यक्ति वा संस्थाको तर्फवाट डिजाइनर वा स्लोगान निर्माताले गर्नेछ।

९. **विविध:**

१) छनौट भएको व्यक्ति वा निर्माताले लोगो तथा स्लोगानमा आफ्नो दावी गर्न पाउने छैन र यसको सर्वाधिकार यस कार्यालयसँग हुने भएकोले यसको प्रयोग तथा प्रयोग नगर्ने अधिकार यस कार्यालयसँग निहित हुनेछ॥ अन्य कुनै दावी विरोध निर्माताको पक्षवाट हुन पाउने छैन। साथै यसको हार्डकपी र सफ्टकपी बुझाउनु पर्ने दायित्व निर्माताको हुनेछ।

२) यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१०. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

११. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

## "विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन" कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: आजको युग युवाहरुको युग हो। युवाहरु नै परिवर्तनका संवाहकहरु हुन्। युवाहरु नै आविश्कार का जननी हुन्। युवाहरु नै चेतनाको दियो हुन्। युवाहरुले नयाँ र सीर्जनात्मक कार्य गरेनन् भने देश कहिलै पनि आधुनिकता तर्फ धकेलिंदैन। युवाहरुले नै नयाँ नयाँ आश्चर्यजनक कार्य तथा देशलाई प्रगति र विकासको बाटोमा धकेल्न सक्दछन्। तसर्थ यस्तै राम्रो र विशिष्ट कार्य गरेका यस प्रदेश भित्रका १३ जिल्लाका ५ व्यक्तिहरुलाई उत्कृष्ट कार्य गरे वापात सम्मान र प्रोत्साहन दिने यस प्रदेश युवा परिषद्को आ.ब. २०७८।०७९ को स्वीकृत कार्यक्रम रहेको र सो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामुलक बनाउने र प्रभावकारी रुपमा कार्यक्रम संचालन गरी उत्कृष्ठ युवाहरुलाई सम्मान गर्न सकियोस भनि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यढाँचाको नाम "विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन" कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा –

क) "विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले प्रदेश भित्रका विशिष्ट प्रतिभा भएका ५ जना युवाहरुलाई सम्मान गर्ने कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ।

ङ) "विशिष्ट प्रतिभा" भन्नाले यस प्रदेश भित्रको युवाले अचम्म लाग्दो, आश्चर्यजनक कार्य, अरुले गर्न नसकेको कार्य वा सबै भन्दा उत्कृष्ठ कार्य गर्ने प्रतिभा सम्झिनु पर्दछ। जो आगामी दिनमा राष्ट्रको गहनाको रुपमा रहन सकोस।

घ) "युवा" भन्नाले १६-४० उमेर समूहका व्यक्तिलाई सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

च) जिल्ला युवा समिति भन्नाले प्रदेश युवा परिषद्ले नियुक्त गरी वा राष्ट्रिय युवा परिषद्ले नियुक्त गरी जिल्ला जिल्लामा कृयासिल रहेको समितिलाई जनाउने छ।

३. **उद्देश्य**:

क) प्रदेश भित्रका विशिष्ट प्रतिभा भएका युवाहरुलाई सम्मान र प्रोत्साहन गर्ने।

ख) विशिष्ट कार्य गर्नको लागि युवा उत्प्रेरित हुने।

ग) युवाले आफ्नो पहिचान स्थापित गर्न सफल हुने।

४. **लक्षित वर्ग**:

१) यस बागमती प्रदेशका १३ जिल्ला भित्रका ५ जना विशिष्ट प्रतिभा तथा राष्ट्रका लागि योगदान दिएका युवाहरुलाई सम्मान गरिने।

२) बागमती प्रदेशको वासिन्दा हुनु पर्ने।

३) देशको लागि केही सृजनशिल कार्य गरेको हुनुपर्ने तथा विशिष्ट कार्य गरेको हुनुपर्ने।

५. **जिल्ला युवा समितिले गर्नुपर्ने कार्य:**

१) आफ्नो जिल्ला भित्र रहेका युवाहरु मध्ये विशिष्ट कार्य गरेका बढीमा तीन जनाको नाम शिफारिस गरी पठाउनु पर्नेछ।

२) शिफारिस गरि पठाइएका युवाहरु १६-४० उमेर समूहको हुनुपर्नेछ र यसको अद्यावधिक विवरण जिल्ला युवा समितिले राख्नुपर्नेछ।

६. **विशिष्ठ प्रतिभा छनौटका आधारहरु:**

१) जिल्ला युवा समितिहरुले छनौट गरी पठाएको नामावली साथमा निज युवा नै छनौट हुनुको कारण के हो प्रष्ट खुल्नुपर्नेछ। निजले गरेको विशिष्ट कार्य प्रष्ट खुल्नुपर्नेछ।

२) निजले गरेको र प्राप्त सम्मानका प्रमाणपत्र तथा पत्रिकाका कटिङहरु सँगसँगै संलग्न गर्नुपर्नेछ।

३) जिल्ला युवा समितिको शिफारिस बाहेक व्यक्तिले यस कार्यालयवाट सूचना प्रकासन पश्चात आफु विशिष्ट प्रतिभा पुरस्कारको लागि योग्य भएको दाबी गरी प्रपोजल सिधै यस कार्यालयमा निवेदन दिन वा मेल मार्फत पठाउन सक्नेछ, सो यस प्रकारको निवेदनका लागि पनि जिल्ला युवा समितिले गरेको शिफारिस सरह मान्यता दिइनेछ।

४) साथै स्थानिय निकाय, जिल्ला समन्वय समिति तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था हरुले आफ्नो शिफारिसमा विशिष्ट युवा प्रतिभा पुरस्कारको लागि सम्पूर्ण वायोडाटा र प्रमाण सहित शिफारिस गरेमा सो समेत यस पुरस्कारको लागि योग्य मानिने छ।

क) **मूल्यांकनका आधारहरु**

क) विशिष्ट प्रतिभाले प्राप्त गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रमाणपत्रहरुको आधारमा छनौट समितिले दिने कुल २० अंक।

ख) विशिष्ट प्रतिभा सेलिब्रेटीको रुपमा चिनिएको भए पत्रिकाको कटिङ तथा सम्मान पत्रहरुको आधारमा छनौट समितिले दिने १० अंक

ग) गाँउपालिकाको युवा भए १० अंक नपा र उमानपा वा मानपाको लागि ५ अंक

घ) जिल्ला युवा समितिको शिफारिस तथा अन्य संघ संस्थाको शिफारिस र प्रमाणित कागजातहरुका आधारमा छनौट समितिले दिने १० अंक

७. **सूचना प्रकाशन:**

१) विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन कार्यक्रममा सहभागी हुनकोलागि विशिष्ट प्रतिभाहरुले आफ्नो दावी पेश गर्नको लागि राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी युवा प्रतिभाहरुले जिल्ला युवा समितिमा सम्पर्क राख्ने समय दिइनेछ। तथा

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तथा युवाहरुले जिल्ला युवा समितिमा आफ्ना कागजात तथा दावी पेश गरिसकेपछी शिफारिस गर्नको लागि जिल्ला युवा समितिलाई १५ दिनको म्याद दिइनेछ। यसरी समय भित्र प्राप्त शिफारिसहरुको आधारमा विशिष्ट युवा प्रतिभा पहिचान गरी सम्मान तथा प्रोत्साहन प्रदान गरिनेछ। विशिष्ट युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागी हुन चाहने युवाहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव जिल्ला युवा समितिमा पेश गर्नुपर्नेछ र जिल्ला युवा समितिले आफ्नो शिफारिस सहित यस कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ।।

३) कुनै संघ, संस्था, स्थानिय निकाय, जिल्ला समन्वय समिति मार्फत तथा व्यक्तिगत तवरवाट आफ्नो दावी पेश गर्ने भए कार्यालय समय भित्र ३० दिनमा पेश गर्न सक्नेछ। सो को लागि आफ्नो सम्पूर्ण सपोर्टिङ डकुमेन्ट संलग्न हुनु पर्नेछ।

४) युवा प्रतिभा छनौट समिति: तोकिएको मिति भित्र जिल्ला युवा समितिमा तथा संस्थागत र व्यक्तिगत रुपमा प्रस्ताव समेत पेश भै कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा प्रतिभा छनोट समिति रहनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष
ख) यस कार्यालयको सरोकारवाला मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य
ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

५) छनौट समितिले मन्त्रालयका महाशाखा प्रमुख र विद्यालयका प्रअ तथा कलेजका प्रमुखहरु तथा विशेषज्ञको रुपमा गरी बढीमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

६) युवा प्रतिभा छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे

७) युवा प्रतिभा छनौट समितिले प्राप्त प्रस्ताव र शिफारिस उपर आवश्यक छानविन गरी युवा प्रतिभाको छनौट गर्नेछ ।

८. **सम्मानः**

१) युवा प्रतिभा छनौट समितिबाट छनौट भएका युवाहरुलाई ७ दिन अगाडी नै खबर गरी आफै उपस्थित हुने गरी विशेष समारोहका बीचमा सम्मानित र पुरस्कृत गरिनेछ ॥

९. **प्रतिवेदनः**

१) युवा प्रतिभा छनौट पश्चात र सम्मान पश्चात कर्यालयमा प्रतिवेदन तयार गरी सुरक्षित राख्नेछ ।

१०. **लेखा परीक्षणः**

१) युवा प्रतिभा पहिचान कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कनः**

१) गरिएका कार्यहरुको सरोकारवाला मन्त्रालयवाट अनुगमन हुन सक्नेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

**१२. दण्ड सजायः**

१) युवाहरुले गलत कागजात पेश गरी छनौटमा सहभागी भएमा तथा शिफारिस गर्ने संघ संस्थाले गलत शिफारिस गरेमा नेपाल सरकारको कानुन बमोजिम कारवाही हुनेछ । .

१३. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१४. **निर्देशनको पालनाः** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१६. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**युवा प्रतिभा पहिचानको लागि प्रस्तावको ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर ।

मार्फत:

जिल्ला युवा समिति, ............... जिल्ला नेपाल । वा संघ संस्था मार्फत

महोदय,

त्यस कार्यालयबाट मिति ............................. मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म युवा प्रतिभा पुरस्कारको निम्ती लायक भै सम्मानका लागि ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) युवा प्रतिभाको नाम र ठेगाना: सम्पर्क नं: इमेल:

२) आफ्नो सम्पूर्ण व्यक्तित्व झल्किने परिचय:

३) पारिवारिक अवस्था:

४) समाज र राष्ट्रलाई पुर्याएको योगदान:

सपोर्ट गर्ने कागजातहरु:

१) सहभागी व्यक्तित्वको खाता रहेको बैंकको नाम:

२) खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

हस्ताक्षर

नाम:

ठेगाना:

मिति:

# "शारीरिक क्षमता कमजोर भएका युवा व्यवसायीका लागि सामग्री सहयोग"
# कार्यान्वयन कार्यढाँचा, २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना:** स्वावलम्बी भै स्वदेश मै केही गर्ने चाहना भएका शारीरीक क्षमता कमजोर भएका युवा व्यवसायीहरु जुन युवा जनशक्तिको स्वदेश मै व्यवस्थापन हुने र केही उत्पादन मुलक कार्य गर्न चाहने तथा गरिराखेका युवाहरुले यस कार्यालयमा सहयोगको अपेक्षा राखी प्रस्ताव पेश गरेमा युवाहरुको पेशामा सहयोग पुर्याउने उद्धेश्यले यस परिषद्बाट "अपाङ्ग युवा व्यवसायीका लागि सामग्री सहयोग" को उद्धेश्य राखी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश युवा परिषद्को कार्यालयको आ.ब.२०७८।०७९ को स्वीकृत वार्षिक बजेटमा" अपाङ्ग युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामुलक बनाई यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः
   १) यो कार्यढाँचाको नाम "शारीरिक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ।
   २) यो कार्यढाँचा कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा
   क) "शारिरीक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले शारिरीक रुपमा अपाङ्ग युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ।
   ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।
   ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।
   घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय वा प्रदेश युवा परिषद्को सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ।
   ङ) "कार्यालय भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।
   च) "युवा" भन्नाले १६- ४० उमेर समुहको व्यक्ति सम्झिनु पर्दछ।

३. **उद्देश्य:**
   क) शारिरीक रुपमा कमजोर युवाहरुको उद्धमशिलतामा सहयोग पुग्ने।
   ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने ।तथा समाज घरपरिवारवाट अपहेलित्व हुन नपर्ने।
   ग) गरी राखेको व्यवसायमा थप सहयोग पुगी थप आम्दानीको वातावरण तयार हुने र सहज जीवनयापन हुने।
   घ) शारिरीक रुपमा कमजोर भएका युवाहरुले पनि आफ्नो जीवनस्तर आफ्नै खुट्टामा उभिएर जिउन सक्दछन् भन्ने सन्देश प्रवाह हुने ।

४. **लक्षित वर्ग:**
   १) यस बागमती प्रदेशका १३ जिल्लाका २६ जना शारिरीक रुपमा कमजोर भएका युवा व्यवसायीहरु जसले आम्दनी गर्ने उद्धेश्यका साथ थप सामग्री यस कार्यालयवाट प्राप्त गर्नको लागि आर्थिक सहयोगका निम्ती प्रस्ताव पेश गरेको आधारमा छनौट गरिने।
   २) पेशा व्यवसाय नेपाल सरकारको नियमानुसार दर्ता भै सञ्चालन भै रहेको वा दर्ता भै सञ्चालनको अवस्थामा रहेको हुनुपर्ने।
   ३) पेशा व्यवसायमा कम्तीमा रु १०००००।०० (एक लाख) आफ्नो लगानी गरेको हुनु पर्ने।

५. **प्रस्ताव पेश गर्ने युवा व्यवसायीले गर्नुपर्ने कार्य:**

क) रु १०००००।०० सम्म आफ्नो लगानी गरेको हुनु पर्नेछ।

ख) यस कार्यालयले दिएको रकमवाट खरिद गरिने सामग्रीहरु यस कार्यालयसँग सम्झौता भए पश्चात व्यवस्थापन गर्नु पर्नेछ।

ग) यस कार्यालयसँग सम्झौता भएको रकमको सक्कल बिल भरपाई कार्यक्रम सम्पन्न भएको मितिले ३० दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ। वा कार्यालयले खरिद गरिदिएमा थप सामग्री पश्चात व्यवसायमा भएको आम्दानीको परिवर्तनको प्रतिवेदन पेश गर्नुपर्नेछ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोबार गर्नुपर्नेछ।

ङ) के मेशिनरी वा सामग्री खरिद गरि उत्पादन र आम्दानी बढाउने हो प्रस्तावमा प्रष्ट खुल्नुपर्नेछ र प्रस्तावमा तोकिएको कार्यमा मात्र यस रकम खर्च गर्नुपर्नेछ।

६. **छनौटका आधारहरु:**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको शारीरिक रुपमा असक्त भनी नेपाल सरकारले प्रमाणित परिचय दिएको व्यवसायी हुनु पर्नेछ।

२) यस प्रदेशमा नै व्यवसाय गरी राखेको वा गर्ने हुनु पर्नेछ।

३) यस कार्यक्रम अन्तरगत सुविधा लिन इच्छुक पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुवाट धेरै संख्यामा निवेदन पर्न आएमा देहायका छनौटका आधारहरुमा व्यक्तिको कोटा छनौट गरिनेछः

**क) मूल्यांकनका आधारहरु**

क) पेशा व्यवसाय ५ वर्ष अगाडि देखि गरी राखेको भएमा १० अंक र ५ वर्ष भन्दा कम समय पेशा व्यवसाय गरेको भए ५ अंक

ख) रु २०००००।०० भन्दा माथि लगानी गरेकोलाई १० अंक र कमलाई ५ अंक

ग) गाँउपालिकामा पेशा व्यवसाय गरेको भए २० अंक नपाको लागि १० अंक र उमानपा वा मानपाको लागि ५ अंक

घ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा १० अंक

(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने)

७. **सूचना प्रकाशन:**

१) "शारिरीक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले युवा व्यवसायीहरुलाई सहभागिताका लागि राष्टिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कार्यक्रमवाट सुविधा लिन चाहने व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ। प्रस्ताव ईमेलवाट पनि पठाउन सकिनेछ। र सम्झौता कोभिड १९ को कारणले इमेल मार्फत पनि गरिनेछ। तर अन्तिम बिल भरपाई पेश गर्ने समयमा व्यवसायी स्वयं उपस्थित हुनु पर्नेछ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न देहायको शारीरिक क्षमता कमजोर भएका युवा व्यवसायी कोटा छनोट समिति रहनेछ।

क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् – अध्यक्ष

ख) प्रदेश युवा परिषद्को को कार्यालय हेर्ने मन्त्रालयको युवा हेर्ने महाशाखा प्रमुख – सदस्य

ग) प्रदेश युवा परिषद्को कार्यालयको प्रमुख – सदस्य सचिव

४) छनौट समितिले बढीमा २ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

५) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी कोटा वितरण गर्नेछ।

८. **सम्झौताः**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका व्यक्ति वा व्यवसायी र कार्यालय बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात व्यक्ति वा व्यवसायीलाई सामग्री खरिदका लागि बढीमा रु ५००००।०० दिइनेछ र सो रकम दुई किस्तामा दिइनेछ।

३) सम्झौता २ प्रति हुनेछ। एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ।सम्झौता कार्यालयको तर्फवाट उपाध्यक्ष र कार्यालय प्रमुख तथा व्यक्ति वा फर्मको तर्फवाट फर्म धनी प्रोपाइटरले गर्नेछ। र साक्षीको रुपमा १ जना व्यक्ति वा फर्म रहेको स्थानको स्थानिय व्यक्ति हुनु पर्नेछ।

९. **प्रतिवेदनः**

१) व्यक्तिले सामग्री खरिद पश्चात व्यवसायमा परेको प्रभाव सहित कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन ३० दिन भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

१०. **लेखा परीक्षणः**

१) "शारिरीक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कनः**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख व्यक्ति वा फर्मले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। साथै खरिद गरिएका सामग्रीहरु सरोकारवालाहरुले अनुगमन गर्दा देखाउन सक्ने हुनुपर्नेछ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा यस कार्यालयको सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ। साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ।

१२. **दण्ड सजायः**

१) छनौट भएका व्यक्ति वा व्यवसायीले प्रस्ताव गरिए र सूचना गरे बमोजिमको सम्झौता गर्न नआएमा वा सम्झौता अनुसार कार्य नगरेमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) व्यक्ति वा फर्मसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त व्यक्ति वा व्यवसायीबाट जुनसुकै वखत क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

१३. **विविधः** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

१४. **निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ।

१६. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

(दफा ७ को उपदफा २ संग सम्बन्धित )

**"शारिरीक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रमका लागि व्यक्ति तथा व्यवसायीहरुले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा**

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मिति .......................... मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले "शारिरीक क्षमता कमजोर भएका युवा व्यवसायी सामग्री सहयोग" कार्यक्रम अन्तरगत कार्य गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

१) व्यवसायको नाम र ठेगाना: फोन नं. सहित

२) व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेल:

३) व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचय:

४) अन्य विवरण:

५) मानवीय स्रोत सम्बन्धी विवरण:

कर्मचारी विवरण:

क) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

क) कोठा संख्या:

ख) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपी अवस्था:

नागरिकताको प्रतिलिपि:

प्यान नं.

१) व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नाम:

२) खाता नं:

प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने

प्रोपाइटरको नाम:

हस्ताक्षर

मिति:

# " सीप मुलक तालिम (३९० घण्टा)" कार्यान्वयन कार्यढाँचा , २०७८

स्वीकृत मिति २०७८।०८।

**प्रस्तावना**: यस प्रदेश भित्र बसोवास गरी बेरोजगार रहेका युवाहरुलाई कुनै सीपको अभावमा कार्य गरी आम्दानीको वातावरण वनाउन नसकेका र सीपको आवश्यकता महशुस गरेका तर अवसर प्राप्त गर्न नसकेका विशेष आवस्यकता भएका महिला,अपाङ्ग तथा विदेशवाट फर्केका तथा वेरोजगार युवाहरुको लागि यस प्रकारको ३९० घण्टे तालिम प्रदान गरी सीप सहितको रोजगारमा प्रवेश गराउने उद्धेश्यले प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७८।०७९ को स्वीकृत वार्षिक बजेट अनुसार यो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामुलक बनाउने र प्रभावकारी रुपमा संचालन गर्नको लागि परिषद्को कार्यकारी समितिले यो कार्यढाँचा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:

१) यो कार्यढाँचाको नाम " सीप मुलक तालिम (३९० घण्टा)" कार्यान्वयन कार्यढाँचा , २०७८ रहेको छ।

२) यो कार्यढाँचा युवा तथा खेलकुद मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा

क) "सीप मुलक तालिम (३९० घण्टा)" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले विशेष आवश्यकता भएका युवाहरूलाई लेभल १ को सीप सिकाई युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने र रोजगार बनाउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

च) "युवा" भन्नाले १६–४० उमेर समुह जनाउनेछ।

छ) "विशेष आवश्यकता भएका युवाहरु" भन्नाले जनजाती, दलित, सिमान्तकृत, अतिसिमान्तकृत, पिछडिएका महिला, गरिब, शारिरिक रुपमा कमजोर, विदेशवाट फर्किएका युवा, शहीद परिवार सम्झिनु पर्दछ।

ज) "रोजगार" भन्नाले नेपाल सरकारले तोकेको न्युनतम ज्याला कमाउने सम्झिनु पर्दछ।

ज) "रोजगार युक्त व्यक्ति " भन्नाले नेपाल सरकारले तोकेको न्युनतम ज्याला कमाउन सक्ने, अरुकोमा कार्य गरेर वा आफै आफ्नो कार्य व्यवसाय गरेर कमाउन सक्ने वा विदेशमा गै कम्तीमा पनि मासिक २००००।०० कमाउन सक्ने व्यक्तिलाई सम्झनुपर्दछ।

३. **उद्देश्य**:–

क) विशेष आवश्यकता भएका युवाहरुलाई सीप सिकाइ उद्धमशिलतामा तथा रोजगारमा लाग्ने बनाउने।

ख) युवाहरु स्ववलम्बी भै स्वदेश मै केही गर्ने चाहनाका साथ विदेश पलायन हुनवाट रोकिने।

ग) सीपको अभावमा सस्तो ज्यालामा युवाहरुले कार्य गर्ने कार्य बन्द हुने र आम्दानी स्रोत वढ्ने।

घ) व्यवसायमा आधुनिकिकरण हुने । सीपयुक्त जनशक्ति तयार हुने।

ङ) रोजगारीको सतप्रतिशत अवसर प्राप्त हुने । स्वदेशी सीपयुक्त जनशक्ति तयार भएमा देशको धन विदेश नजाने।

**४. लक्षित वर्ग**:

१) यस बागमती प्रदेश भित्रको २ जिल्ला मकवानपुर (व्युटीसियन २० जना र ल्पम्बर २० जना ) र दोलखामा (इलेक्ट्रीसियन २० जना र सिलाइ बुनाइ २० जना) मा गरी जम्मा ८० जना तालिम संचालन गरिने।

२) प्राप्त भए सम्म महिला, शारीरिक क्षमता कमजोर भएका, विदेशवाट फर्केका बेरोजगार, विशेष क्षेत्रवाट आउने , जनजातीका महिला पुरुष, उपेक्षित अपहेलित उत्पिडित दलित जनजातिका महिला पुरुष तथा शहीद परिवारका महिला र पुरुष युवाहरुलाई यो तालिमको लक्षित वर्ग मानिएको छ। माथि उल्लेखित परिवारका युवाहरु इच्छुक भै तालिम लिन नचाहेमा वा उपलब्ध नभएमा मात्र अन्य युवाहरुलाई प्राथमिकतामा राखी यो तालिम दिइनेछ।

३) तालिम लिन इच्छुक व्यक्तिले विशेष कारण विना विचैमा तालिम छोड्न पाउने छैन।।

५. **प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था छनौटको आधार**

क) यस कार्यालयले तालिम प्रदायक संस्था छनौटका लागि १५ दिने सूचना प्रकाशन गर्नेछ।

ख) तालिम प्रदायक संस्थाले ३९० घण्टे तालिम २० जनालाइ मकवानपुर तथा दोलखा जिल्लामा तालिम प्रतिव्यक्ति कति रुपैयामा तालिम दिलाउन सक्ने हो प्रस्तावमा खुलाई यस कार्यालयमा पेश गर्नुपर्नेछ। प्रस्तावमा दर अलग अलग जिल्लाको लागि अलग अलग खुलाउन सकिनेछ। र अलग अलग जिल्ला र कार्यक्रममा प्रस्ताव पेश गर्न सकिनेछ।

ग) यस कार्यालयसँग सम्झौता पश्चात मकवानपुर (व्युटीसियन र प्लम्बर ) र दोलखामा (इलेक्ट्रीसियन र सिलाई कटाइ) सम्बन्धी तालिमको सीप दिलाउन तथा लेभल १ पास गरी रोजगार दिलाउन कति रकममा सक्ने हो प्रस्तावमा उल्लेख हुनु पर्नेछ। रोजगरी दिलाउन नसक्ने तालिम प्रदायक संस्थासँग सम्झौता गरिने छैन।

घ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ।

ङ) सहभागीहरुले रोजगार प्राप्त गरेको अनुसुची २ अनुसारको यस कार्यालयले अनुगमन गरेर फारम प्राप्त भए पश्चात मात्र तालिम प्रदायक संस्थाले भुक्तानी प्राप्त गर्नेछ। रोजगारको अनुगमन कार्यालयले तोकेको व्यक्तिवाट हुनेछ। अनुगमनमा संस्थाको तर्फवाट प्रतिनिधि सँगै रहेको हुनेछ।

च) तालिम प्रदायक संस्थाले २०७८। असारको २० गते सम्म आफ्नो सम्झौता अनुसारको रकम दावी गरिसक्नु पर्नेछ। अन्यथा यस कार्यालय सम्झौता अनुसारको रकम दिन बाध्य हुनेछैन।

छ) माथि उल्लेखित सर्तहरु पालना गर्नसक्ने तालिम प्रदायक निकायको प्रस्ताव छनौट गरिनेछ।

ज) तालिम प्रदायक संस्थाले हालका मिति सम्म कम्तीमा ५०० जनाको लागि यस्तो किसिमको तालिम संचालन गरी सिप परिक्षण उत्तिर्ण गराइ सकेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ। यस्तो तालिम प्रदायक संस्थाले मात्रै यस कार्यक्रम प्राप्त गर्नको लागि प्रस्ताव पेश गर्न सक्नेछन्। र संस्था दर्ता भै सञ्चालन भएको कम्तीमा १० वर्ष हुनुपर्नेछ।

झ) सहभागीको रोजगारको अनुगमन अनुसुची २ अनुसारको फारम अनुसार हुनेछ।

ञ) जती सहभागी रोजगार हुनेछन् त्यति नै मात्रको प्रतिव्यक्ति बढीमा ४००००।०० (रु चालिस हजार) का दरले वा सम्झौता अनुसार भुक्तानी हुनेछ।

ट) तालिम प्रदायक संस्थाले सहभागीहरुलाई दैनिक कम्तिमा रु ५०।०० को खाजा खुवाउनु पर्नेछ तथा स्टेशनरी र तालिम सामग्रीको व्यवस्थापन गर्नु पर्नेछ। सहभागीहरुवाट कुनै पनि तालिमका लागि स्रोत जुटाउन पाइने छैन।

ठ) तालिमका सहभागीहरुले विहान बेलुकाको खाने र बस्ने प्रवन्ध आफै मिलाउनु पर्नेछ।

ड) माथि उल्लेखित सर्तहरु पालना गर्नसक्ने तालिम प्रदायक निकायको प्रस्ताव स्वीकार्य हुनेछ। अन्यथा हुनेछैन। र यदि १ भन्दा बढी तालिम प्रदायक संस्थाको निवेदन पर्न आएमा निम्न आधारहरुमा संस्थाको मुल्यांकन र छनौट गरिनेछ।

ढ) तालिममा सहभागी युवाहरु छनौटको जिम्मेवारी स्वयं तालिम प्रदायक संस्थाले लिनु पर्नेछ र सकेसम्म भौगोलिक विकटता हेरी घरवाट आउन जान सक्ने गापा तथा नपाका सहभागीहरुको सहभागिताका लागि तालिम प्रदायक संस्थाले सूचित गर्नुपर्नेछ।

**क) तालिम प्रदायक संस्था मूल्यांकनका आधारहरु**

क) हालसम्म १००० जनालाई यस्तो तालिम कार्यक्रम सम्पन्न गरिसकेको भए १० अंक ७०० भन्दा माथि भए ५ अंक र सो भन्दा कम भए ३ अंक

ख) बागमती प्रदेश भित्र आफ्नो केन्द्रिय कार्यालय तथा आफ्नै तालिम हल भए भए १० अंक र भाडामा तालिम संचालन गर्ने भए ५ अंक

ग) संस्था दर्ता भएको १० वर्ष भए १० अंक र सो भन्दा कम अवधिको भए ५ अंक

घ) CTEVT वाट कुनै पनि विषयमा T.s.l.c. कार्यक्रम संचालन गरेको तालिम प्रदायक संस्था भए १० अंक नभए ५ अंक

ङ) पेश गरेको प्रपोजल र प्रपोजलको आधारमा छनौट समितिले कार्यक्रम संचालन गर्न र सफल बनाउन सक्ने विश्वासनियताको आधारमा १० अंक

(प्रपोजल भित्र समेटिएका सम्पूर्ण विस्तृतिकरणका लागि ५ देखि १० अंक दिइने)

६. **सहभागी छनौटका आधारहरुः**

१) यस प्रदेशमा स्थायी वसोवास गरेको युवा हुनु पर्नेछ।

२) १६-४० उमेर समूहको युवालाई सहभागी गराउनु पर्नेछ।

३) माथि उल्लेखित लक्षितवर्ग उपलब्ध भएसम्म अन्य युवाहरुले प्राथमिकता पाउने छैनन्।

३) तालिम प्रदायक संस्थाले आफ्नो खर्चमा बढी युवाहरुलाई तालिम दिलाउन सक्नेछ।तर यस कार्यालयले २० जना भन्दा बढी युवाको तालिम खर्च सम्झौता अनुसारको रकम भन्दा बढी भुक्तानी गर्न सक्नेछैन।

७. सूचना प्रकाशनः

१) यस तालिम कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले तालिम प्रदायक संस्थाहरुसँग प्रस्ताव माग गर्न राष्टिय दैनिक पत्रिकामा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तालिम प्रदान गर्न सक्षम तालिम प्रदायक संस्थाहरुले तालिम सफलता पुर्वक सम्पन्न गर्न सक्ने प्रतिवध्धता सहितको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ।

३) संस्था छनौट र यस कार्यालयसँग सम्झौता पश्चात सहभागी छनौटका लागि तालिम प्रदायक संस्था आफैले कम्तीमा ७ दिने सूचना स्थानिय पत्रिका वा एफ.एममा सूचना प्रकाशन गरी गर्नुपर्नेछ।

४) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न परिषद्को कार्यकारी समिति प्रस्ताव छनौट समिति हुनेछ।

५) छनौट समितिले बढीमा ३ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ।

६) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी तालिम प्रदायक संस्था छनौट गर्नेछ।

८. **सम्झौताः**

१) प्रस्ताव छनौट समितिबाट छनौट भएका तालिम प्रदायक संस्था संग कार्यालय र संस्था बीच द्विपक्षीय सम्झौता गरिने छ।

२) सम्झौता पश्चात तालिम प्रदायक संस्थाले ३९० घण्टा तालिम प्रदान गरी सके पश्चात सहभागी संख्या अनुसारको सम्झौता रकमको ५०% रकम प्राप्त गर्नेछ। साथै सहभागी रोजगार भए पश्चात प्रति सहभागी थप बाँकी रकम ५० प्रतिशत दिइनेछ। रोजगार नभएको व्यक्तिको रकम दोस्रो किस्ता दिइनेछैन।

३) सम्झौता २ प्रति हुनेछ । एक प्रति सम्बन्धित तालिम प्रदायक संस्थालाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ । सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष र कार्यालय प्रमुख तथा तालिम प्रदायक संस्थावाट प्रोपाइटर वा म्यानेजर र लेखा हेर्ने कर्मचारीले गर्नेछ ।

४) जुन सुकै विषम परिश्थिती आइपरे पनि सम्झौतामा जुन कुरा उल्लेख भए तापनि तालिम प्रदायक संस्थालाई तालिम संचालन गरेर ३९० घण्टा तालिम पुरा गरिसके पश्चात कार्यालयले सम्झौताको ५० प्रतिशत रकम खातामा निकासा दिनेछ ।

५) काबु वाहिरको परिस्थिति आई तथा देशमा महामारी फैलिन गै तालिम संचालन गर्न नसक्ने परिस्थिति सीर्जना हुन गएमा तालिम प्रदायक संस्थाले खर्च गरेको रकम बढीमा यस कार्यालयले निकासा दिएको पहिलो किस्ता रकमसम्म वा कम खर्च भएको भए सोही अनुसार बिल भरपाई फरफारक गरिनेछ । र यसको निर्णय कार्यकारी समितिले गर्नुपर्नेछ ।

९. **प्रतिवेदन:**

१) तालिम प्रदायक संस्थाले कार्यक्रमको सुरुवात हुँदाको वखत सहभागी हुनेहरुको नामावली सहितको प्रतिवेदन र सम्पन्न पश्चात सहभागी व्यक्तिहरुले प्राप्त गरेको सर्टिफिकेटको प्रतिलिपि तथा तालिम समयका समय समयका फोटोहरु तथा प्रतिवेदन पेश गर्नुपर्नेछ । साथै रोजगार अनुगमन कर्ताले यस कार्यालयले निर्माण गरेको अनुगमन फारम भरेको १ प्रति यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१०. **लेखा परीक्षण:**

१) सीप मुलक तालिम (३९० घण्टा) कार्यक्रम संचालनको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख तालिम प्रदायक संस्थाले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ । कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ । साथै स्थानिय तहसँग पटक पटकको समन्वयको जिम्मा तालिम प्रदायक संस्थाको हुनेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा यस कार्यालयको सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ । साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ ।

१२. **दण्ड सजाय:**

१) छनौट भएका तालिम प्रदायक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता अनुसार कार्य नगरेमा त्यस्तो तालिम प्रदायक संस्थासँग आगामि दिनमा अन्य कार्यक्रमहरुमा सहभागि भै सहकार्य गरिने गराईने छैन ।

२) तालिम प्रदायक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त तालिम प्रदायक संस्थासँग जुनसुकै वखत सम्झौता रद्ध गरी क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१३. **विविध:** यस कार्यढाँचा बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१४. **निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१५. **कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार कार्यकारी समितिले कार्यढाँचा संसोधन गर्न सक्नेछ

१६. **वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी समितिले बाधा अड्काउ फुकाउन सकेनेछ ।

# युवा स्वयंसेवकका लागि तालिम तथा सामग्री खरिद" कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९

स्वीकृत मिति २०७९।०३।१२

**प्रस्तावना:** युवाहरु देशमा आइपरेको विपद्को व्यवस्थापन, विविध प्रकारका स्वयंसेवा, सामाजिक कार्यका लागि परिचालन गर्न सकियोस् भन्ने उद्धेश्यका साथ आ.ब. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट कम्पोनेन्ट नं. २.७.२५.२८५ र क.नं. २.७.८.४८ खर्च शीर्षक २२५२२ कार्यान्वयनका लागि उक्त कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाउने र यो कार्यक्रमलाई युवाहरुको माझमा प्रभावकारी रुपमा संचालन गर्नको लागि युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम "युवा स्वयं सेवकका लागि तालिम" कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ।

२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "कार्यक्रम" भन्नाले प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको समुहमा संचालन गर्ने स्वयं सेवक तालिम सम्झनु पर्दछ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ।

३. **उद्देश्य:**

क) विपत व्यवस्थापन, विविध प्रकारका स्वयंसेवा, सामाजिक कार्यका लागि युवाको सहभागिता हुने।

ख) युवाहरुमा सहकार्य र सहयोगको भावना विकास हुने।

ग) राष्ट्र, राष्ट्रियता र समाजप्रति उत्तरदायी हुने।

५. **लक्षित युवाहरु:**

१) यस बागमती प्रदेश भित्रका युवाहरु।

२) स्वयंसेवी भावना भएका।

६. **कार्यालयले गर्ने कार्यहरु:**

क) कार्यालयले जिल्ला जिल्लामा २० जनाको विपद् व्यवस्थापनका लागि स्वयंसेवक निर्माण गर्ने।

ख) निर्माण गरिएको समुहको समितिमा रहेका २० जना सदस्यहरुलाई ट्र्याकसुट लगायतका बजेटको परिधिमा रही समाग्री खरिद गरेर दिने।

७. **समुह निर्माण गर्ने संस्था वा व्यक्तिले गर्नुपर्ने कार्य:**

क) जिल्ला युवा समितिको सक्रियतामा कार्यविधि अनुसारका सहभागीहरुको भेला गरी समुह बनाउने।

ख) प्रशिक्षकहरुले तोकिएका सदस्यहरु माझमा तालिम कार्यक्रम संचालन गर्ने।

ग) तालिम प्राप्त सदस्यहरुलाई ट्र्याकसुट लगायतका सामग्री वितरण गर्ने।

८. **प्रदेश युवा स्वयंसेवक समिति बनाउन जिल्ला युवा स्वयंसेवक समितिमा रहने पदाधिकारीहरु:**

१) जिल्ला युवा समितिको अध्यक्षको संयोजकत्वमा निम्नानुसारका सदस्यहरु रहनेछन्।

| | | |
|---|---|---|
| १. | स्काउटका प्रतिनिधि युवाहरु जम्मा | ५ जना (२ जना महिला सहित) |
| २. | नेपाल रेडक्रसका प्रतिनिधि युवाहरु | ५ जना (२ जना महिला सहित) |
| ३. | पत्रकारहरुवाट | २ जना (१ महिला सहित) |

४. जिल्लाका सक्रिय राजनैतिक दलका युवा, सामाजिक संघ सस्था लगायत विविध क्षेत्रका युवाहरु मध्ये
७ जना (३ महिला सहित)

**जम्मा** २० जना युवाहरु

**९. सूचना प्रकाशन:**

१) युवा स्वयंसेवक समिति बनाउनको लागि जिल्ला युवा समितिलाई कार्यालयले पत्र दिइ सुचित गर्नेछ।

**१०. सम्झौता:**

१) जिल्ला युवा समितिवाट नै यस कार्यक्रमको तालिम र सामग्री वितरणको व्यवस्थापन हुनेछ

२) तालिम पश्चात जिल्ला युवा समितिले वन्दोवस्तीका सामान ट्र्याकसुट लगायतका विविध सामग्रीहरुको वितरण गर्नेछ।

३) प्रदेश युवा परिषद् / जिल्ला युवा समितिले समितिका सदस्यलाई आवश्यकताका आधारमा स्वयंसेवीको रुपमा खट्न आव्हान गरिनेछ।

४) परिषद् वा जिल्ला युवा समितिसँग विपद् व्यवस्थापनका लागि वा स्वयंसेवाका लागि यसै क्षेत्रमा कार्य गरिरहेका संस्था नेपाल रेडक्रस सोसाइटी वा नेपाल स्काउटले सहकार्यमा कार्य गर्न सक्नेछन्। जसको लागि कार्यालयले सोझै वार्ताद्वारा यी संस्थाका पदाधिकारीसँग सम्झौता गर्न सक्नेछ।

५) यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कम्पोनेन्ट नं.२.७.२५.२८५ मा युवा स्वयंसेवकका लागि सामग्री वितरणमा २६० जनाको लागि छुट्टीएको बजेटले वर्तमान महंगीमा कुनै ब्राण्डेड सामग्री किन्न रकम अपुग हुने भएमा यसैसंग मिल्दो खर्च शिर्षक २२५२२ को क.नं. २.७.८.४८ वाट लक्षित सहभागी लाई तालिम प्रदान गरि बाँकी रकमले युवा स्वयं सेवक तालिमका लागि सामग्री किन्न सम्झौता गर्न सक्नेछ।

**११. प्रतिवेदन:**

१) तालिम प्रदायक संस्थाले कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन असार १८ गते भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ।

**१२. लेखा परीक्षण:**

१) यस कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

**१३. अनुगमन तथा मूल्याङ्कन:**

१) स्थानीय तहमा सम्बन्धित अभिभावक, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख सरोकारवालाले चुस्तदुरुस्त राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ। कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ।

**१४. दण्ड सजाय:**

१) छनौट भएको समुहले आफ्नो कार्य स्वयसेवा भाव अनसार नगरेकोमा त्यस्ता समुहलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन।

२) तालिम प्राप्त भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त समुह वा संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

**१५. विविध:** यस कार्यविधि बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

**१६. निर्देशनको पालना:** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।


**१७. कार्यविधि संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार मन्त्रालयले कार्यविधि संसोधन गर्न सक्नेछ

**१८. वाधा अड्काउ फुकाउने :** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची-१**

**संगठन संरचना (अस्थायी दरबन्दी)**

**प्रदेश सरकार**
**युवा तथा खेलकुद मन्त्रालय**
**प्रदेश युवा परिषद्**
**हेटौंडा, बागमती प्रदेश**




**प्रदेश सरकार**
**युवा तथा खेलकुद मन्त्रालय**
**प्रदेश युवा परिषद्**
**हेटौंडा, बागमती प्रदेश**
**शाखा अनुसारको दरबन्दी**

| पद नाम | तह | सेवा समुह | संख्या |
|---|---|---|---|
| कार्यालय प्रमुख | ९/१० | शिक्षा/प्रशासन सेवा | १ |
| अधिकृत | ७/८ | शिक्षा/प्रशासन सेवा | १ |
| सहायक | ४/५ | प्रशासन(लेखा) | १ |
| सहायक | ४/५ | प्रशासन सेवा | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | | १ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | | १ |
| **कुल जम्मा** | - | - | ६ |




चितवनको भण्डारामा युवतीहरुलाई महिला आत्मरक्षा तालिम











चेलिबेटी बेचविखन, महिला हिंसा, जातीय तथा लैंगिक विभेद,
सुशासन सम्बन्धी सचेतना कार्यक्रम - चितवन







नमुना युवा संसद अभ्यास कार्यक्रम




प्रदेश युवा परिषद, बागमती को सहयोग र रिकभरिङ्ग नेपाल बागमती प्रदेश को समन्वयमा
लागुऔषध दुर्व्यसन बिरुद्ध को एक दिने प्रदेश स्तरीय सरोकारवालाहरु संग को अन्तरक्रिया कार्य





प्रदेश युवा परिषद्को आयोजनामा बागमती प्रदेश युवा नीति अन्तिम रुप दिन २ दिने समीक्षा कार्यक्रम।






प्रदेश युवा पहिचान कार्यक्रम अन्तरगत वक्तृत्वकला प्रतियोगितामा
प्रथम प्रवेश तिमल्सेना भक्तपुर







महिला आत्मरक्षा तालिम हेटौंडा





माननीय युवा तथा खेलकुद मन्त्रिलाई प्रदेश युवा परिषद्को कार्यालयमा स्वागत कार्यक्रम





२०७९।०३।०३ गतेका दिन चितवनको माडी नपा मा संचालित ३९० घण्टे पूर्ण रोजगार तालिम पल्म्बरको अनुगमनका क्रममा।







सातौं संविधान दिवसका अवसरमा आयोजित रक्तदान कार्यक्रम











युवा स्वयंमसेवक गठन तथा प्रशिक्षण

आ.व. २०७८/०७९ को **प्रगति प्रतिवेदन** र
गरिएका कार्यहरूको **दस्तावेज**

प्रदेश युवा परिषद्



यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाइ आवश्यक सिप तथा आय मुलक कार्यक्रम सम्बन्धमा छलफल सम्बन्धी २ दिने कार्यक्रम।

"सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन : बागमतीमा युवा सशक्तीकरण"

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
**प्रदेश युवा परिषदको कार्यालय**
हेटौंडा, नेपाल

## प्रदेश युवा परिषद् बागमतीको प्रथम स्थापना दिवसको अवसरमा आयोजित

# शुभकामना/अन्तरक्रिया र रक्तदान कार्यक्रम

**मिति: २०७९/०२/२५**

**स्थान: प्रदेश युवा परिषद्को कार्यालय बागमती प्रदेश, हेटौंडा**

प्रदेश युवा परिसदको कार्यालयमा परिसद्को स्थापना दिवस मनाउने कार्यक्रम